नेपालको संविधानको धारा ५३ बमोजिम तयार गरिएको

# नेपाल सरकारको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७४/७५

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

# विषय–सूची


कार्यकारी सारांश ........ i

परिच्छेद - १ परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ उद्देश्य ........ २

१.३ प्रतिवेदनको सीमा ........ २

१.४ प्रतिवेदन तयारी विधि ........ २

१.५ प्रतिवेदनको संरचना ........ ३

परिच्छेद - २ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरुका कार्यान्वयन अवस्था र उपलब्धि ........ ४

२.१ राज्यका निर्देशक सिद्धान्त ........ ४

२.१.१ राजनीतिक उद्देश्य ........ ४

२.१.२ सामाजिक र साँस्कृतिक उद्देश्य ........ ५

२.१.३ आर्थिक उद्देश्य ........ ५

२.१.४ अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्य ........ ५

२.२ राज्यका नीतिहरू कार्यान्वयनको अवस्था र उपलब्धि ........ ६

२.२.१ राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति ........ ६

२.२.२ राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति ........ ९

२.२.३ सामाजिक र साँस्कृतिक रूपान्तरण सम्बन्धी नीतिगत व्यवस्थाहरू ........ १७

२.२.४. अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति ........ १९

२.२.५. कृषि र भूमिसुधार सम्बन्धी नीति ........ ३१

२.२.६. विकास सम्बन्धी नीति ........ ३६

२.२.७. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति ........ ४५

२.२.८. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति ........ ५८

२.२.९. श्रम तथा रोजगार सम्बन्धी नीति ........ ६७

२.२.१०. सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति ........ ७२

२.२.११. न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति ........ ७८
२.२.१२. पर्यटन सम्बन्धी नीति ........ ८२
२.२.१३. अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति ........ ८४
२.३ राज्यको दायित्व र यसको कार्यान्वयन अवस्था ........ ८६
परिच्छेद-३ सरकारी वित्त व्यवस्था ........ ८७
३.१ राजस्व र अन्य आयको स्थिति ........ ८७
परिच्छेद- ४ उपसंहार ........ ९३
अनुसूची ........ ९४

# कार्यकारी सारांश

- नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत सम्पादन गरिएका कामहरुको वार्षिक प्रतिवेदन नेपाल सरकारले सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने र सम्माननीय राष्ट्रपतिले उक्त प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसदसमक्ष पेश गर्ने व्यवस्था संविधानको धारा ५३ ले गरेको छ। संविधानको यही प्रावधान अनुसार राज्यका निर्देशक सिद्धान्त, नीति एवम् दायित्वहरुको कार्यान्वयनका क्रममा नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ मा गरेका कार्य र हासिल भएका उपलब्धिलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको हो।

- राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सहयोगात्मक सम्बन्ध कायम गर्ने संविधानको मर्म र भावना अनुसार देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरण भइसकेको र सोही अनुरूप नीति, संरचना, कानून एवं कार्यविधिहरुको परिवर्तनको कार्यलाई तीव्रता दिई यसलाई संस्थागत गर्ने दिशामा आर्थिक वर्ष २०७४/७५ मा ऐतिहासिक उपलब्धिहरु हासिल भएका छन्।

- यस अवधिमा नेपाली सेनाबाट राष्ट्रिय सुरक्षालाई केन्द्रमा राखी विभिन्न कार्यहरु सम्पादन भएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा नेपालको अन्य भागमा विमान दुर्घटना भएमा तत्काल उद्धार तथा राहत कार्यका लागि १४ नं. वाहिनी एयरपोर्टमा चौबीसै घण्टा रहने गरी ४५ जनाको उद्धार टोली तैनाथ गरिएको छ। १२ वटा संयुक्त राष्ट्र संघीय शान्ति मिसनहरुमा ५ हजार ३३ जना (१३८ महिलासहित) सहभागी भई विश्वशान्ति स्थापनामा नेपाली सेनाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

- नागरिकको जीउ धन र स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने क्रममा सुरक्षाकर्मीको भौतिक उपस्थिति बढाउनुका साथै प्रविधिगत र व्यवस्थापकीय कुशलता अभिवृद्धि गरी शान्ति सुरक्षा र अमनचैनको अनुभूति दिलाउने गरी सुरक्षा व्यवस्था मिलाइएको छ।

- आर्थिक वर्ष २०७४/७५ मा राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी संविधानले अङ्गीकार गरेका नीति कार्यान्वयनका दिशामा ऐतिहासिक उपलब्धिहरु हासिल भएका छन्। संविधान कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा निर्वाचन सम्पन्न गर्ने महत्त्वपूर्ण अभिभारा यसै आर्थिक वर्षमा सम्पन्न भएको छ। प्रदेश नं. ३, गण्डकी प्रदेश र कर्णाली प्रदेशका २ सय ८३ स्थानीय तहमा २०७४ बैशाख ३१ गते, प्रदेश नं. १, ५ र सुदूरपश्चिम प्रदेशका ३ सय ३४ स्थानीय तहमा २०७४ असार १४ गते निर्वाचन सम्पन्न भई बाँकी रहेका प्रदेश नं. २ अन्तर्गतका १ सय ३६ स्थानीय तहमा २०७४ असोज २ गते निर्वाचन

सम्पन्न भयो। साथै प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन २०७४ मंसिर १० र मंसिर २१ गरी दुई चरणमा सम्पन्न हुनुका साथै संवैधानिक व्यवस्था बमोजिम राष्ट्रिय सभाको समेत निर्वाचन सम्पन्न भई २०७४ फागुन ३ गते वर्तमान सरकारको गठन भएको हो।

- यस आर्थिक वर्षमा नेपाल सरकार, मन्त्रिपरिषद् एवम् मन्त्रिपरिषद्का विभिन्न समितिबाट दूरगामी  महत्त्वका विभिन्न निर्णयहरु भएका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्को बैठक पैंसट्ठीपटक बसी एक हजार चार सय छयत्तर निर्णयहरू भएका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्का विभिन्न समितिहरुमध्ये आर्थिक तथा पूर्वाधार समितिको दुईपटक, विधेयक समितिको नौपटक, सामाजिक समितिको सातपटक र प्रशासन समितिको पाँचपटक बैठक बसी क्रमशः तीन, अठ्ठाइस, दश र पच्चीसवटा निर्णयहरु भएका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्बाट एउटा विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिनुका साथै १० नियमावलीहरू, १ मापदण्ड र १ निर्देशिका स्वीकृत भएका छन्। स्थानीय तहका लागि विभिन्न ३७ वटा नमुना कानून, मापदण्ड तथा कार्यविधिहरु जारी गरी स्थानीय तहमा पठाइएको छ।

- यस आर्थिक वर्षमा नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन गर्न १ सय १० वटा विषयमा संघीय कानून, २२ वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनुपर्ने विषय पहिचान गरी प्राथमिकताका साथ कानून निर्माण प्रक्रियालाई अगाडि बढाइएको छ। साथै, प्रदेश तहमा कानून निर्माण प्रक्रियाको सहजीकरणका लागि १७ वटा नमुना कानूनको मस्यौदा तयार गरी सबै प्रदेशहरुमा पठाइएको छ।

- सरकारका निर्णय र कानूनहरुको बारेमा जनतालाई शीघ्र सुसूचित गराउन नेपाल राजपत्र प्रकाशन भएको २४ घण्टाभित्र वेवसाईटमा राखी सार्वजनिक गर्ने कार्य शुरु गरिएको छ। यो अवधिमा राष्ट्रिय सूचना आयोगमा प्राप्त १ हजार १ सय ७५ पुनरावेदन, उजुरी तथा निवेदनमध्ये १ हजार १ सय ७३ उजुरी फछ्र्यौंट गरिएको छ।

- सामाजिक र साँस्कृतिक रूपान्तरणका लागि गरिएका नीतिगत व्यवस्था अन्तर्गत देशको सामाजिक र साँस्कृतिक विविधतालाई आत्मसात् गरी विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति र साहित्यको संरक्षण र विकास तथा बहुभाषिक नीतिको कार्यान्वयनका लागि गोरखापत्र संस्थानले आर्थिक वर्ष २०७३/७४ सम्म ३२ भाषामा समाचार तथा लेखहरु प्रकाशन गर्दै आएकोमा आर्थिक वर्ष २०७४/७५ मा ७ वटा भाषा थप भई ३९ भाषामा समाचार तथा लेखहरु प्रकाशन गरिएको छ। रेडियो नेपालबाट पनि विभिन्न २१ भाषामा समाचार र १८ भाषामा कार्यक्रम प्रसारण गरिएको छ। भाषाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि देशभरका २ सय ६० वटा एफ.एम. रेडियोहरुबाट सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएका छन्।

- यस अवधिका आर्थिक परिसूचकहरुले अर्थतन्त्रमा सकारात्मक संकेतहरु देखाएका छन्। आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ५.९ प्रतिशत र उत्पादकको मूल्यमा ६.३ प्रतिशत

हासिल भएको छ। मुद्रास्फीति दर ४.२ प्रतिशतमा सीमित रहेको, राजस्व संकलनको कुल लक्ष्य रु. ७ सय ३० अरब ५ करोड रहेकोमा रु. ७ सय ३२ अरब २३ करोड संकलन भई लक्ष्यभन्दा बढी प्रगति हासिल भएको छ।

- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सबै जिल्लामा आन्तरिकीकरण गरिएको छ। नवलपरासीको धौवादीमा रहेको फलाम खानीको परीक्षण र सिमेन्ट उत्पादनका लागि धादिङको महादेवस्थानमा रहेको चुनढुङ्गा खानीको परीक्षण सम्पन्न भएको छ। कञ्चनपुरको दैंजी, बाँकेको नौबस्ता, रूपन्देहीको मोतिपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा औधोगिक क्षेत्र स्थापनाका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।

- आपूर्ति प्रणालीलाई सरल र सुलभ बनाउन यस आर्थिक वर्षमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागबाट ४ हजार ९ सय १५ तथा वाणिज्य कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट ३ हजार ५ सय ९९ वटा व्यावसायिक संस्था वा फर्महरुको बजार अनुगमन सम्पन्न भएको छ। अनुगमनपश्चात् कानून विपरीत कार्य गर्ने ९३ वटा व्यवसायहरु बन्द गरी २ सय ४६ वटाको कारोवार रोक्का गरिएको छ। रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना अन्तर्गत नेपालतर्फ निर्माण गरिने कुल ३६.२८ किलोमिटर मध्ये यस आर्थिक वर्षको अन्तसम्म करिब १६.५ किलोमिटर लम्बाइको पाईपलाइन बिच्छ्याउने कार्य सम्पन्न भएको छ।

- यस अवधिमा कृषि तथा भूमिसुधारको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्। कृषि तथा पशुपन्छी क्षेत्रको रूपान्तरण र विकासका लागि ५८ बुँदे "रूपान्तरणको मार्गचित्र, २०७५" तर्जुमा भई कार्ययोजनासहित कार्यान्वयनमा ल्याइएको छ। किसानहरुलाई रासायनिक मलको अभाव हुन नदिन र यसको वितरणलाई व्यवस्थित बनाउन उच्च प्राथमिकता दिइएको छ। यस अवधिमा कृषि सामग्री कम्पनी लिमिटेड मार्फत युरिया-१ लाख ५३ हजार ९ सय १८ मेट्रिक टन, डि. ए. पी.-८० हजार २ सय ४४ मेट्रिक टन, पोटास-६ हजार मेट्रिक टन र कृषि चुन २ सय ६७ मेट्रिक टन वितरण गरियो भने साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड मार्फत युरिया-८७ हजार ९ सय ७७ मेट्रिक टन, डि. ए. पी.-२८ हजार ३ सय १९ मेट्रिक टन र पोटास-२ हजार १ सय ७७ मेट्रिक टन रासायनिक मल वितरण गरिएको छ। साथै, दूध उत्पादन २० लाख ८५ हजार मेट्रिक टन, मासु उत्पादन ३ लाख ४७ हजार मेट्रिक टन, अण्डा उत्पादन १ सय ४७ करोड गोटा, ५ लाख ७१ हजार ७ सयको सङ्ख्यामा कृत्रिम गर्भाधान र ३ करोड ५९ लाख ४६ हजार पशुपन्छीलाई खोप सेवा उपलब्ध गराइएको छ।

- १ सय १० वटा सहकारी संस्थाको अनुगमन गरी ती संस्थाहरुको कारोबारको सघन परीक्षण सम्पन्न भएको छ। विभिन्न जिल्लाका ८ मालपोत कार्यालयमा जग्गा प्रशासन सम्बन्धी अनलाइन सेवा विस्तार गरी यस प्रकारको सेवा उपलब्ध हुने मालपोत कार्यालयको

संख्या २७ पुऱ्याइएको छ। नेपाल-भारत सीमा क्षेत्रमा संयुक्त फिल्ड कार्य अन्तर्गत ४ सय ३१ वटा नयाँ स्तम्भ निर्माण, १ सय ५० वटा स्तम्भको सामान्य मर्मत, ४ वटा स्तम्भको विशेष मर्मत तथा १६ वटा स्तम्भमा रङ्गरोगन कार्य सम्पन्न भएका छन्।

- यस अवधिमा संविधानमा उल्लिखित विकास सम्बन्धी नीतिमा व्यवस्था भएका विभिन्न क्षेत्रमा पनि महत्त्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्। दिगो विकासको अवधारणालाई मूर्तरूप दिन यस अवधिमा दिगो विकासका लक्ष्यहरुलाई समेटी नेपालको राष्ट्रिय आधारभूत प्रतिवेदन र विश्वव्यापी एवम् राष्ट्रिय सूचकहरु सहितको अनुगमन तथा मूल्याङ्कन खाका प्रकाशन भएको छ।

- पूर्वाधार विकासको क्षेत्रमा पनि यस आर्थिक वर्षमा उल्लेख्य प्रगति भएको छ। जनता आवास कार्यक्रमलाई २७ जिल्लाबाट विस्तार गरी काठमाण्डौ उपत्यकाका ३ जिल्ला बाहेक (काठमाण्डौ, ललितपुर र भक्तपुर) ७४ जिल्लामा पुऱ्याइएको छ। यस अवधिमा क्रमागत एवम् नयाँ गरी ८ हजार ३ सय १३ आवास एकाइको निर्माण सम्पन्न भई हालसम्म जम्मा १७ हजार ३९ आवास एकाइ निर्माण सम्पन्न भएका छन्। तराई मधेशका सदरमुकाममा रहेका नगरपालिकाहरुमा करिव ७० किलोमिटर सडक तथा १ सय २० किलोमिटर नाला, ७ वटा बसपार्क, ४ वटा हाट बजार, ३ वटा मनोरञ्जन पार्क, ३ वटा ताल पोखरीको सुन्दरता अभिवृद्धि गर्ने कार्य सम्पन्न भएका छन्। १ सय ८५ वटा नगरपालिकाको एकीकृत शहरी विकास गुरूयोजना एवम् प्रत्येक नगरपालिकामा दुईवटा मुख्य पूर्वाधारको विस्तृत आयोजना प्रतिवेदन तयारी शुरु गरिएको छ।

- सार्वजनिक यातायातको क्षेत्रमा रहेको सिन्डिकेट प्रणालीलाई अन्त्य गर्न सार्वजनिक यातायात सेवा प्रदायकलाई कम्पनीका रूपमा पञ्जीकृत गरी सडक इजाजत पत्र प्रदान गर्ने व्यवस्था शुरु गरिएको छ। मध्य पहाडी (पुष्पलाल) लोकमार्गको ६३ किलोमिटर कालोपत्रे, १ सय २५ किलोमिटर ग्राभेल र ५० किलोमिटर ट्र्याक निर्माण तथा ६ सय ९३ किलोमिटर सडकको स्तरोन्नति गरिएको छ। हुलाकी राजमार्गको २८ किलोमिटर कालोपत्रे, १ सय ९५ किलोमिटर ग्राभेल र १० वटा पुल निर्माण कार्य सम्पन्न भएका छन्।

- नेपाली सेनाले काठमाण्डौं तराई/मधेस द्रुतमार्ग, जाजरकोट-डोल्पा (दुनै) सडक, कालीगण्डकी कोरिडोर, त्रिशुली-स्याफ्रुवेशी-रसुवागढी (मैलुङ्ग खोला-स्याफ्रुवेशी) सडक, कर्णाली करिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) सडक, गोरखा-आरुघाट-लार्के भञ्ज्याङ्ग सडकको निर्माण कार्यमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। साथै "बङ्करदेखि व्यारेकसम्म" कार्यक्रम अन्तर्गत नेपाली सेनाका २ सय १७ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ।

- स्थानीय पूर्वाधार अन्तर्गत ४ सय ३७ किलोमिटर ग्रामीण सडक स्तरोन्नति/पुनर्स्थापना, ४ सय ४६ किलोमिटर आवधिक सडक मर्मत, ७ हजार ५ सय किलोमिटर नियमित

सडक मर्मत, १ सय १९ वटा ग्रामीण सडक पुल निर्माण, ४० वटा तुइन विस्थापन समेत गर्ने गरी ४ सय ४२ वटा झोलुङ्गे पुल निर्माण, ५ सय ६३ वटा साना सिंचाइ योजना निर्माण, ३ सय ५१ वटा खानेपानी आयोजना निर्माण र ४ सय ५८ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न गरिएका छन्।

- राष्ट्रिय परिचयपत्र प्रणालीमा रहने नेपाली नागरिकका विवरणहरूलाई सुरक्षित रूपमा भण्डारण गर्नका लागि सरकारी एकीकृत डाटा केन्द्र (GIDC) मा प्रणाली स्थापना र राष्ट्रिय परिचयपत्र कार्ड प्रशोधन केन्द्र निर्माण भई राष्ट्रिय परिचयपत्र प्रणालीका लागि आवश्यक पर्ने हार्डवयर तथा सफ्टवेयरहरूको जडान कार्य सम्पन्न भएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट राष्ट्रिय परिचयपत्र कार्डको डिजाइन, सुरक्षा चिन्ह स्वीकृत भई पहिलो चरण अन्तर्गत पाँचथर जिल्लाका एक लाख दश हजार नेपाली नागरिक र सिंहदरबारभित्रका सात हजार राष्ट्रसेवक कर्मचारीहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गर्नका लागि १ लाख १७ हजार कार्डहरूको आपूर्ति गरी कार्ड प्रशोधन केन्द्रमा सुरक्षित भण्डारण गरिएको छ।

- प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति कार्यान्वयन गर्ने सन्दर्भमा काठ, दाउरा र जडीबुटी लगायतका वन पैदावार बिक्री वितरण तथा संरक्षित क्षेत्रको पर्या-पर्यटनबाट रु. २ अरब ४७ करोड १० लाख ५७ हजार ४ सय ८१ राजस्व संकलन भएको छ। भूकम्प पीडितहरुलाई जिल्ला वन कार्यालय, टिम्बर कर्पोरेशन अफ नेपाल र सामुदायिक वनहरु मार्फत ७ लाख २ हजार ६ सय ७५ क्यू. फिट काठ सहुलियत दरमा उपलब्ध गराइएको छ। यस अवधिमा २ सय १७ वटा सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिएको छ भने ७ सय ५३ वटै स्थानीय तहको वन क्षेत्रको नक्शाङ्कन कार्य र चुरे क्षेत्रको वन नक्शाङ्कन कार्य सम्पन्न गरिएको छ।

- यस अवधिमा मेलम्ची खानेपानी आयोजनाको २.४९ किलोमिटर सुरुङ्ग निर्माण सम्पन्न भयो भने पानी प्रशोधन केन्द्र भाग-१ को निर्माण कार्य सम्पन्न भई ट्रान्समिसन तथा कमिशनिङ्ग कार्य सम्पन्न भएको छ। १ सय २६ किलोमिटर वितरण सञ्जाल प्रणालीको पाइप लाइन विस्तार तथा ९.५२५ किलोमिटर थोक वितरण प्रणालीको पाइप लाइन विस्तार गरिएको छ।

- ऊर्जातर्फ यस अवधिमा ३३ के. भी. र ११ के. भी. का गरी कुल २ हजार ५ सय ४२ किलोमिटर वितरण लाइन तथा ६६ के. भी. भन्दा माथिको १ सय ९२ किलोमिटर प्रसारण लाइन निर्माण गरियो भने १ सय २ मेगावाट विद्युत राष्ट्रिय विद्युत प्रणालीमा थप भई प्रतिव्यक्ति विद्युत खपत १ सय ७२ किलोवाट घण्टाबाट १ सय ९८ किलोवाट घण्टा र विद्युतमा पहुँच प्राप्त घरधुरी संख्या ४० लाख ५० हजार पुगेको छ।

- वैकल्पिक ऊर्जातर्फ वायु/सौर्य ऊर्जा मिश्रित प्रणाली मार्फत २५ किलोवाट विद्युतीकरण, कक्षा ९ र १० मा अध्ययनरत विपन्न, दलित, सीमान्तकृत विद्यार्थीका लागि १२ हजार

६ सय घरमा साना घरेलु सौर्य विद्युत प्रणाली वितरण, ५६ हजार ३ सय ६७ सौर्य घरेलु विद्युत प्रणाली जडान, १५ हजार ६ सय २८ वटा घरायसी वायोग्याँस जडान, ९० किलोवाट सौर्य मिनिग्रिड प्रणाली जडान र ७८ वटा  शहरी तथा व्यावसायिक वायोग्याँस प्लान्ट जडान भएका छन्।

- रानीजमरा कुलरिया सिंचाइ आयोजना अन्तर्गत २ वटा डिस्चार्ज रेगुलेटर निर्माण, यस आयोजनाको सिंचाइ क्षेत्र बचावट तथा संरक्षण कार्य अन्तर्गत ५ किलोमिटर तटबन्ध निर्माण सम्पन्न भएको छ। यस आयोजनाको मूल नहर ९५ प्रतिशत, संरचनाहरु ९० प्रतिशत,  हाइड्रोपावर ४५ प्रतिशत, फिडर नहर आधुनिकीकरण शतप्रतिशत सम्पन्न भई सिंचित क्षेत्र बचावट कार्य ७५ प्रतिशत सम्पन्न भएको छ।

- बबई सिंचाइ आयोजनामा पश्चिमी नहरको सानोश्री ताराताल, गुलरिया खण्डमा जग्गा अधिग्रहणका लागि मुआब्जा दररेट निर्धारण भई हालसम्म करिब ७० प्रतिशत मुआब्जा वितरण कार्य सम्पन्न भई निर्माण कार्य अगाडि बढाइएको छ। आयोजनाको हेडवर्क्स, मूल तथा शाखा नहर निर्माण भई २६ हजार हेक्टरमा सिंचाइ सुविधा पुगेको छ ।

- सिक्टा सिंचाइ आयोजनाको हेडवर्क (गेटसहित) निर्माण सम्पन्न, दाँया मूल नहरको ९८ प्रतिशत निर्माण सम्पन्न, पूर्वी मूल नहरको निर्माण कार्य शुरु, सिधेनिया शाखाको ८० प्रतिशत निर्माण सम्पन्न र डुँडुवा शाखाको १० प्रतिशत निर्माण सम्पन्न भएको छ।

- यस आर्थिक वर्षमा भूकम्पपश्चात्को पुनर्निर्माण कार्यमा उल्लेख्य प्रगतिहरु हासिल भएका छन्। १ लाख १६ हजार ३ सय १६ लाभग्राहीको बैंक खातामा पहिलो किस्ता बापतको रु. ५० हजार जम्मा भई कुल ७ लाख २२ हजार १९ लाभग्राहीले पहिलो किस्ता प्राप्त गरेका छन्। ४ लाख ९ हजार ३ सय ३६ लाभग्राहीको बैंक खातामा दोस्रो किस्ता बापतको रु. १ लाख ५० हजार जम्मा भई दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ४ लाख ६४ हजार ३ सय ९१ पुगेको छ। त्यसैगरी, २ लाख १९ हजार ४२ लाभग्राहीको बैंक खातामा तेस्रो किस्ता बापतको रु. १ लाख जम्मा भई तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या २ लाख २१ हजार ७ सय ७६ पुगेको छ।

- नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति कार्यान्वयनका सन्दर्भमा शिक्षातर्फ यस आर्थिक वर्षमा भर्ना अभियानबाट विद्यालयबाहिर रहेका विद्यालय उमेर समूह (५-१२ वर्ष) का २ लाख ५३ हजार ५ सय ५६ बालबालिकाहरु विद्यालय भर्ना भएका छन्। व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)  मार्फत २७ हजार ३ सय जनालाई प्रत्यक्ष रोजगारी सिर्जना भएको छ। सीप विकास परियोजना मार्फत ५० हजार जनाले व्यावसायिक सीप तथा तालिम प्राप्त गरेका छन् भने विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप समेत तयार भएको छ।

- ५६ वटा जिल्लाहरु पूर्ण खोप जिल्लाको रूपमा घोषणा गरिए भने पूर्ण खोप पाउने ५ वर्षमुनिका बालबालिकाको संख्या ३ लाख ९५ हजार ५ सय २३ र भिटामिन ए पाउने ६-५९ महिनाका बालबालिकाको संख्या ३८ लाख ८१ हजार ८ सय ३५ पुगेको छ। ७९ वटा सूचिकृत अस्पतालहरूबाट ८ प्रकारका रोग लागेका २१ हजार ८ सय १६ जना विपन्न नागरिकहरूलाई औषधी उपचारबापत रु. २ अरब ११ करोड ५६ लाख रकम अनुदान उपलब्ध गराइएको छ। यस अवधिमा १ सय ३७ वटा स्वास्थ्य भवन निर्माण र ९ वटा बर्थिङ्ग सेन्टरको स्थापना कार्य सम्पन्न भएका छन्। परिवार नियोजनको अस्थायी साधनको प्रयोगतर्फ पिल्स चक्की खानेको संख्या १ लाख २१ हजार ८ सय ९ जना, डिपो प्रयोग गर्नेको संख्या २ लाख ३८ हजार २ सय ४ जना, आई. यू. सी. डि. प्रयोग गर्नेको संख्या २७ हजार १ सय ४५ जना, इम्प्लान्ट प्रयोग गर्नेको संख्या ८८ हजार १ सय ७१ पुगेको छ।

- यस अवधिमा श्रम तथा रोजगारका क्षेत्रमा विशेषत वैदेशिक रोजगारमा देखिएका समस्याहरुको समाधानका लागि महत्त्वपूर्ण कामहरु सम्पादन भएका छन्। वैदेशिक रोजगार सम्बन्धी २ हजार १ सय २९ उजुरी प्राप्त भएकोमा १ हजार २३ उजुरीहरु फरफारक गरिएका छन्। कानून विपरीत काम गर्ने १ सय ९७ म्यानपावर कम्पनी खारेज गरिएको छ। वैदेशिक रोजगारीका क्रममा ठगी गरेको वा ठगीमा परेको भन्दै आएका उजुरी छानबीन गरी २ सय ३४ वटा मुद्दा दायर गरेर रु. १ अरब ५२ करोड क्षतिपूर्ति दाबी तथा रु. २० करोड बिगो असुल गरिएको छ। सहज तथा सुलभ सेवा प्रदान गर्न र वैदेशिक रोजगारीमा देखिएको ठगी न्यूनीकरण गर्न एकीकृत वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सुरुवात गरिएको छ। यस प्रणालीमा वैदेशिक रोजगारको केन्द्रीय प्रणालीमा अध्यागमन विभाग, राहदानी विभाग, कन्सुलर सेवा विभाग, कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार विभाग, बैंक र बीमा कम्पनीका सर्भरहरू अन्तरआबद्ध गरिएका छन्। यस अवधिमा वैदेशिक रोजगारीमा जानेक्रममा मृत्यु भएका १ सय ३८ जना कामदारको शव झिकाइएको र विदेशमा अलपत्र परेका ६६ जना कामदारको उद्धार गरिएको छ।

- सामाजिक न्याय र समावेशीकरण नीति अन्तर्गत ७ सय ८५ जना मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुलाई आवासीय सेवासहित कानूनी सहायता, मनोसामाजिक परामर्श र स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। १ हजार २ सय ७५ महिलाहरुलाई स्वरोजगार तथा उद्यमशीलता विकास सम्बन्धी तालिम दिइएको छ। हराएका र बेवारिसे अवस्थामा फेलापरेका, साथै जोखिममा रहेका बालक ९ सय ५९ र बालिका १ हजार १ सय २२ जनाको खोजी, उद्धार, पारिवारिक पुनर्मिलन गराइएको छ। विभिन्न प्रकारका अपाङ्गता भएका २ हजार १ सय ९४ व्यक्तिहरुलाई आवश्यक हुने सहायक सामग्री वितरण गरिएको छ। ज्येष्ठ नागरिकसँग सम्बन्धित १ सय २२ वटा संघसंस्थाहरु मार्फत ज्येष्ठ नागरिक आश्रम निर्माणमा रु. ६ करोड ७६ लाख र सञ्चालनका लागि रु. ४ करोड ६५ लाख आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

- विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा स्वर्ण र रजत पदक प्राप्त गर्ने ३५ खेलका ४ सय ४ जना खेलाडीहरुलाई प्रोत्साहनस्वरूप नगद पुरस्कार प्रदान गरिएको छ। १७ खेलका ३ सय ३५ जना खेलाडी र ६७ जना प्रशिक्षकहरुलाई राष्ट्रिय टिममा समावेश गरी प्रशिक्षण प्रदान गरिएको छ। २४ लाख ९८ हजार ५ सय ३२ जनालाई सामाजिक सुरक्षा भत्ता र ११ लाख १२ हजार ५७ जना ज्येष्ठ (७० वर्ष माथिका) नागरिकलाई उपचार खर्च वितरण भएको छ। यस अवधिमा १ हजार ५ सय परिवार मुक्त कमैया र ४ हजार परिवार मुक्त हलिया पुनर्स्थापन कार्य सम्पन्न गरी हालसम्म २७ हजार २ सय ३६ परिवार मुक्त कमैया र ७ हजार २ सय २८ परिवार मुक्त हलियाको पुनर्स्थापना कार्य सम्पन्न गरिएको छ।

- यस अवधिमा न्याय र दण्ड व्यवस्थालाई प्रभावकारी बनाउन विभिन्न प्रयासहरू गरिएका छन्। नयाँ मुलुकी अपराध संहिता कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमा अभियोजन सहायता कक्षको स्थापना गरिएको छ। सरकारवादी फौजदारी मुद्दामा संलग्न रहने पीडित महिला तथा बालबालिकाहरूको हक हित संरक्षण गर्न र न्यायमा सहज पहुँच कायम गर्नका लागि छुट्टै महिला तथा बालबालिका एकाइको स्थापना गरिएको छ।

- राष्ट्रिय सतर्कता केन्द्रमा प्राप्त भएका ८ सय ८६ वटा उजुरीहरु छानविन गरी फछ्र्यौट गरिएका छन् भने विभिन्न ५५ जिल्लाका जम्मा १ हजार १ सय ४० कार्यालयका कर्मचारीहरुले कार्यालय समय पालना गरे/नगरेको, तोकिएको पोशाक लगाए/नलगाएको सम्बन्धमा अनुगमन गर्दा अनुपस्थित हुने एवम् पोशाक नलगाउने कर्मचारीहरुलाई सम्बन्धित सेवा समूह सम्बन्धी कानून बमोजिम कारवाही गरी सोको जानकारी दिन ३ सय ६२ कार्यालयलाई निर्देशन दिइएको छ। त्यसैगरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सार्वजनिक खरिद ऐन तथा नियमावली सम्बन्धी कागजात र निर्देशनका सम्बन्धमा विभिन्न कार्यालयहरुलाई १ सय ७ वटा राय परामर्श प्रदान गरिएको छ।

- यस अवधिमा पर्यटन प्रवर्द्धनका क्षेत्रमा पनि उल्लेख्य उपलब्धि हासिल भएका छन्। विगतमा नेपाललाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले हवाइ सुरक्षा सूची (Air Safety List) मा सूचिकृत गरेकोमा हवाइ सुरक्षा स्तर वृद्धि भएका कारणले सो सूचीबाट नेपाल हट्न सफल भएको छ। नेपाललाई ICAO Council President Certificate समेत प्राप्त भएको छ भने नेपाल-भारत पर्यटन प्रवर्द्धन सम्बन्धी संयुक्त कार्यसमूहको बैठकमा दुबै देशमा संयुक्त रूपमा रामायण सर्किट, बुद्धिष्ट सर्किट र साहसिक पर्यटन प्रर्वद्धन तथा बजारीकरण गर्ने सहमति भएको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यमा तीव्रता दिई आर्थिक वर्ष २०७४/७५ को अन्त्यमा यसको भौतिक प्रगति ४५ प्रतिशत हासिल हुनुका साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण तोकिएको समय (सन् २०२१) भन्दा अघि नै सम्पन्न गर्ने गरी काममा तीव्रता दिइएबाट आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्म यसको १५ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

- यस अवधिमा कूटनीतिक क्षेत्रमा पनि महत्त्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्। सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीबाट २७-३० कार्तिक, २०७४ मा संयुक्त अरब इमिरेट्सको औपचारिक भ्रमण, प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट २३-२५ चैत्र, २०७४ मा भारत र ५-१० असार, २०७५ मा चीनको राजकीय भ्रमण, तत्कालीन प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट ७-११ भाद्र, २०७४ मा भारतको राजकीय भ्रमण, ९-१२ असोज, २०७४ मा ओमानको औपचारिक भ्रमण तथा ७ असोज, २०७४ मा संयुक्त राष्ट्र संघको महासभालाई सम्बोधन, भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीबाट २८-२९ बैशाख, २०७५ मा नेपालको राजकीय भ्रमण, पाकिस्तानका महामहिम प्रधानमन्त्री श्री साहिद खाकान अब्बासीबाट २१-२२ फाल्गुण, २०७४ मा नेपालको औपचारिक भ्रमण सम्पन्न भएको छ।

- यस अवधिमा थप १७ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापित भएको छ। नेपाल संयुक्त राष्ट्र संघीय मञ्चहरुमध्ये सन् २०१८ का लागि द कमिटी अन् कन्फरेन्सेस्को अध्यक्षमा, सन् २०१९ देखि २०२१ सम्मका लागि, द युनाइटेड् नेसन्स् एन्टिटी फर् जेन्डर् ईक्वालिटी एण्ड् ईम्पावरमेन्ट् अफ् विमन् (UN-Women) को कार्यकारी बोर्डको सदस्यमा तथा सन् २०१९ देखि २०२२ सम्मका लागि द कमिशन् अन् साइन्स् एण्ड् टेक्नोलोजी फर् डेभलपमेन्ट् (CSTD) को सदस्यमा निर्वाचित भएको छ। राहदानी वितरणका लागि डिजिटल वितरण प्रणाली लागु गरी जिल्ला प्रशासन कार्यालय/सङ्कलन केन्द्रहरुमा राहदानी विभागबाट व्यवस्थित रूपमा राहदानी पठाउने अभिप्रायले विभागमा डिजिटल डिस्प्याच प्रणाली लागु गरिएको छ।

# परिच्छेद — १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा रहेका छन्। संविधानमा उल्लिखित सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोतसाधन परिचालन गर्ने गराउने कर्तव्य राज्यको रहेको छ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उल्लिखित विषयहरुको कार्यान्वयनलाई लिएर कुनै अदालतमा प्रश्न उठाउन नमिल्ने व्यवस्था गरिएको भए पनि संविधानमा उल्लिखित उक्त प्रावधानले एकातर्फ सरकारलाई नीतिगत स्पष्टतासहित कार्यका आधारहरु तयार गरिदिएको छ भने अर्कातर्फ संविधानमा उल्लिखित नीति तथा अन्य व्यवस्था कार्यान्वयन भए नभएको विषय सरकार भित्रबाट एवम् सरकार बाहिरबाट पनि मूल्याङ्कन गर्न सकिने विषय बन्ने गरेको छ। यी निर्देशक सिद्धान्त, नीति एवम् दायित्व अन्तर्गत रहेर नेपाल सरकारले सम्पादन गरेका कामहरु सार्वभौमसत्ता सम्पन्न जनताले मूल्याङ्कन गर्न पाउनु पर्दछ भन्ने मान्यताका आधारमा यस अन्तर्गत् भए गरेका कामहरुको वार्षिक प्रतिवेदन नेपाल सरकारले सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने र सम्माननीय राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसदसमक्ष पेश गर्ने व्यवस्था संविधानको धारा ५३ ले गरेको छ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरु शासन व्यवस्थाका लागि मौलिक हक जत्तिकै महत्त्वपूर्ण हुन्छन्। पछिल्लो आयामको विधिशास्त्रीय मान्यता अनुसार राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वले मौलिक हकलाई समेत निर्देशित गर्नुपर्ने हुन्छ। यिनीहरुको कार्यान्वयन भए नभएको विषयमा न्यायिक उपचार मार्फत यसको निदान निकाल्न सकिँदैन तर राज्यले आफ्ना कानून, नीति, कार्यनीति, कार्ययोजना र कार्यक्रम तय गर्दा निर्देशक सिद्धान्तमैत्री हुने गरी अर्थात् ती सिद्धान्त विपरीत नहुने गरी तय गर्नुपर्ने हुन्छ। संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयनका लागि संविधानले नै उपचारको व्यवस्था गरेको भए पनि अधिकांश मौलिक हकहरुको वास्तविक उपभोगको सुनिश्चितता ती निर्देशक सिद्धान्त तथा नीतिहरुको कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। तसर्थ, निर्देशक सिद्धान्त नीति एवम् दायित्वहरुको वास्तविक कार्यान्वयन मौलिक हकसँग अन्तरसम्बन्धित रहेको हुन्छ। प्रस्तुत सैद्धान्तिक धरातलबाट हेर्दा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरु राज्यका प्राण हुन् भन्नु अत्युक्ति हुने छैन। यसै मूलमर्मलाई हृदयङ्गम गर्दै नेपाल सरकार उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्दै यी निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई कार्यान्वयन गर्न भरमग्दुर प्रयत्नरत छ।

निर्देशक सिद्धान्त तथा नीतिहरुको कार्यान्वयनबाट नागरिकहरुको जीवनमा आर्थिक समृद्धिसहितको सामाजिक न्याय सुनिश्चित भई समतामूलक समाज निर्माण हुने अपेक्षा गरिएको छ। राज्यले तर्जुमा गर्ने कानून, नीति, योजना तथा कार्यक्रमहरुमा उल्लिखित निर्देशक सिद्धान्त र नीतिहरु कार्यान्वयनको सुनिश्चितता हुने गरी तय गर्ने पद्धति रहेको छ। एकैपटक निर्देशक सिद्धान्त तथा नीतिहरुको पूर्ण कार्यान्वयन सम्भव नभए पनि

राज्यले आफ्नो स्रोत र साधनले भ्याएसम्म निश्चित मानक र सूचकांक निर्धारण गर्दै सकारात्मक उपायहरुको अवलम्बनद्वारा क्रमशः पूरा गर्दै जानुपर्दछ भन्ने मान्यता रहेको छ। यसै अनुरूप नेपाल सरकारले वार्षिक तथा आवधिक योजना, नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

संविधानमा रहेको यही प्रावधान अनुसार राज्यका निर्देशक सिद्धान्त, नीति एवम् दायित्वहरुको कार्यान्वयनका क्रममा नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ मा गरेका कार्य र त्यसबाट हासिल भएका उपलब्धिलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। नेपालको संविधान जारी भएपछि तयार गरिएको यो तेस्रो प्रतिवेदन हो।

## १.२ उद्देश्य

नेपालको संविधानको धारा ५३ मा व्यवस्था भए बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका क्रममा नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ मा सञ्चालन गरेका कार्यक्रमहरु, ती कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धि, ती कार्यक्रमले सम्बोधन गरेका नीतिहरू र संविधानले किटान गरेका नीति कार्यान्वयनतर्फ सरकारले गरेका नीतिगत, संस्थागत, कानूनी एवम् कार्यक्रमगत व्यवस्थाका सम्बन्धमा सम्माननीय राष्ट्रपति मार्फत संघीय संसद्समक्ष यथार्थ वस्तुस्थिति अवगत गराई जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको हो।

## १.३ प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा नेपाल सरकारका तर्फबाट आर्थिक वर्ष २०७४/७५ मा सम्पादन गरिएका नीतिगत, कानूनी, संस्थागत, योजनागत एवम् कार्यक्रमगत नीति उपलब्धिका विषयहरु मात्र समेटिएका छन्। न्यायपालिका र व्यवस्थापिकाबाट सम्पादित कार्यहरु तत् तत् निकायबाट नै प्रतिवेदन प्रस्तुत हुने व्यवस्था भएकाले यस प्रतिवेदनमा समावेश गरिएका छैनन्। साथै, संविधान बमोजिम गठित विभिन्न संवैधानिक निकायहरूबाट सम्पादित कार्यहरूका सम्बन्धमा संविधानको धारा २९४ बमोजिम छुट्टाछुट्टै प्रतिवेदन पेश हुने संवैधानिक व्यवस्था भएको हुनाले ती निकायहरूबाट सम्पादित कार्य र उपलब्धि सम्बन्धी विवरण पनि यस प्रतिवेदनमा समावेश गरिएको छैन।

## १.४ प्रतिवेदन तयारी विधि

यस प्रतिवेदनको मस्यौदा तयार गर्ने क्रममा सबै मन्त्रालय र केन्द्रीय निकायहरुलाई आर्थिक वर्ष २०७४/७५ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र तिनबाट प्राप्त उपलब्धि सहितको विवरण पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्राचार गरिएको र सोही अनुसार सबै मन्त्रालय र केन्द्रीय निकायहरुबाट प्राप्त प्रगति विवरणलाई नेपालको

संविधानमा व्यवस्था भए अनुरूप राज्यका नीतिहरु अनुसार वर्गीकरण गरी एकीकृत रूपमा यो प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनलाई अन्तिम रूप दिने क्रममा यस कार्यालयमा कार्यदल गठन गरी सो मार्फत तयार भएको मस्यौदाउपर उच्च तहमा समेत विभिन्न चरणमा छलफल भई यस प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ।

## १.५ प्रतिवेदनको संरचना

यस प्रतिवेदनमा चार परिच्छेदहरू रहेका छन्। परिच्छेद एकमा प्रतिवेदनको पृष्ठभूमि, उद्देश्य, प्रतिवेदनको सीमा र प्रतिवेदन तयारी विधि उल्लेख गरिएका छन्। परिच्छेद दुईमा राज्यले अङ्गीकार गरेका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका लागि नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ मा गरेका क्रियाकलापहरू एवम् उपलब्धिहरु प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा वित्त व्यवस्था अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारले संकलन गरेको कुल राजस्व, वैदेशिक ऋण एवम् अनुदानबाट प्राप्त रकम एवम् विभिन्न क्षेत्रमा भएको खर्च विवरण प्रस्तुत गरिएको छ। परिच्छेद चारमा उपसंहार समावेश गरिएको छ। साथै, नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका महत्त्वपूर्ण निर्णयहरुको विवरण अनुसूचीमा समावेश गरिएको छ।

# परिच्छेद — २

# राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरुको कार्यान्वयन अवस्था र उपलब्धि

## २.१ राज्यका निर्देशक सिद्धान्त

नेपालको संविधानको धारा ५० मा शासन सञ्चालनका चार निर्देशक सिद्धान्तहरू उल्लेख गरिएका छन्। ती सिद्धान्तहरूले मुलुकको राजनीतिक प्रणाली, सामाजिक र साँस्कृतिक पक्षको प्रवर्द्धन, आर्थिक विकास र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना जस्ता अति महत्त्वपूर्ण पक्षहरूलाई कानूनी शासनको मर्मअनुरूप सञ्चालन गर्न निर्देशित गरेका छन्। यी निर्देशक सिद्धान्तहरूमा मुलुकको विकासका प्राथमिकताहरू, शासन सञ्चालनका क्रियाकलापहरू बारे अवलम्बन गरिनुपर्ने सामान्य सिद्धान्तहरूको विषयमा पनि स्पष्ट व्यवस्था गरिएको छ। राज्य सञ्चालन विधिसम्मत र सामाजिक न्यायका सिद्धान्तमा आधारित बनाउने हेतुले संविधानले निर्देश गरेका निर्देशक सिद्धान्त, नीति र दायित्वहरूलाई ध्यानमा राखी शासकीय क्रियाकलाप सञ्चालन गर्नुपर्ने संवैधानिक प्रावधान छ।

नेपालको संविधानले व्यवस्था गरे बमोजिम संविधानमा उल्लिखित निर्देशक सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्।

### २.१.१ राजनीतिक उद्देश्य

संविधानको धारा ५०(१) मा राज्यको राजनीतिक उद्देश्य अन्तर्गत निम्नलिखित सिद्धान्तहरूलाई अनुसरण गरिएको छ।

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको सर्वोपरिता,
२. नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण,
३. कानुनको शासन, विधिको शासन,
४. मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता,
५. लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता, सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना,
६. परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाईहरुबीच सम्बन्ध र सञ्चालन,
७. स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्था,
८. समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने व्यवस्था,
९. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको सुदृढीकरण।

### २.१.२सामाजिक र साँस्कृतिक उद्देश्य

संविधानको धारा ५० (२) मा सामाजिक र साँस्कृतिक उद्देश्य अन्तर्गत निम्न सिद्धान्तहरूलाई अनुसरण गरिएको छ।

१. धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण,
२. राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशिलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरूको विकास,
३. साँस्कृतिक विविधताको सम्मान,
४. सामाजिक सद्भाव, ऐक्यबद्धता र सामन्जस्य,
५. सुदृढ राष्ट्रिय एकता।

### २.१.३आर्थिक उद्देश्य

संविधानको धारा ५०(३) मा आर्थिक उद्देश्य अन्तर्गत निम्नलिखित सिद्धान्तहरूलाई अनुसरण गरिएको छ।

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास,
२. उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन मार्फत तीव्र आर्थिक वृद्धि,
३. दिगो आर्थिक विकास,
४. प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण मार्फत आर्थिक असमानताको अन्त्य गरी शोषणरहित समाजको निर्माण,
५. राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास।

### २.१.४अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्य

संविधानको धारा ५० (४) मा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्य अन्तर्गत निम्नलिखित सिद्धान्तहरूलाई अनुसरण गरिएको छ।

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा,
२. सार्वभौमिक समानतामा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध,
३. विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि।

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट एवम् राष्ट्रिय योजना आयोगबाट आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गर्दा राज्यका निर्देशक सिद्धान्त एवम् नीतिहरूको अनुशरण गर्ने गरिएको छ। कानून निर्माण एवम् संशोधन र नीति/रणनीति निर्माण तथा परिमार्जन गर्दा पनि यी सिद्धान्तहरू अवलम्बन गर्ने गरिएको छ। यी सिद्धान्तहरूलाई मार्गदर्शनका रूपमा अनुशरण गर्ने र नीति कार्यान्वयनबाट हासिल हुने उपलब्धिको आधारमा राज्यको कार्यकुशलता मापन गरिने भएकाले राज्यका निर्देशक सिद्धान्तहरुको

कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिहरुको विवरण छुट्टै उल्लेख नगरी यस प्रतिवेदनको खण्ड २.२ मा समग्रमा उल्लेख गरिएको छ।

## २.२ राज्यका नीतिहरू कार्यान्वयनको अवस्था र उपलब्धि

संविधानको धारा ५१ को खण्ड (क) देखि (ड) सम्मका विभिन्न १३ शीर्षकहरूमा राज्यका नीतिहरूको उल्लेख गरिएको छ। ती नीतिहरु एवम् राज्यका निर्देशक सिद्धान्त तथा दायित्वहरुको कार्यान्वयनको अवस्थालाई समग्रमा यस खण्डमा उल्लेख गरिएको छ।

### २.२.१राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (क) ले राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षाका सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,
२. विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,
३. राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,
४. सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,
५. राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,
६. राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,
७. पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने।

**ख. राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिहरुको कार्यान्वयनबाट प्राप्त प्रमुख उपलब्धिहरुः**

- देहाय बमोजिमका नीति, ऐन एवम् नियमहरु तर्जुमा एवम् परिमार्जन गरिएकोः
  - राष्ट्रिय प्रतिरक्षा नीतिको प्रारम्भिक मस्यौदा तयार भएको,
  - अध्यागमन नीति र अध्यागमन कार्यविधि मस्यौदा तयार गरिएको,
  - आन्तरिक सुरक्षा तथा व्यवस्था सम्बन्धी विधेयक, नेपाल प्रहरी विधेयक, नेपाल नागरिकता विधेयक, यातना सम्बन्धी विधेयकको मस्यौदा तयार गरिएको,
  - सैनिक सेवा पहिलो संशोधन नियमावली, २०७५, सैनिक प्राड सेवा नियमावली, २०७४, सैनिक हवाई नियमावली, २०७४, सैनिक विविध सेवा नियमावली, २०७४ जारी भएको,
  - विदेशी नागरिक अनुगमन निर्देशिका स्वीकृत भई कार्यान्वयनमा रहेको।

- नेपाली सेनाको तर्फवाट १२ वटा संयुक्त राष्ट्र संघीय शान्ति मिसनहरुमा ५ हजार ३३ (१ सय ३८ महिलासहित) सैनिकहरु सहभागी भएका।
- राष्ट्रिय सेवादलबाट विभिन्न जिल्लाका ६ हजार १२ छात्र-छात्राहरुलाई तालिम प्रदान गरिएको।
- नेपाली सेना र चिनीयाँ सेनाबीच सैनिक सहायता आदानप्रदान सम्बन्धी प्रोटोकलमा हस्ताक्षर सम्पन्न भएको।
- "बङ्करदेखि ब्यारेकसम्म" कार्यक्रम अन्तर्गत २ सय १७ वटा भवन निर्माण कार्य सम्पन्न भएको।
- नेपाली सेना र अमेरिकी सेनाको संयुक्त तत्त्वाधानमा मिति २०७५/०१/३१ देखि २०७५/०३/०८ गतेसम्म नेपालका विभिन्न स्थानमा Training Teams of Balance Nail 18-2 तालिम सञ्चालन गरिएको,
- भारतको पिथौरागढमा करिब ३०० जना नेपाली सेना र भारतीय सेना सहभागी भई मिति २०७५/०२/१६ देखि २९ गतेसम्म Indo-Nepal Battalion Level Combined Exercise Ex-Surya Kiran 'XII' तालिम सञ्चालन गरिएको।
- नेपाली सेनाको क्षमता अभिवृद्धितर्फ निम्न कार्यहरु गरिएको :
    - नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि अन्तर्गत रु. ५७ करोड बराबरको विपद् व्यवस्थापनसँग सम्बन्धित सामग्री, सवारी साधन र मेडिकल उपकरणहरु खरिद गरिएको,
    - विपद् व्यवस्थापन सम्बन्धी तालिम व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले काठमाण्डौंको गोकर्णमा विपद् व्यवस्थापन तालिम शिक्षालय स्थापना गरिएको,
    - विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने प्रयोजनका लागि मिडियम हेलिकप्टर-१ र लाइट हेलिकप्टर-२ गरी जम्मा ३ वटा हवाई साधनहरुको खरिद सम्झौता सम्पन्न भई प्राप्त हुने क्रममा रहेको,
    - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर तथा नेपालको अन्य भागमा विमान दुर्घटना भएमा तत्काल उद्धार तथा राहत कार्यका लागि नं. १४ वाहिनी हाता (एयरपोर्ट) मा चौबीसै घण्टा रहने गरी २०७५ वैशाखबाट ४५ जनाको उद्धार टोली तैनाथ गरिएको,
    - नेपाली सेनामा रहेका ७.६२ मी. मी. एस. एल. आर. तथा ९ मी. मी. एस. एम. जी. जस्ता पूराना हातहतियारहरुलाई प्रतिस्थापन गर्दै आधुनिक हातहतियारले सुसज्जित गर्न क्रमिकरूपले पदिक युनिटहरुको दरबन्दी अनुसार नपुग मद्दती हतियारहरु (लाइट/मिडियम/हेभी) र एन्टी ट्याङ्क क्रमिक रूपमा खरिद गर्दै उक्त हतियारहरुका लागि आवश्यक एम्युनिशनको समेत व्यवस्था गर्ने कार्य भइरहेको। साथै M16/M4 Rifle, Pistol तथा अन्य गरी जम्मा ६ हजार ४ सय ९२ नाल हतियारहरु खरिद प्रक्रिया अगाडि बढेको,
    - गोलीगठ्ठा, सैनिक तथा विकास निर्माण प्रयोजनका लागि आवश्यक विस्फोटक पदार्थ, कम्ब्याट सपोर्ट युनिटलाई आवश्यक मोर्टार/आर्टिलरी सेल लगायत सैनिक सरसामानहरु (कपडा, कम्ब्याट, बुट आदि) स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजना अनुरूप ७.६२ मी. मी. बुलेट ट्रान्सफर प्रेस मेसिन खरिद गरिएको। डबल बेस प्रोपेलेन्ट प्लान्टको खरिद प्रक्रिया शुरु भएको। ८१ मी. मी. मोर्टार तथा १ सय २० मी. मी. मोर्टार सेल उत्पादन कार्य पुनः सुचारु भएको।
- नेपाल प्रहरीले राजमार्गमा हुने अपराध हटाउन सुरक्षा कारवाहीको कार्यविधि (SOP) तयार गरी ७७ वटै जिल्लामा कार्यान्वयनमा ल्याइएको।
- राजमार्गहरुमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालबाट Quick Response Team - QRT र Immediate Response Team - IRT परिचालन भएको।

- शान्ति सुरक्षाको निरन्तर र वैज्ञानिक निगरानीका लागि CCTV प्रविधि सबै महानगरीय प्रहरी कार्यालय, रानीपोखरी मातहत फर्पिङ, जगाती, तिनपिप्ले तथा नागढुंगा लगायतका नाकाहरु समेतमा गरी जम्मा ४ सय १६ थान र १५ वटा कारागारमा जडान सम्पन्न भई सञ्चालनमा रहेका।
- सीमा सुरक्षा, राजस्व चुहावट नियन्त्रण तथा सीमापार अपराध नियन्त्रणका लागि हाल ८७ वटा बोर्डर आउट पोष्ट सञ्चालनमा रहेको र करिब २० किलोमिटर दूरीको फरकमा सुरक्षाकर्मीको उपस्थिति रहेको।
- ७ सय ५३ वटै स्थानीय तहको केन्द्रमा नेपाल प्रहरीको एकाइ स्थापना गरिएको।
- नेपाल प्रहरीद्वारा सञ्चालित हाम्रो एक दिन कार्यक्रम अन्तर्गत प्रतिदिन औषतमा निम्नानुसारको जनशक्ति परिचालन भएको :
  - सवारी गस्ती अन्तर्गत ४ हजार ४ सय ३ जनाले २१ हजार २ सय किलोमिटर गस्ती गरेका,
  - ३ हजार ४२ जनाले ६ सय २ स्थानमा चेकिङ्ग गरेका,
  - ६ हजार ४ सय ३ जनाले १ हजार १ सय ९१ किलोमिटरमा पिकेट ड्यूटी गरेका,
  - ७ हजार ३ सय ५० जनाले ३३ हजार ७५ किलोमिटर पैदल गस्ती गरेका,
  - कार्यक्रम तथा निवास सुरक्षाका लागि १ हजार २ सय ५७ सुरक्षाकर्मी खटाइएका,
  - महत्त्वपूर्ण व्यक्तिको सुरक्षाको लागि १ सय ७९ जना पि. एस. ओ. र ५ सय ६३ जना स्कर्टिङ्गतर्फ खटाइएका,
  - महत्त्वपूर्ण प्रतिष्ठानको सुरक्षामा २ हजार ३ सय ४४ जना परिचालन गरिएका।

**नेपाल प्रहरीको हाम्रो एक दिन कार्यक्रममा प्रतिदिन औषतमा भएको जनशक्ति परिचालन**

- ✓ सवारी गस्ती अन्तर्गत ४ हजार ४ सय ३ जनाले २१ हजार २ सय कि.मी. गस्ती गरेको,
- ✓ ३ हजार ४२ जनाले ६ सय २ स्थानमा चेकिङ्ग गरेको,
- ✓ ६ हजार ४ सय ३ जनाले १ हजार १ सय ९१ कि. मी. मा पिकेट ड्युटी गरेको,
- ✓ ७ हजार ३ सय ५० जनाले ३३ हजार ७५ कि. मी. पैदल गस्ती गरेको,
- ✓ कार्यक्रम तथा निवास सुरक्षाका लागि १ हजार २ सय ५७ सुरक्षाकर्मी खटाइएको,
- ✓ महत्वपूर्ण व्यक्तिको सुरक्षाका लागि १ सय ७९ जना पि.एस.ओ. र ५ सय ६३ जना स्कर्टिङ्गतर्फ खटाइएको,

## २.२.२ राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति


**क. नेपालको संविधानको धारा ५१ (ख) ले राजनीतिक तथा शासन व्यवस्था सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,
२. मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने,
३. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरूको कार्यान्वयन गर्ने,
४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,
५. आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,
६. संघीय इकाइबीच जिम्मेवारी, स्रोतसाधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने।

**ख. राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिहरुको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू**

- संविधान कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा निर्वाचन सम्पन्न गर्ने अभिभारा पूर्णरूपले यसै आर्थिक वर्षमा सम्पन्न भएको। प्रदेश नं. ३, गण्डकी प्रदेश र कर्णाली प्रदेशका २ सय ८३ स्थानीय तहमा २०७४ बैशाख ३१ गते, प्रदेश नं. १, ५ र सुदूर पश्चिम प्रदेशका ३ सय ३४ स्थानीय तहमा २०७४ असार १४ गते निर्वाचन सम्पन्न भई बाँकी रहेका प्रदेश नं. २ अन्तर्गतका १ सय ३६ स्थानीय तहमा २०७४ असोज २ गते निर्वाचन सम्पन्न भएको।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन २०७४ मंसिर १० र मंसिर २१ गरी दुई चरणमा सम्पन्न हुनुका साथै संवैधानिक व्यवस्था बमोजिम राष्ट्रिय सभाको समेत निर्वाचन सम्पन्न भएको। तत्पश्चात् २०७४ फागुन ३ गते वर्तमान सरकारको गठन भएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को पैंसठ्ठीपटक बैठक बसी एक हजार चार सय छयत्तर निर्णयहरू गरिएको। नेपाल सरकार, मन्त्रिपरिषद्का विभिन्न समितिहरुमध्ये विधेयक समितिको नौपटक, सामाजिक समितिको सातपटक, प्रशासन समितिको पाँचपटक र आर्थिक तथा पूर्वाधार समितिको दुईपटक बैठक बसी क्रमशः अठ्ठाईस, दश, पच्चीस र तीन वटा निर्णयहरु भएका।
- मन्त्रिपरिषद् समितिबाट एक विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिइएको, दश नियमावलीहरू, एक मापदण्ड र एक निर्देशिका स्वीकृत गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका २ सय ५४ वटा निर्णयहरुको कार्यान्वयन अवस्थाको अनुगमन गरिएको।

- नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा सातपटक सचिव बैठक बसी सार्वजनिक महत्त्वका ३४ वटा निर्णयहरू भएका। सचिव बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्थाका सम्बन्धमा नियमित समीक्षा हुने व्यवस्था मिलाइएको।
- नेपालको संविधान कार्यान्वयन गर्न १ सय १० वटा विषयमा संघीय कानून, २२ वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनुपर्ने विषय पहिचान गरिएको र पहिचान भएका विषयहरुलाई प्राथमिकताक्रम निर्धारण गरी सो बमोजिम अगाडि बढाई कानून निर्माणको प्रक्रियालाई निरन्तरता दिइएको।




**कानून तर्जुमा सम्बन्धमा भएका कार्यहरू**

- ✓ सैद्धान्तिक स्वीकृतिका लागि सहमति संख्या : १४
- ✓ नयाँ विधेयक तर्जुमाका लागि सहमति संख्या : ७
- ✓ संशोधन विधेयक तर्जुमा संख्या : ४
- ✓ नयाँ नियमको तर्जुमा संख्या : ४
- ✓ नियम संशोधनको तर्जुमा संख्या : ९
- ✓ गठन आदेशको तर्जुमा संख्या : ५
- ✓ निर्देशिका तर्जुमा सहमति संख्या : ४

- सैद्धान्तिक स्वीकृतिका लागि १४ वटा विधेयकमा सहमति, ७ वटा नयाँ विधेयक तर्जुमा सहमति र ४ वटा संशोधन विधेयक तर्जुमा सहमति दिइएको।
- नयाँ नियमको तर्जुमा ४ वटा, नियम संशोधनको तर्जुमा ९ वटा, गठन आदेशको तर्जुमा ५ वटा र निर्देशिका तर्जुमा ४ वटामा सहमति दिइएको।
- जारी भएका ऐन, नियम एवम् कार्यविधिहरु:
    - स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
    - कर्मचारी समायोजन ऐन, २०७४ का आधारमा मिति २०७४/११/२८ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट कर्मचारी समायोजन नियमावली, २०७४ स्वीकृत भएको,
    - संघीय निजामती सेवा ऐनको मस्यौदा तयार गरिएको,
    - सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन र नियमावली, २०६४ को छैठौं संशोधनका लागि मस्यौदा तयार गरिएको,
    - पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ स्वीकृत भई वृत्तिकोष स्थापना भएको,
    - अनलाइन सञ्चार माध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४ लागू भई १ सय ५३ वटा अनलाइन सञ्चार माध्यमहरु दर्ता भएको,
    - पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ स्वीकृत गरिएको,
    - लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४ स्वीकृत गरिएको,
    - प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड निर्धारण गर्ने विधेयक, लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, नेपाल विशेष सेवा ऐन सम्बन्धी विधेयक लगायतका नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित कानूनहरुको मस्यौदा तयार भएको,
    - जिल्ला समन्वय समितिको सञ्चालन तथा व्यवस्थापन कार्यविधि (प्रदेश कानून) तयार भएको।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट जारी भएका स्थानीय तहका लागि नमूना कानून मापदण्ड तथा कार्यविधिहरू:
    - गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४,

- नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४,
- उपमहानगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४,
- महानगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४,
- गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४,
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४,
- गाउँ कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४,
- नगर कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४,
- उपमहानगर कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४,
- महानगर कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४,
- गाउँ कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४,
- नगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४,
- उपमहानगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४,
- महानगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४,
- गाउँ/नगरपालिकाको आर्थिक ऐन, २०७४,
- गाउँपालिकाको विनियोजन ऐन, २०७४,
- नगरपालिकाको विनियोजन ऐन, २०७४,
- उपमहानगरपालिकाको विनियोजन ऐन, २०७४,
- महानगरपालिकाको विनियोजन ऐन, २०७४,
- सभा सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४,
- गाउँ कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४,
- नगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४,
- उपमहानगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४,
- महानगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४,
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४,
- गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४,
- एफ.एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७४,
- गाउँपालिका र नगरपालिकाको सहकारी ऐन, २०७४,
- गाउँपालिका/नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४
- शिक्षा नियमावली, २०७४,
- गाउँ/नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४,
- गाउँ/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४,
- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४,
- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४,

- स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४,
- स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशन गरी वितरण गरिएका पुस्तिकाहरूः
  - गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका,
  - स्थानीय शासन स्रोत पुस्तिका,
  - स्थानीय पूर्वाधार विकास सम्बन्धी हाते पुस्तिका,
  - स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
  - स्थानीय तहका लागि मन्त्रालयबाट उपलब्ध गराइएका नमूना कानूनहरूको सङ्गालो,
  - गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण आयोगको प्रतिवेदन।
- देहाय बमोजिम संघ, प्रदेश र स्थानीय तहका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको:
  - साविकका ३१ वटा मन्त्रालयको सट्टा २१ वटा मन्त्रालयहरु कायम भएका,
  - साविकमा रहेका ६३ वटा विभाग र विभागस्तरका निकायहरुबाट ५३ वटा विभाग र विभागस्तरका निकायहरु कायम भएका,
  - प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय र स्वास्थ्य तथा जनसङ्ख्या, उद्योग, वाणिज्य तथा आपूर्ति, शिक्षा, विज्ञान तथा प्रविधि, कृषि, भूमि व्यवस्था तथा सहकारी, गृह, संचार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण र सहरी विकास मन्त्रालय गरी १० वटा मन्त्रालयको संघ अन्तर्गत रहने कार्यालयहरु,
  - स्थानीय तहका लागि अन्तरिम संगठन संरचना तथा दरबन्दी,
  - प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत ७ मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय,
  - महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने उच्च सरकारी वकिल कार्यालय ओखलढुंगा, पर्सा र वीरगंज,
  - प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरु।
- हेलो सरकारमा प्राप्त भएका ९ हजार ७ सय ९० गुनासाहरुमध्ये ५ हजार ४९ वटा गुनासाहरु फछ्यौंट भएका।
- भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०६९ को कार्यान्वयनका सम्बन्धमा भएको प्रगति समेटेर प्रतिवेदन तयार गरिएको।
- नेपाल राज्यका विरुद्ध विभिन्न व्यक्तिहरुका तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा दायर गरिएका मुद्दाहरुका सम्बन्धमा प्रतिरक्षाका लागि सोह्रवटा जवाफ तयार गरी पठाइएको।
- यातना, क्रुर, अमानवीय व्यवहार तथा सजाय विरुद्धको महासन्धि बमोजिमको तेस्रो, चौथो, पाँचौं, छैठौं र सातौं आवधिक प्रतिवेदनलाई अन्तिम रूप दिइएको।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको समितिले पठाएका विषयहरुको सूचीको जवाफ पठाइएको।

- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ मा भएको प्रावधान अनुसार नेपालले पेश गरेको छैठौं आवधिक प्रतिवेदनमाथि महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समितिबाट प्राप्त भएका विषयहरुको सूचीको जवाफ पठाइएको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त भएका ५७ वटा सिफारिस कार्यान्वयन गर्नका लागि सम्बन्धित मन्त्रालयहरुमा पठाइएको।
- विकास समिति ऐन तथा नेपाल सरकारको विभिन्न मितिमा भएको निर्णय बमोजिम गठित संस्थान/समिति/प्रतिष्ठान/परिषद् आदि जस्ता निकायको पुनरावलोकन खारेजी वा मिलान/समायोजन सम्बन्धमा अध्ययन सम्पन्न भएको।
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार (मन्त्रिपरिषद्), मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद तामेल भई दर्ता हुन आएका ४ सय ४८ थान मुद्दाहरुको लिखित-जवाफ, पुनरावेदन-पत्र तथा प्रतिउत्तर-पत्र तयार गरी सम्बन्धित अदालतमा पठाई सरकारका तर्फबाट प्रतिरक्षा गरिएको।
- विभिन्न विषयका चालीसवटा सूचनाहरु नेपाल राजपत्रमा प्रकाशित गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७/११/१७ को निर्णयबाट गठित फैसला कार्यान्वयन अनुगमन समितिको बैठक बसी सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट प्राप्त आदेश तथा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय तथा निकायमा लेखी पठाइएको।
- SAFTA (South Asian Free Trade Area), WTO (World Trade Organization), WCO (World Customs Organization), DTAA (Double Taxation Avoidance Agreement), Bilateral, Multilateral र लगानी सम्बन्धी सन्धि सम्झौताहरुको कार्यान्वयन भइरहेको र नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन गर्न स्रोतको सुनिश्चितता प्रदान गरिएको।
- सन्धि सम्झौताको मस्यौदा समेत गरी जम्मा ७८ वटा द्विपक्षीय बहुपक्षीय सन्धि सम्झौताका मस्यौदामा राय सहमति दिइएको।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्धको नीतिगत, कानूनी र संस्थागत व्यवस्था सम्बन्धी हाते पुस्तिका प्रकाशन र वितरण गरिएको।
- निःशुल्क कानूनी सहायता सम्बन्धी सन्दर्भ सामग्री प्रकाशन र वितरण गरिएको।
- संविधानले गरेका मूलभूत व्यवस्था र अन्य आधारभूत कानूनी व्यवस्था समेतका विषय समावेश गरी कानूनी शिक्षा सचेतना पुस्तिका परिमार्जनसहित पुनः प्रकाशन र वितरण गरिएको।
- नेपाल सरकारका केन्द्रीय निकायलाई कानूनी राय उपलब्ध गराउने सिलसिलामा २३ वटा विभिन्न कानूनी प्रश्नहरुमा राय परामर्श उपलब्ध गराइएको।
- ४ सय ११ वटा सूचनाको सम्पादन गरी राजपत्रमा सूचना प्रकाशन गरिएको।
- न्याय सेवा तालिम केन्द्रवाट न्याय सेवाका विभिन्न तहका अधिकृतहरुलाई सेवा प्रवेश तथा सेवाकालीन तालिम प्रदान गरिएको।
- **आमसञ्चार क्षेत्र व्यवस्थापन :**
  - सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय पत्रकारिता पुरस्कार एवं वरिष्ठ पत्रकार सम्मान तथा वितरण कार्यक्रम सम्पन्न भएको।
  - लोक कल्याणकारी विज्ञापन प्रसारण गर्न आवेदन दिई मन्त्रालयमा सूचिकृत हुन आएका संस्थाहरुलाई तोकिएको वर्गीकृत समय र प्रसारण अवधि अनुसार विज्ञापन प्रसारण गर्न दिइएको।

- ७ जिल्लामा सञ्चालित पत्रकार आबद्धता तालिम कार्यक्रमबाट २ सय ९० जना र आधारभूत प्रशिक्षण कार्यक्रमबाट २ सय ८० जना पत्रकारहरू लाभान्वित भएका।
- कास्की, ललितपुर, भक्तपुर र रूपन्देही जिल्लामा १ सय ८० जना पत्रकारलाई सेवाकालीन तालिम प्रदान गरिएको।
- मकवानपुर र लमजुङ्गमा ६४ जना दृष्टि सम्बन्धी अपाङ्गता भएकाहरुलाई सहभागी गराई रेडियो उद्घोषण तालिम सञ्चालन गरिएको।
- जाजरकोट र सोलुखुम्बु जिल्लामा कार्यरत ६३ जना पत्रकारहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको।
- पत्रकारिता विषय लिई स्नातक तह प्रथम वर्षमा अध्ययनरत महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रबाट एकएक जना गरी ५ जनालाई जनही रु. २५ हजार छात्रवृत्ति प्रदान गरिएको।
- हुलाक प्रशिक्षण केन्द्रबाट १० वटा क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको जसमा २ सय ७५ जनाको सहभागिता रहेको।
- ९ वटा निकायमा सूचना प्रवधि प्रणालीको Security Audit गरिएको।
- काभ्रेको मण्डनदेउपुर नगरपालिकामा एकीकृत सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरिएको।
- कक्षा ४ देखि १२ सम्मका विभिन्न विषयहरुको शैक्षिक श्रव्यदृष्य सामग्री निर्माण गरी युट्युव र गभरमेन्ट क्लाउडमा राखिएको।
- विभिन्न जिल्लाका २९ वटा सामुदायिक विद्यालयहरुमा डिजिटल शिक्षण सम्बन्धी सामग्री उपलब्ध गराई तालिम प्रदान गरिएको।
- नेपाल टेलिभिजनले विपद्का बेला आपतकालीन सेवा सञ्चालनका लागि आवश्यक तयारी गरेको।

- **राष्ट्रिय सूचना आयोगबाट देहायका कार्यहरु सम्पन्न भएको :**
  - आयोगमा प्राप्त १ हजार १ सय ७५ पुनरावेदन, उजुरी तथा निवेदनमध्ये १ हजार १ सय ७३ वटा फछ्र्यौट भएको,
  - अनलाईन मार्फत सूचना माग गर्ने पद्दतिको सुरुवात भएको,
  - आयोगको ५ वर्षे रणनीति (२०१६-२०२०) जारी भएको,
  - नेपाल सरकारका २१ वटा मन्त्रालयको सूचनाको हकसम्बन्धी परीक्षण सम्पन्न भएको,
  - काठमाडौं उपत्यकाभित्र र उपत्यकाबाहिरका १७ जिल्लामा गरी ४ हजार ५ सय ३ जनालाई र ७ वटा विद्यालयका १ हजार ४ सय विद्यार्थीहरुलाई सूचनाको हक सम्बन्धी अभिमुखीकरण तालिम दिइएको।
- **प्रदेश सरकार र सो अन्तर्गतका क्रियाकलापलाई प्रभावकारी बनाउन निम्न कार्यहरु गरिएकोः**
  - सातवटा प्रदेशमा कार्य सञ्चालनका लागि विराटनगर, जनकपुर, हेटौंडा, बुटवल, सुर्खेत र धनगढीलाई तोकी प्रदेशको कार्य सञ्चालनको व्यवस्था गरिएको,
  - सातैवटा प्रदेशमा प्रदेश प्रमुख नियुक्तिका लागि कार्यविधि तयार गरी प्रदेश प्रमुखको नियुक्ति सम्बन्धी कार्य सम्पन्न भएको,
  - नेपाल सरकार र प्रदेश सरकारबीच समन्वयका लागि प्रधानमन्त्रीको उपस्थितिमा सातवटै प्रदेशका मुख्य मन्त्रीहरुसहितको बैठक सम्पन्न भएको,

- प्रदेश सरकार सञ्चालनमा सहजीकरण र समन्वयका लागि प्रदेशका प्रमुख सचिवहरुको बैठक सम्पन्न गरी समन्वय र सहजीकरण गरिएको,
- प्रदेशका अन्तरिम संगठन संरचना तथा अस्थायी दरवन्दी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयन गरिएको,

- **प्रदेश तहमा कानून निर्माण प्रक्रियाको सहजीकरणका लागि देहायका नमूना कानूनको मस्यौदा गरी प्रदेशमा पठाइएकोः**
  - प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक,
  - प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - मुख्य मन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश आन्तरिक सार्वजनिक खरिद कार्यविधि,
  - गाउँ सभा/नगर सभाको सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेशको वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - प्रदेश सरकार अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,
  - प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,
- **सत्य निरूपण तथा मेलमिलाप आयोगबाट देहायका कार्यहरु सम्पन्न भएकाः**
  - आयोगमा प्राप्त उजुरीहरुको घटनास्थलका आधारमा विषयगत वर्गीकरण गर्ने कार्य भइरहेको,
  - १ हजार ८ सय १९ थान थप उजुरी संकलन, दर्ता तथा कम्प्युटर प्रविष्टि गरी ६ सय ७३ थान थप छुट उजुरीहरु छानविनका लागि सम्बन्धित निकायमा पठाइएको,
  - आयोगमा दर्ता भएका उजुरी र स्थानीय शान्ति समिति मार्फत प्राप्त हुन आएका उजुरीहरुलाई फाईलिङ्ग गर्ने, आयोगबाट निर्माण गरिएको सफ्टवेयरमा प्रविष्ट गर्ने, क्रम संख्याका आधारमा १ सय उजुरीको एक पोका बनाई व्यवस्थित रूपमा उजुरीहरुको अभिलेखीकरण र एकीकृत दर्ता किताब खडा गर्ने कार्य गरिएको।
- **बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट देहायका कार्यहरु सम्पन्न भएकाः**
  - बेपत्ता पारिएको भनिएका व्यक्तिको नाम, थर, वतन, उमेरका आधारमा आयोगको वेबसाइट मार्फत सार्वजनिक गरिएको।

- प्राप्त उजुरीका सम्बन्धमा भएको प्रगति :

| विवरण | संख्या |
|---|---|
| उजुरी दर्ता (सत्य निरूपण तथा मेलमिलाप आयोगबाट प्राप्त समेत) | ३,१८३ |
| सत्य निरूपण तथा मेलमिलाप आयोगमा पठाइएको उजुरी | ४१४ |
| दोहोरो उजुरी परेर गाभिएको | ११९ |
| तामेलीमा रहेका उजुरी | २८७ |
| विस्तृत छानविनमा रहेका उजुरी | २,३६३ |
| निर्णय हुन बाँकी उजुरी | ० |
| हाल कारवाहीयुक्त रहेका उजुरी | २,३६३ |
| जम्मा बेपत्ता व्यक्ति | २,३७० |
| विस्तृत छानविन भइरहेका उजुरीको संख्या | १,०८३ |
| विस्तृत छानविनको अन्तरिम प्रतिवेदन पेश भएका संख्या | २०६ |
| विस्तृत छानविनका दौरानमा फेला परेका बेपत्ता व्यक्ति | १२ |

- बेपत्ता पारिएका व्यक्तिको छानविन गर्ने सन्दर्भमा गोपनीयता कायम गर्ने कार्यविधि, २०७५ आयोगबाट पारित भएको,
- उजुरी र सोसाथ संलग्न महत्त्वपूर्ण कागजातहरुलाई सुरक्षित रूपमा राख्नका लागि स्क्यानिङ्ग गरी डिजिटलाइज्ड रूपमा राखिएको।

### २.२.३ सामाजिक र साँस्कृतिक रूपान्तरणसम्बन्धी नीतिगत व्यवस्थाहरू

**क. नेपालको संविधानको धारा ५१ (ग) ले सामाजिक र साँस्कृतिक रुपान्तरण सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,
२. ऐतिहासिक, पूरातात्त्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,
३. सामाजिक, साँस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,
४. राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,
५. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने,
६. देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,
७. बहुभाषिक नीति अवलम्बन गर्ने।

**ख. सामाजिक एवम् साँस्कृतिक रूपान्तरणसम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू:**

- सम्पदा बस्तीको एकीकृत विकास र भूकम्प पश्चातको पुनः निर्माणलाई सहजीकरण गर्दै द्रुत गतिमा अगाडि बढाउन बस्ती विकास, सहरी विकास योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मा सम्पदा बस्ती सम्बन्धी मापदण्ड थप गरी लागू गरिएको,
- नेपालको संविधान एवम् भाषा आयोग ऐन, २०७४ बमोजिम सरकारी कामकाजको भाषा निर्धारणका आधारसम्बन्धी प्रारम्भिक रूपमा सुझाव सङ्कलन गरिएको,
- लागू औषध दुरूपयोग नियन्त्रणसम्बन्धी कार्ययोजना २०७५ स्वीकृत गरी कार्यान्वयन शुरु भएको।
- देशको सामाजिक-साँस्कृतिक विविधतालाई आत्मसात् गरी विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति र साहित्यको संरक्षण र विकास तथा बहुभाषिक नीतिको कार्यान्वयनका लागि गोरखापत्र संस्थानले आर्थिक वर्ष २०७३/७४ सम्म ३२ भाषामा समाचार तथा लेखहरु प्रकाशन गर्दै आएकोमा आर्थिक वर्ष २०७४/७५ मा ७ वटा भाषा थप भई ३९ भाषामा समाचार तथा लेखहरु प्रकाशन गर्दै आएको। रेडियो नेपालबाट पनि विभिन्न २१ भाषामा समाचार र १८ भाषामा कार्यक्रम प्रसारण भैरहेको।
- भाषाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि देशभरका २ सय ६० वटा एफ. एम. रेडियोहरुबाट सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भइरहेको। १५ वटा मातृभाषाका लोककथा, लोकवार्ता सम्बन्धित मातृभाषामा नै रेकर्डिङ र भिडियो तयारी कार्य सम्पन्न भएको। सन्थाल, राजी, सुनुवार, बराम, मगही, बम्बुले, राणाथारु आदि भाषामा संकलित लोककथा सम्बन्धी पुस्तक प्रकाशनको तयारीमा रहेको।
- १४ जिल्ला (रोल्पा, प्यूठान, दोलखा, सिन्धुली, बाँके, सुर्खेत, बझाङ, गोरखा, तनहुँ, सप्तरी, सिराहा, महोत्तरी, रसुवा र धादिङ) मा महिला बालबालिका सेवा केन्द्र भवन निर्माण गरी सेवा केन्द्र सञ्चालन गरिएको।

- सबै गाउँपालिका तथा नगरपालिकाका निर्वाचित प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरु गरी कुल २ हजार २ सय २३ जनालाई अभिमुखीकरण तालिम प्रदान गरिएको।
- आदिवासी जनजातिहरूको भाषा, संस्कृति, कथा, कविता, साहित्यहरूको अध्ययन, प्रकाशन गरिएको।
- राष्ट्रिय सम्पदाको रूपमा कला, साहित्य र सङ्गितको विकासमा जोड दिन ऐतिहासिक, पूरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकासका लागि गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समितिका महत्त्वपूर्ण प्रकाशन तथा प्रसारण सम्बन्धी विवरणहरु Digital Archive गर्ने कार्यले निरन्तरता पाएको।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निरन्तर सुधार गरिएको एवम् थप विद्यालय तथा उच्च शिक्षामा कला साहित्य जस्ता विषयहरु अध्ययन अध्यापन गरिएको।
- २५६२ औं बुद्ध जयन्ती एवम् लुम्बिनी दिवसका अवसरमा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको।
- जातीय संग्रहालयतर्फ निम्नकार्यहरु गरिएको:
    - २५ वटा जातीय संग्रहालयहरु, मदन भण्डारी संग्रहालय उर्लावारी मोरङ्ग, ज्यापु संग्रहालय ललितपुर, कविशिरोमणि लेखनाथ संग्रहालय कास्कीको निर्माण कार्य सम्पन्न भएको,
    - मुद्रा संग्रहालय छाउनीमा भएको मुद्राहरुको सुरक्षाका लागि मुद्रा एल्वम राख्ने दराज खरिद गर्ने कार्य सम्पन्न भएको, मुद्रा संग्रहालयको क्याप्सन सुधार कार्य सम्पन्न भएको,
    - आदिवासी संग्रहालय, कोच, राजवंशी संग्रहालय झापा, माझी संग्रहालय सुनसरी, मिथिला संग्रहालय धनुषा, बहुजातीय संग्रहालय धरान, सिद्धिचरण संग्रहालय ओखलढुङ्गा, रामेछाप संग्रहालय रामेछाप, अष्टोत्तर सय महालक्ष्मी मूर्ति संग्रहालय कैलाली, बारपाक संग्रहालय गोरखा, राजा संग्रहालय सुर्खेत, तमु संग्रहालय पर्वत, गुरुङ्ग संग्रहालय स्याङ्गजा, साँस्कृतिक संग्रहालय दाखाक्वाडी प्यूठान स्थापना गर्ने कार्य सम्पन्न भएको,
    - रामधुनी पोखरी मैतिदेवी मन्दिर नजिकैको मयुरकुण्ड पाटी, कुलेश्वर मन्दिर परिसरको भञ्याङ पचली इन्द्रभक्तेश्वर सत्तल सुनसरी, चतरामठ बारा लगायत १ सय २३ वटाको मर्मत संभार कार्य सम्पन्न भएको,
    - ४ वटा ऐतिहासिक दरवारको कार्य र कपिलवस्तु दोहनीको उत्खनन् कार्य सम्पन्न भएको।

## २.२.४. अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति

**क. अर्थ, उद्योग र वाणिज्य सम्बन्धमा संविधानको धारा ५१ (घ) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

२. अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

३. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने,

४. आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

५. उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

६. तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

७. कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

८. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

९. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

१०. राष्ट्रिय हितअनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,

११. वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

१२. गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

१३. औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।

### ख. अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

- देहाय बमोजिमका नीति, ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु नयाँ जारी भएका एवम् परिमार्जन गरिएका:
  - आर्थिक ऐन, २०७५,
  - विनियोजन ऐन, २०७५,
  - राष्ट्र ऋण उठाउने ऐन, २०७५,
  - ऋण तथा जमानत (बाईसौं संशोधन) ऐन, २०७५,

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयेग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) पहिलो संशोधन नियमावली, २०६४,
- वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४,
- आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५,
- निक्षेप सुरक्षण नियमावली, २०७५,
- कर्जा सुरक्षण नियमावली, २०७५,
- निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५,
- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५,
- सार्वजनिक संस्थान तथा सरकारी स्वामित्व भएका समिति, बोर्ड, कम्पनी तथा संस्थानहरुको नाममा रहेको घर/जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४,
- प्रदेश पदाधिकारीहरुको तलब भत्ता सम्बन्धी मापदण्ड, २०७४,
- वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४,
- सहकारी ऐन, २०७४ जारी गरिएको,
- सम्पत्ति शुद्धीकरण ऐन र नियमावली अनुरूप सहकारी संघ वा संस्थाको सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशिका, २०७४ जारी गरिएको,
- औद्योगिक व्यवसाय ऐन, बौद्धिक सम्पत्ति सम्बन्धी ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐनको मस्यौंदा तयार गरिएको,
- औद्योगिक व्यवसाय नियमावलीको मस्यौदा तयार गरिएको,
- उद्योग ग्राम सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरिएको,
- उपभोक्ता संरक्षण सम्बन्धी ऐन, २०७५ को मस्यौदा तयार गरिएको,
- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ लाई प्रतिस्थापन गर्न निकासी पैठारी व्यवस्थापन ऐन, २०७५ को मस्यौदा तयार गरिएको,
- महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट, सम्मान तथा सुविधा सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत भएको।
- **देहायका नमूना कानूनहरु तयार गरी प्रदेश र स्थानीय तहमा पठाइएकोः**
    - प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७४,
    - प्रदेश आर्थिक विधेयक, २०७४,
    - प्रदेश विनियोजन विधेयक, २०७४,
    - प्रदेश आकस्मिक कोष विधेयक, २०७४,
    - प्रदेश वित्त व्यवस्थापन विधेयक, २०७४,
    - प्रदेश पेश्की खर्च विधेयक, २०७४,
    - गाउँ-नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४,
    - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
    - स्थानीय तहको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७४।

- **महत्त्वपूर्ण आर्थिक सूचकहरु**
  - नेपालको अर्थतन्त्र विगतका वर्षहरुको तुलनामा थप सुदृढ एवम् गतिशील बन्दै गएको छ। स्वाधीन, समृद्ध एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणको दिशामा सकारात्मक कदमहरुको शुरुवात भएको निम्न परिसूचकहरुले देखाएका छनः

| क्र.सं. | आर्थिक परिसूचकहरु | अवस्था/उपलब्धि | |
|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | आधारभूत मूल्यमा ५.९ प्रतिशत<br>उत्पादकको मूल्यमा ६.३ प्रतिशत | |
| २. | औषत मुद्रास्फिति | ४.२ प्रतिशत | |
| ३. | निर्यात | ११.१ प्रतिशतले वृद्धि भई रु. ८१ अरब १९ करोड | |
| ४. | आयात | २५.५ प्रतिशतले वृद्धि भई रु. १२४२ अरब ८३ करोड | |
| ५. | विप्रेषण | ८.६ प्रतिशतले वृद्धि भई रु. ७५५ अरब ६ करोड | |
| ६. | समग्र शोधनान्तर | रु. ९६ करोडले बचत | |
| ७. | विदेशी विनिमय सञ्चिति | २.१ प्रतिशतले वृद्धि भई रु. ११०२ अरब ५९ करोड | |
| ८. | कुल तिर्न बाँकी ऋण | रु. ८९४ अरब ५३ करोड | |
| ९. | कुल तिर्न बाँकी बाह्य ऋण | रु. ५०३ अरब ६३ करोड | |
| १०. | कुल तिर्न बाँकी आन्तरिक ऋण | रु. ३९० अरब ९० करोड | |
| ११. | कुल राजस्व परिचालन | २०.१८ प्रतिशतले वृद्धि भई रु. ७ खरब ३२ अरब २३ करोड | |
| १२. | राजस्व र कुल गार्हस्थ्य उत्पादन अनुपात | २४.१ प्रतिशत (गत वर्षको अनुपात २३.० प्रतिशत रहेको) | |
| १३. | गैर कर राजस्व परिचालन | १७.९ प्रतिशतले वृद्धि भई रु. ७२ अरब ७४ करोड (अघिल्लो वर्ष रु. ६१ अरब ६९ करोड रहेको।) | |
| १४. | कुल राजस्वमा कर र गैरकर राजस्वको संरचना | कर राजस्व प्रतिशत | गैरकर राजस्व प्रतिशत |
| | | ९०.१ | ९.९ |
| १५. | प्रतिव्यक्ति आय | १००४ अमेरिकी डलर | |

  - राजस्वको कुल लक्ष्य रु. ७३० अरब ५ करोड रहेकोमा रु. ७३२ अरब २३ करोड संकलन भई लक्ष्यको तुलनामा १००.३० प्रतिशत प्रगति भएको,
  - कुल बजेट रु. १२ खरब ७८ अरब विनियोजन गरिएकोमा चालू खर्चतर्फ रु. ६९७ अरब, पूँजीगततर्फ रु. २७१ अरब र वित्तीय व्यवस्थातर्फ रु. ११७ अरब समेत जम्मा रु. १० खरब ८५ अरब खर्च भएको र सो खर्च विनियोजनको ८४.८१ प्रतिशत रहेको,
  - यस आर्थिक वर्षको बजेट तर्जुमा गर्दा वित्तीय संघीयताको अवधारणालाई आत्मसात् गरिएको र रु. २ खरब ३२ अरब प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण गरिएको।

- आर्थिक वृद्धिदर ६.३% कायम रहेको (उत्पादकको मूल्यमा)
- राजस्व परिचालन २०.२०% ले वृद्धि भई रु. ७३२ अरब २३ करोड पुगेको।
- वैदेशिक सहायतातर्फ ऋण र अनुदान गरी रु. २३३ अरब ७० करोड प्रतिवद्धता र रु. १२८ अरब ९२ करोड खर्च भएको।
- ६३१ स्थानीय तहमा बैंकिङ्ग सेवा पुगेको।
- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान कार्यविधि, २०७३ को कार्यान्वयनबाट ६,५३२ कृषकले रु. ८ अरब २४ करोड रकम उपयोग गरेका। यसमा सरकारको तर्फबाट रु. ४३ करोड ४५ लाख अनुदान प्रदान गरिएको।

- **सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताः**
  - अर्थतन्त्रको यथार्थ अवस्थाको जानकारीको आधारमा आगामी दिनमा अर्थ व्यवस्थालाई निर्दिष्ट गन्तव्यमा अगाडि बढाउन अवलम्बन गर्नुपर्ने नीतिगत उपायहरुको खोजी गर्न मिति २०७४/१२/१६ मा श्वेतपत्र जारी गरिएको,
  - वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) कार्यान्वयनमा रहेको। यस रणनीतिको कार्यान्वयनबाट यस आर्थिक वर्षमा देहायका उपलब्धिहरु हासिल भएका :
    - नेपाल बैंक लि. को पूँजी वृद्धि गर्न थप पूँजी आव्हान (Further Public Offer) मार्फत शेयर निष्काशन गरी चुक्ता पूंजी वृद्धि गर्ने स्वीकृति प्रदान गरिएको,
    - निक्षेप तथा कर्जा सुरक्षण कोषको चुक्ता पूंजी बढाई ८ अरब पुऱ्याइएको। निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक र नेपाल सरकारबीच कोषलाई आवश्यक परेका बखत रकम उपलब्ध गराउने सम्बन्धमा त्रिपक्षीय समझदारी भएको,
    - अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा वित्तीय स्थायित्व समिति गठन भएको,
    - माननीय अर्थमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय वित्तीय क्षेत्र निर्देशक समिति गठन भएको।
  - सुरक्षित कारोवार नियमावली कार्यान्वयनमा आएको। ऐन/नियममा समय सापेक्ष सुधार तथा पुनरावलोकन गर्ने सम्बन्धमा कार्य भइरहेको,
  - व्यावसायिक स्थायी लेखा नम्वर लिने १ लाख १६ हजार ९७ जना तथा व्यक्तिगत स्थायी लेखा नम्वर लिने ७९ हजार ९ सय ७३ जना समेत थप १ लाख ९६ हजार ७० करदाता करको दायरामा दर्ता भई करको दायरामा आउने करदाताको संख्या कुल १८ लाख २ हजार ४ सय ३७ पुगेको। मूल्य अभिवृद्धि करतर्फ २० हजार ९ सय ३९ तथा अन्तःशुल्कतर्फ ५९ हजार १ सय ४७ थप करदाता करको दायरामा आएका।
  - सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न निजी क्षेत्रलाई विद्युत उत्पादन र प्रसारण कार्यमा सहभागी गराउन Build and Transfer (BT) मोडेलमा Engineering Procurement Construction and Finance (EPCF) को प्रकृया मार्फत आयोजनाहरुको निर्माण गराउन आवश्यक नीति र कार्यविधि निर्माण भैरहेको।

- **अर्थतन्त्रमा निजी क्षेत्रको परिचालनः**
  - निर्यात प्रोत्साहनका लागि नगद अनुदानको व्यवस्था, कर प्रणालीमा निरन्तर सुधार र स्थिर करका दर (Stable Tax Rate) कायम गरिएको,
  - नेपाल सरकारले साझा यातायातमा गरेको ऋण लगानीलाई शेयरमा परिणत गरिएको,
  - राष्ट्रिय वाणिज्य बैंक र एन.आई.डि.सी बैंक लाई एकापसमा गाभी मिति २०७५/०१/१९ देखि एकीकृत कारोवार सञ्चालनमा आएको,
  - नेपाल सरकारले प्राप्त गर्ने राजस्व र भुक्तानी गर्ने सबै खर्च विद्युतीय प्रणालीबाट भुक्तानी दिने नीति अन्तर्गत खर्चतर्फ पूर्ण रूपमा र राजस्वतर्फ परीक्षणको रूपमा करदाता सेवा कार्यालय ठमेलबाट रु. एक लाखसम्मको राजस्व विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रणाली (e-Payment) को शुरुवात गरिएको,
  - राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत गर्ने विगतको पद्धतिमा परिमार्जन गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिने व्यवस्था ऐन मार्फत गरिएको,
  - अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गर्न जलाशययुक्त, पिकिङ्ग रन अफ द रिभर तथा रन अफ द रिभर आयोजनाहरुलाई नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद गर्ने साविकको दर परिमार्जन गरी नयाँ दर कायम गरिएको र सय मेगावाट भन्दा बढी क्षमताका आयोजनाहरुका लागि विदेशी मुद्रामा समेत विद्युत् खरिद गर्न सकिने गरी कार्यविधि तयार गरिएको,
  - कृषि तथा पशुपालन ब्याज अनुदानमा ६ हजार ५ सय ३२ जना किसानलाई रु. २८.८ करोड व्याज अनुदान प्रदान गरिएको।
- **सहकारी क्षेत्रको सुदृढीकरण तथा नियमनः**
  - सहकारी विभागबाट १ सय १० वटा सहकारी संस्थाको सघन अनुगमन मार्फत सहकारी संघसंस्थाहरुको कारोवारको परीक्षण गरिएको,
  - डिभिजन सहकारी कार्यालयको अभिलेख तथा सम्पत्तिको विवरण तयार गरी ७७ वटै जिल्लाका स्थानीय तहलाई सहकारी संस्था हस्तान्तरण भएको,
  - सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली Co-operatives and Poverty Management Information System (CoPoMIS) लागू गरिएको,
  - ९ वटा सहकारी संस्थाहरुलाई समस्याग्रस्त सहकारी संस्थाको रूपमा घोषणा गरिएको,
  - बहुवर्षीय सहकारी बजार विकास कार्यक्रमको सुरुवात गरिएको,
  - बहुवर्षीय सहकारी बजार विकास कार्यक्रमको शुरुवात गरिएको,
  - गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण कार्य शुरु गरिएको।
- **आर्थिक क्षेत्रका विभिन्न गतिविधिमा नियमनः**
  - आन्तरिक राजस्व विभाग अन्तर्गत देहाय बमोजिम मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ६ र करदाता सेवा कार्यालयहरु ११ थप गरिएकोः
    - आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं १, २ र ३ खारेज गरी मध्यमस्तरीय करदाता कार्यालय स्थापना गरिएको,

- दमक, सुर्खेत, बाग्लुङ्ग, तनहुँ, धुलीखेल र ललितपुरमा आन्तरिक राजस्व कार्यालय थप गरिएको,
- फिदिम (पाँचथर), विराटचोक (मोरङ), खाँदवारी (संखुवासभा), लुक्ला (सोलुखुम्वु), दिक्तेल (खोटाङ), राजविराज (सप्तरी), मलंगवा (सर्लाही), गल्छी (धादिङ), कावासोती (नवलपरासी पूर्व), लम्की (कैलाली) र डडेलधुरामा करदाता सेवा कार्यालय थप गरिएको।

- भन्सार विभागतर्फ भद्रपुर (झापा), ठाडी (सिराहा), महेशपुर (नवलपरासी), सुठौली (कपिलवस्तु) र सती (कैलाली) छोटी भन्सार कार्यालयहरुलाई मूल भन्सार कार्यालयका रूपमा स्तरोन्नति गरिएको,
- निकासी पैठारी ब्यापारलाई व्यवस्थित गर्न आयात निर्यात संकेत नम्वर (EXIM CODE) प्रदान गर्ने कार्य २०७४ साउन १ देखि कार्यान्वयनमा ल्याइएको,
- करदाताले जारी गरेको बिजक अनुसारको कारोवार विवरणको सूचना सिधै आन्तरिक राजस्व विभागको केन्द्रीय सर्भरमा प्राप्त हुने गरी केन्द्रीय बिजक अनुगमन प्रणाली (CBMS) लागू गरिएकोमा सो अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा ३० वटा करदाता फर्महरु यस प्रणालीमा आवद्ध भएका,
- अन्तःशुल्कजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरु तथा बजारमा नक्कली स्टीकरको प्रयोग र स्टीकर नै प्रयोग नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आकस्मिक निरीक्षण टोली खटाई प्रभावकारी रूपमा अनुगमन गरिएको र यस क्रममा १० वटा मदिरा उद्योगहरुको कारोवार छानवीन भैरहेको र २ वटा नक्कली स्टीकरको अनुसन्धान गरिएको,
- अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिन सकेसम्म स्वदेशी बोलपत्रदाता, मालसामान र स्थानीय निर्माण व्यवसायीलाई प्राथमिकता दिने गरी सार्वजनिक खरिद ऐन र नियमावलीमा समसामयिक सुधार गरी कार्यान्वयनमा ल्याई राष्ट्रिय निजी क्षेत्रको प्रवर्द्धनलाई सघाउ पुऱ्याएको।
- **महालेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएका कार्यहरुः**
  - सरकारी राजस्वको अभिलेखन, लेखाङ्कन र प्रतिवेदन गर्ने गरी नयाँ राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) अवलम्बन गरिएको,
  - नेपाल सरकारको वित्तीय प्रतिवेदन अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप तयार भएको,
  - कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (CGAS) लाई थप विकास गरी कार्यान्वयन शुरु गरिएको,
  - विद्युतीय रकम ट्रान्सफर सेवा विस्तार गरिएको,
  - सरकारका तीनै तहमा एकै प्रकारको आर्थिक संकेत तथा बजेट बर्गीकरणको व्यवस्था गरिएको।
- राष्ट्रिय गौरवका आयोजनाहरु ७ वटा, पहिलो प्राथमिकता प्राप्त (P1) आयोजनाहरु ४ वटा र अर्थ मन्त्रालय अन्तर्गतका ७ वटा निकायहरुको अनुगमन गरिएको,

- मिति २०७५/०१/१२ गतेदेखि नेपाल सरकारले आर्जन गर्ने प्रति भौचर रु. १ लाखसम्मको राजस्व विद्युतीय (E-Payment) माध्यमबाट प्राप्त हुने र प्रणालीबाटै बैंक भौचर तयार गर्न सकिने व्यवस्था मिलाइएको,
- ७७ जिल्लाका ८० कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट विद्युतीय भुक्तानी प्रणालीका माध्यमबाट भुक्तानी पाउनेको बैंक खातामा सोझै रकम जम्मा हुने गरी विद्युतीय रकम ट्रान्सफर सेवा विस्तार गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको, Debt Operation and Management System (DOMS) सफ्टवेयरको निर्माण कार्य भइरहेको र DOMS का लागि आवश्यक पर्ने हार्डवेयर उपकरण खरिदका लागि संझौता सम्पन्न भएको,

> ✓ अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप वित्तीय प्रतिवेदन तयार गर्न नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) ४३ वटा केन्द्रीय निकायहरुमा कार्यान्वयनमा ल्याई वित्तीय विवरण तयार गरिएको,
>
> ✓ व्यावसायिक क्रियाकलापमा संलग्न ३७ वटा सार्वजनिक संस्थानहरुमध्ये २६ वटा खुद नाफामा तथा ११ वटा खुद नोक्सानीमा रहेका,
>
> ✓ २०७४ साल साउन १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँभन्दा बढी मूल्यको कारोवार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नुपर्ने व्यवस्था गरिएको,
>
> ✓ निक्षेप तथा कर्जा सुरक्षण कोषको कर्जा सुरक्षण सीमा वृद्धि गरी रु. ३ लाखसम्मको सीमा कायम गरिएको,
>
> ✓ सरकारी राजस्वको अभिलेखन, लेखाङ्कन र प्रतिवेदन गर्ने गरी नयाँ राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) अवलम्वन गरिएको।

- निक्षेप तथा कर्जा सुरक्षण कोषको कर्जा सुरक्षण सीमा वृद्धि गरी रु. ३ लाखसम्मको सीमा कायम गरिएको,
- निक्षेप तथा कर्जा सुरक्षण कोषलाई अतिरिक्त तरलता एवम् कोष आवश्यक परेका बखत उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच त्रिपक्षीय समझदारी-पत्रमा हस्ताक्षर भएको,
- २०७४ साल साउन १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तु खरिद बिक्री वा अन्य कारोवार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नुपर्ने गरी नगद कारोवारको सीमा लागू गरिएको,
- वीरगञ्जमा भारत सरकारबाट निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण भएको एकीकृत भन्सार जाँच चौकी सञ्चालनमा ल्याइएको,
- वित्तीय पहुँच अभिवृद्धि कार्यक्रमतर्फ २०७५ असार मसान्तसम्ममा ६ सय ३१ वटा स्थानीय तहमा बैंकको शाखा विस्तार भएको,
- व्यावसायिक क्रियाकलापमा संलग्न ३७ वटा सार्वजनिक संस्थानहरुमध्ये २६ वटा खुद नाफामा तथा ११ वटा खुद नोक्सानीमा रहेका,
- आर्थिक सर्वेक्षण २०७४/७५, सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा २०७४, आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य, मन्त्रालयगत प्रगति विवरण पुस्तिका, व्यय अनुमानको विवरण, जलवायू परिवर्तन वित्तीय खाका (CCFF) र जलवायु वित्त सम्बन्धी शब्दावली (नेपाली भावार्थ) नामक पुस्तिकाहरु, Development Cooperation Report FY 2016-17, A Study on Foreign Aid Mobilization in Federal Nepal र Development Finance Assessment for Nepal गरी तीनवटा प्रतिवेदन, Green Climate Fund (Handbook for Nepal) एवम् आर्थिक वर्ष २०७४/७५ को एकीकृत भन्सार महसुल दरबन्दी पुस्तिका प्रकाशन गरिएको।

- **उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण:**
  - सामान्य सार्वजनिक सेवामा ३९ प्रतिशत, रक्षामा ४ प्रतिशत, सार्वजनिक शान्ति सुरक्षामा ४ प्रतिशत, आर्थिक मामिलामा ३६ प्रतिशत, वातावरण संरक्षणमा १ प्रतिशत, आवास तथा सामाजिक सुरक्षामा ५ प्रतिशत, स्वास्थ्यमा ३ प्रतिशत, शिक्षामा ५ प्रतिशत, सामाजिक सुरक्षामा ३ प्रतिशत बजेट विनियोजन गरी स्रोतको प्रत्याभूति गरिएको,
  - दिगो विकास लक्ष्य अनुरूप राष्ट्रिय लक्ष्यहरु हासिल गर्न सवै लक्ष्यहरुमा केन्द्रित भई बजेट विनियोजन गरी कार्यान्वयन गरिएको,
  - आर्थिक वर्ष २०७४/७५ को कुल विनियोजित बजेट रु. १२ खरब ७८ अरब ९९ करोड मध्ये लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत प्रत्यक्ष लाभ हुने क्षेत्रमा रु. ४ खरब ७८ अरब ५८ करोड, अप्रत्यक्ष लाभ हुने क्षेत्रमा रु. ४ खरब १७ अरब ६७ करोड र तटस्थ हुने क्षेत्रमा रु. ३ खरब ८२ अरब ७३ करोड बजेट विनियोजन भएको थियो। जसमध्ये प्रत्यक्ष लाभ हुने क्षेत्रमा विनियोजनको ८७.९३ प्रतिशत, अप्रत्यक्ष लाभ हुने क्षेत्रमा ८७.४२ प्रतिशत र तटस्थ हुने क्षेत्रमा ७५.६६ प्रतिशत खर्च भएको,
  - साथै, गरिवी न्यूनीकरण बजेट अन्तर्गत गरिवी न्यूनीकरण क्षेत्रमा रु. ८ खरब २३ अरब ६१ करोड र तटस्थ रहने क्षेत्रमा रु. ४ अरब ५५ अरब ३८ करोड विनियोजन भएकोमा गरिवी न्यूनीकरण क्षेत्रमा ८५.७० प्रतिशत र तटस्थ रहने क्षेत्रमा ८०.६१ प्रतिशत खर्च भएको।
- **औद्योगिक क्षेत्रको प्रवर्द्धन स्वदेशी लगानीलाई प्राथमिकता एवम् वैदेशिक लगानीलाई आकर्षण :**
  - २ सय ३० भन्दा बढी उद्योगहरुका ३ सय ५० वटा वस्तु एवम् प्रक्रियाका सम्बन्धमा नेपाल गुणस्तर इजाजत-पत्र प्रदान गरिएको,
  - उपभोक्ताका गुनासा तथा उजुरी सुनुवाइ गर्न हटलाइनको व्यवस्था गरिएको,
  - वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागबाट ४ हजार ९ सय १५ पटक व्यावसायिक संस्था वा फर्महरुको बजार अनुगमन गरिएको। वाणिज्य कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट ३ हजार ५ सय ९९ वटा फर्मको अनुगमन गरिएको। उपभोक्ता संरक्षण ऐन अन्तरगत ४३ वटा फर्महरुविरूद्ध मुद्दा दायर गर्न सरकारी वकिलको कार्यालयमा पठाइएको। अनुगमनपश्चात् ९३ वटा व्यवसाय बन्द गराइएको र २ सय ४६ वटाको कारोवार रोक्का गरिएको,
  - राष्ट्रिय भूकम्प मापन केन्द्र अन्तर्गतका साइस्मिक स्टेशनहरुलाई स्तरोन्नति गरी १० स्थानमा सञ्चालनमा रहेका भूकम्प मापन केन्द्रको मापन क्षमता अभिवृद्धि गरिएको,
  - बहुउद्धेश्यीय प्लाष्टिक उद्योग कार्यालयले नेपाली सेनाका लागि आवश्यक मोर्टार बम, प्लाष्टिक हेण्ड ग्रिनेड तथा प्लाष्टिक व्लांक एम्यिनिसन उत्पादन गरेको,

> ✓ भैरहवा विशेष आर्थिक क्षेत्रका सम्पूर्ण पूर्वाधार निर्माण कार्य सम्पन्न गरी निजी क्षेत्रलाई जग्गा लिज आउट गरिएको।
>
> ✓ सिमरा विशेष आर्थिक क्षेत्र भित्र गार्मन्ट प्रशोधन केन्दको पूर्वाधार निर्माण कार्य शुरु भएको।
>
> ✓ धनकुटामा निर्माणाधिन उद्योगग्रामको करिब ८०% निर्माण कार्य सम्पन्न भएको।
>
> ✓ गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सबै जिल्लामा आन्तरिकीकरण भएको,
>
> ✓ नवलपरासीको धौवादीमा रहेको फलाम खानीको परीक्षण र सिमेन्ट उत्पादनका लागि धादिङ्गको महादेवस्थानमा रहेको चुनढुङ्गा खानीको परीक्षण गरिएको,
>
> ✓ कञ्चनपुरको दैंजी, बाँकेको नौबस्ता, रुपन्देहीको मोतिपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा औद्योगिक क्षेत्र स्थापनाका लागि विस्तृत अध्ययन प्रतिबेदन तयार भएको।
>
> ✓ महिला उद्यमशिलता विकासकोष मार्फत ४६ जिल्लाका ३ सय ७४ महिला उद्यमीहरुलाई ६ करोड १० लाख सहुलियत ऋण उपलब्ध

- भैरहवा विशेष आर्थिक क्षेत्रका सम्पूर्ण पूर्वाधार निर्माण कार्य सम्पन्न गरी निजी क्षेत्रलाई जग्गा लिज आउट गरिएको।
- सिमरा विशेष आर्थिक क्षेत्र भित्र गार्मन्ट प्रशोधन केन्दको पूर्वाधार निर्माण कार्य शुरु भएको।
- धनकुटामा निर्माणाधीन उद्योगग्रामको करिब ८०% निर्माण कार्य सम्पन्न भएको।
- खानी तथा भूगर्भ विभागले नवलपरासीको धौवादी फलाम अन्वेषणमा २ सय ५० हेक्टर जमीनमा सर्भे कार्य सम्पन्न गरेको,
- महादेवस्थान धादिंगमा ३ सय १० मिटर चुनढुङ्गा खानी ड्रिलिङ्ग कार्य सम्पन्न भई नमूना रसायनिक प्रयोगशालामा परीक्षण भएको,
- जाजरकोट जिल्लाको ६ सय ५० वर्ग किलोमिटर क्षेत्रमा किमती तथा अर्धकिमती पत्थर अन्वेषण तथा प्रशोधन कार्य भएको,
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले १८ वटा तालिम सञ्चालन गरी ३ सय ८७ जनालाई उद्यमशीलता विकास तालिम दिइएकोमा ५७ प्रतिशतले व्यवसाय सञ्चालन गरिरहेका,
- ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि), इटहरीले कोरिडोर म्यापिङ्ग तयार गरी आयोजनाले लगानी गर्ने स्थान पहिचान गरेको। आयोजना अन्तरगतका जिल्लाहरुमा विदेश जाने घरधुरी र क्रियाकलाप पहिचान गरेको र GIS मा आधारित योजना सफ्टवेयर तयार गरेको,
- सिमेन्ट उद्योग विद्युत प्रसारण लाईनतर्फ नेपाल विद्युत प्राधिकरण मार्फत लमही-घोराही १ सय ३२ के. भी. प्रसारण लाईनमा घोराही र लमही सवस्टेशन निर्माण कार्य सम्पन्न भएको। कुल ३९ वटा टावर फाउण्डेशनमा ३३ वटा टावर फाउण्डेशन तथा २९ वटा टावर इरेक्सन कार्य सम्पन्न भएको,
- गरिबी निबारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) निर्देशिकाको तेस्रो संशोधनको मस्यौदा स्वीकृत भई सबै प्रदेशमा पठाइएको। कार्यक्रमलाई पूर्ण रूपमा सबै जिल्लामा आन्तरिकीकरण गरिएको,
- औद्योगिक क्षेत्र घोषणा भएका कञ्चनपुरको दैंजी, बाँकेको नौबस्ता, रूपन्देहीको मोतिपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा औधोगिक क्षेत्र स्थापनाका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार भएको र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया अघि बढेको,
- नेपालमा स्थापित चिनी उद्योगहरुको संरक्षणका लागि चिनीको पैठारीमा लाग्दै आएको भन्सार महसुलमा शत प्रतिशत वृद्धि गरी ३०% कायम गरिएको,
- भूकम्प पीडितहरुलाई सामूहिक जमानीमा ऋण उपलब्ध गराउने सम्बन्धी कार्यविधिमा संशोधन गरिएको,
- फ्रान्स, जर्मनी, बेलायत, मौरिसस, फिनल्याण्ड र भारत गरी ६ मुलुकसँग नेपालको दुई पक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (विप्पा) भएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्म ती राष्ट्रका लगानीकर्ताबाट १ हजार १ सय ३ उद्योगमा कुल विदेशी लगानीको करिव ४० प्रतिशत लगानीको प्रतिबद्घता आएको छ। यसमध्ये भारतका लगानीकर्ताको हिस्सा अधिक रहेको,
- उद्योग व्यवसाय सञ्चालन सहजताको अवस्था चित्रण गर्ने Doing Business Report, २०१८ अनुसार १ सय ९० देशमा नेपाल १०५ औं स्थानमा रहेको। सन् २०१७ मा नेपाल १०७ औं स्थानमा

रहेको थियो। सन् २०१८ मा १०० पूर्णाङ्कमा ५९.९५ अंक हासिल गरी व्यवसाय सञ्चालन सहजतामा सार्क देशमा नेपाल तेस्रो स्थानमा रहेको,

- Doing Business Index मध्ये नेपाल साना लगानीकर्ताको सुरक्षामा ६२ औं, सीमापार व्यापारमा ७६ औं, टाट पल्टिएको विवाद समाधानमा ७६ औं, सम्पत्ति दर्तामा ८४ औं र ऋण प्राप्तिमा ९० औं स्थानमा रहेको। त्यस्तै व्यवसायको सुरुवातमा १०९ औं, विद्युत उपलब्धतामा १३३ औं, कर भुक्तानीमा १४६ औं, करारको कार्यान्वयनमा १५३ औं र निर्माण अनुमतिमा १५७ औं स्थानमा रहेको,
- लगानीको रणनीतिक सोंच भएका युवाहरुलाई बीउ पूँजी (Seed Money) उपलब्ध गराउन रु. १ अरबको Challenge Fund को व्यवस्था गरिएको। अर्थतन्त्रको पुनरुत्थानका लागि रु. एक सय अरबको आर्थिक पुनरुद्धार कोषको स्थापना गरी सञ्चालनमा ल्याइएको। उद्योग, कृषि, पर्यटन र उर्जा क्षेत्रको विकासका लागि वित्तीय तथा कर प्रोत्साहन दिने नीति अवलम्बन गरिएको र १५ प्रतिशतसम्म महंगो भएता पनि स्वदेशी वस्तुको प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको,
- महिला उद्यमशीलता विकासकोष मार्फत ४६ जिल्लाका ३ सय ७४ महिला उद्यमीहरुलाई ६ करोड १० लाख सहुलियत ऋण उपलब्ध गराइएको।
- साना परियोजना कर्जा सुरक्षण गरी सुरक्षण शुल्कको ७५ प्रतिशत अनुदान दिने व्यवस्था गरिएको,
- विशालबजार कम्पनीको रू. ३ अरब ९६ करोड बराबरको ३ करोड ९६ लाख कित्ता शेयर आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको नाममा कायम गरिएको।

- **आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धन:**
  - व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले ३ दिनदेखि ३ महिने १२ वटातर्फ सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरी १ हजार २ सय ३९ जनालाई तालिम प्रदान गरेको, जसमध्ये सय जनाले विभिन्न क्षेत्रमा रोजगारी प्राप्त गरेका।
  - व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट फेब्रुअरी ७-९, २०१८ मा जापानको टोकियोमा आयोजना भएको मेलामा नेपाल पेभिलियन निर्माण गरी ४ वटा फर्म मार्फत वस्तु प्रदर्शनी गरिएको।

> ✓ वीरगञ्जस्थित एकीकृत जाँच चौकी हस्तान्तरण गरिएको,
> ✓ रक्सौल- अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना अन्तर्गत नेपालतर्फको कुल ३६.२८ कि. मी. मध्ये हालसम्म १६.५ कि. मी. लम्बाइको पाइपलाईन विस्तार गरिएको,
> ✓ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले १२ वटा सीपमूलक तालिम सञ्चालन गरी १,२३९ जनालाई तालिम प्रदान गरेको।

  - इन्टरमोडल यातायात विकास समितिले वीरगंज सुक्खा बन्दरगाहमा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरेको। काकरभिट्टा सुख्खा बन्दरगाहमा बहुउद्देश्यीय फेसिलिटी सेड र लिटिगेशन सेडको निर्माण कार्य सम्पन्न गरेको। वीरगंज स्थित एकीकृत जाँच चौकी समितिलाई हस्तान्तरण गरिएको। रसुवागढी सुख्खा बन्दरगाहका लागि जग्गा अधिग्रहणको कार्य सम्पन्न भएको तथा भैरहवा सुख्खा बन्दरगाहमा भवन विस्तार कार्य सम्पन्न भएको।
  - रक्सौल- अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना अन्तर्गत नेपालतर्फ निर्माण गरिने कुल ३६.२८ किलोमिटर मध्ये हालसम्म १६.५ किलोमिटर लम्बाइको पाईपलाईन बिछ्याइएको छ भने भारततर्फको ३२.२७ किलोमिटर मध्ये २५ किलोमिटर पाइपलाइन बिछयाउने कार्य सम्पन्न भई हालसम्म दुबैतर्फ गरी जम्मा ४१.५ किलोमिटर लम्बाइको पाइप लाइन बिछ्याउने कार्य सम्पन्न भएको।

- नेपाल र चीनबीच पारवहन सुविधाको उपयोगको लागि पारवहन ढुवानी सम्झौता सम्पन्न भई यसको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रोटोकलको मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालय मार्फत चिनियाँ पक्षलाई उपलब्ध गराइएको।
- नेपाल-बंगलादेश वाणिज्य सचिव स्तरीय अन्तर-सरकारी समितिको बैठक सम्पन्न भई व्यापार तथा पारवहन सम्बन्धी विषयहरुमा सहमती भएको।
- नेपालले विश्व व्यापार संगठन (WTO) मा पेश गर्ने गरी Trade Policy Review को प्रतिवेदन तयार गरेको।
- नेपालको Transit Cargo लाई छिटो छरितो र लागत किफायती बनाउने सम्बन्धमा भारतको कोलकाता बन्दरगाहबाट नेपालको प्रमुख भन्सार नाकाहरुसम्म आवतजावत हुने कन्टेनरमा Electronic Cargo Tracking System-ECTS को कार्यविधि र Modality, (Protocol) स्वीकृत भएको।
- नेपाली वस्तुहरुलाई अन्तर्राष्ट्रियस्तरमा पहिचान गराई बजार विविधीकरण तथा विस्तार गरी निर्यात प्रवर्द्धन तथा निर्यात वृद्धि गर्ने उद्देश्यले ८ देशका १० शहरहरुमा भएका अन्तर्राष्ट्रिय व्यापार महोत्सवहरुमा सहभागिता जनाएको।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको बजार पहुँच वृद्धि गर्न नर्वे, सिंगापुर, न्यूजिल्याण्ड, अस्ट्रेलिया र अमेरिकामा नेपाली कफीको ट्रेडमार्क दर्ता गर्ने कार्य सम्पन्न गरिएको।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली अलैंचीको बजार प्रवर्द्धन गर्नकf लागि भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्समा नेपाली अलैंचीको सामूहिक व्यापार चिन्ह (Collective Trade Mark) दर्ता गरिएको।
- कृषि उत्पादन वृद्धि र उर्जा विकासका कार्यक्रमलाई थप सहजीकरण गरी निर्यात प्रवर्द्धन गर्न "व्यापारका लागि सहायता" नीति निरन्तर अवलम्बन गरिएको।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न आयात/निर्यातकर्ताहरुलाई आयात निर्यात संकेत नम्बर (EXIM CODE) प्रदान गर्ने कार्य २०७४ श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याइएको।
- आलोपालो गरी प्रत्येक वर्ष हुनुपर्ने तर सन् २०१४ देखि नियमित हुन नसकेको भन्सार प्रशासनका महानिर्देशकको १८ औं श्रृंखलाको द्विपक्षीय वार्ता २०७४ असोजमा भारतको नयाँदिल्लीमा सम्पन्न भएको।

- **वैदेशिक सहायताको परिचालन:**
  - वैदेशिक सहायता नीति अनुरूप विकासका प्राथमिकता र आवश्यकताका लागि राष्ट्रिय स्वामित्व र नेतृत्व रहने गरी वैदेशिक सहायता परिचालन गरिएको।
  - क्षेत्रगत बजेट सहायता, राष्ट्रिय योजनामा समावेश हुने एकल परियोजना, एकल परियोजनाको निमित्त साझा कोष, कार्यक्रममा आधारित सहायता र मानवीय सहायता जस्ता क्षेत्रमा विदेशी सहायता परिचालन गर्ने ढाँचा तयार गरी लागू गरिएको। राष्ट्रिय प्रणालीमा आबद्धता नभएका सहयोग स्वीकार नगर्ने नीतिलाई निरन्तरता दिइएको।
  - सहायता परिचालनको अभिलेखलाई पारदर्शी बनाउन Aid Management Platform सम्बन्धी विद्युतीय प्रणाली कार्यान्वयन भई यसमा ३० वटा परियोजना प्रविष्ट गरिएको र Project Readiness Filter प्रणाली लागू गरिएको।
  - वैदेशिक सहायता अन्तर्गत ऋणतर्फ रु. १ खरब १७ अरब ७ करोड ४३ लाखको प्रतिबद्धता प्राप्त भएकोमा रु. ८० अरब ८ करोड ७५ लाख उपयोग (प्राप्ति) भई प्रतिबद्धताको ६८.४० प्रतिशत खर्च हुन गएको। त्यस्तै अनुदानतर्फ रु. १ खरब १६ अरब ६० करोड ८४ लाखको

प्रतिबद्धता प्राप्त भएकोमा रु. ३२ अरब ५२ करोड ६१ लाख उपयोग (प्राप्ति) भई प्रतिबद्धताको २७.८९ प्रतिशत खर्च हुन गएको।

## २.२.५. कृषि र भूमिसुधार सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (ङ) ले कृषि र भूमिसुधारका सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

२. अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

३. किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

४. भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

५. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

### ख. कृषि तथा भूमिसुधार सम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरूः

- देहाय बमोजिमका नीति, ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु तर्जुमा एवम् परिमार्जन गरिएकोः
  - भूमि सम्बन्धी नीतिको मस्यौदा,
  - खाद्य स्वच्छता नीतिको मस्यौदा,
  - भू-उपयोग ऐनको मस्यौदा,
  - नयाँ गुठी ऐनको मस्यौदा,
  - कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७५ को मस्यौदा,
  - कृषि तथा भूमि व्यवस्थापन क्षेत्रमा विद्यमान समस्या सम्बोधनका लागि ५८ बुंदे रूपान्तरण मार्गचित्र अनुसार कार्यान्वयन कार्ययोजना,
  - कृषि तथा पशुपन्छी क्षेत्रको रूपान्तरण र विकासका लागि ५८ बुँदे "रूपान्तरणको मार्गचित्र, २०७५" तर्जुमा भई कार्ययोजनासहित कार्यान्वयनमा ल्याइएको,
  - भूमिमाथिको द्वैध स्वामित्व सम्बन्धी समस्या एक वर्षभित्र समाधान गर्न मन्त्रालयमा मोहियानी समस्या समाधान एकाइ गठन गरी कार्य शुरु गरिएको,
  - मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम जग्गा प्रशासन सम्बन्धी निर्देशिकाको मस्यौदालाई अन्तिम रूप दिइएको,
  - जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ तर्जुमा सहमतिका लागि मन्त्रिपरिषद्बाट पारित भएको,
  - मन्त्रालय अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुका लागि आवश्यक १० वटा कार्यविधि स्वीकृत गरिएको।
- **कृषि विकास :**
  - नेपाल सरकारको निर्णयानुसार विषयगत कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रहरु स्थानीय तहलाई हस्तान्तरण गरी स्थानीय तहबाट प्रवाह हुने सेवा एकीकृत भएको।

- नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार साविकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालय खारेज भई प्रदेश सरकार मातहत रहने गरी ५१ वटा कृषि ज्ञान केन्द्र र ४७ वटा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गठन भएको।
- उच्च मूल्य जाने वस्तुमा ६ हजार ७ सय ७२ हेक्टर क्षेत्रफल विस्तारबाट ५४ हजार १ सय ७८ मेट्रिक टन उच्च मूल्य बाली उत्पादन भई प्रति घरपरिवार वार्षिक रु. ७८ हजार ६ सय ५४ थप आम्दानी वृद्धि भएको।
- १ लाख ६७ हजार २ सय ७५ मौरी घार, ४ सय २३ पावर टिलर, २८ हजार ९ सय ४५ प्लाष्टिक क्रेट, २ हजार १ सय १७ स्प्रेयर टंकी, ३ हजार ८१ हजारी वितरण भएको र ४ हजार ७ सय १३ प्लाष्टिक हाउस निर्माण भएको।
- ७ वटा ल्याव, ८२ वटा प्रशोधन भवन, ९ हजार ८ सय ५ मेट्रिक टन क्षमताको गोदाम घर, १२ हजार ६ सय २५ मेट्रिक टन क्षमताको १० वटा शीतगृह र १ सय २१ वटा संकलन केन्द्र निर्माणाधीन रहेको।
- फलफूलका २ लाख २५ हजार ८ सय ७० बिरुवा, आलङ्कारिक फूलका ५६ हजार ८ सय ७० बिरुवा उत्पादन तथा बिक्री वितरण कार्य सम्पन्न भएको।
- १ हजार ६ सय ३४ के. जी. तरकारी बीउ उत्पादन भएको, २१.४२ मेट्रिक टन आलु बीउ उत्पादन भएको, २२,२२६.५ हजार तरकारी बेर्ना बिक्री वितरण गरिएको, फलफूल बगैंचामा १ सय ३४ पटक प्राविधिक सेवा सञ्चालन गरिएको।
- १७ वटा स्कूलमा हर्टिकल्चर तालिम सञ्चालन गरिएको।
- १ हजार ५ सय ६० मेट्रिक टन ताजा तरकारी बिक्री बितरण गरिएको।
- ४ वटा अर्गानिक कृषि पर्यटन स्थापनाका लागि ५० प्रतिशत अनुदान (रु.२५ लाख प्रति होमस्टे) उपलब्ध गराइएको।
- बाँसको प्लाष्टिक घर-४१ वटा, जि. आई. पाईपको प्लाष्टिक घर-२३ वटा, नेचुरल भेन्टीलेटेड ग्लास हाउस २० वटा र एग्रिनेट हाउस १० वटा निर्माण भएका।
- विभिन्न बालीका ४० वटा जातहरु सूचीकृत गरिएको।
- विभिन्न प्रयोगशालाबाट सङ्कलन गरिएको नमूनाको ६ सय ६४ वटा क्रस-चेक परीक्षण सम्पन्न गरिएको।
- २ हजार ७ सय मेट्रिक टन श्रोत बीउ प्रमाणीकरण गरिएको।
- खाद्यान्नमा १.५ प्रतिशत वृद्धि र तरकारीमा ५ प्रतिशतले बीज प्रतिस्थापन दर (Seed Replacement Rate) वृद्धि गरिएको।
- मत्स्यपालनमा २५९.८ हेक्टर थप क्षेत्रफल वृद्धि भएको, मत्स्य उत्पादनमा ११.६९ प्रतिशतले वृद्धि भई ७७ हजार मेट्रिक टनबाट ८६ हजार मेट्रिक टन पुगेको।
- ट्राइकोडर्मा २ सय ६ क्विन्टल, एन. पी. भी. २० लीटर, च्याउको बीउ, ४ हजार बोटल र आइ. जे. इन्टोमोप्याथोजेनिक नेमाटोड ४,५०० हजार उत्पादन भई वितरण भएको।
- ७ सय ८९ वटा विषादी पञ्जीकरण गरिएका, १ हजार १६ जनालाई खुद्रा विषादी बिक्रेता इजाजत-पत्र प्रदान गरिएको, ७ सय ९६ वटा खुद्रा विषादी बिक्रेता इजाजत-पत्र नवीकरण गरिएको।
- ६ हजार ८ सय ५५ वटा बिरुवा स्वस्थताको प्रमाण-पत्र वितरण गरिएको।

- ३२ हजार ९ सय ११ वटा आयात इजाजत-पत्र जारी गरिएको।
- ४ सय के. जी. कपासको श्रोत बीउ वितरण गरिएको, जुट बालीको रेटिङ पोखरी निर्माण गरिएको।
- ५ हजार २ सय ९१ संख्यामा बीउ नमुना परीक्षण गरिएको।
- विभिन्न बालीको २ हजार ९ सय ३१ मेट्रिक टन बीउ प्रमाणीकरण गरिएको।
- १५ वटा अधिकृतस्तरीय तालिमबाट २ सय ४९ जना कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको।
- १६ वटा प्रा. स., ना. प्रा. स.स्तरीय तालिमबाट ३ सय ३९ जना र ३५ वटा अगुवा कृषकस्तरीय तालिमबाट ८ सय २८ जनाले तालिम प्राप्त गरी क्षमता अभिवृद्धि भएको।
- ५ सय ८५ हेक्टरमा बीज वृद्वि भएको।
- १ सय ५२ वटा भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको।
- ७७ वटा विपन्न समुदायमा लक्षित आय आर्जन कार्यक्रम सम्पन्न भई कृषकहरु लाभान्वित भएका।
- विशेष कृषि कार्यक्रम लागु भएका जिल्लामा १७ सय मेट्रिक टन धान, २ हजार १ सय ३८ मेट्रिक टन गहुको उन्नत बीउ, ५ सय मेट्रिक टन उन्नत मकैको बीउ, १५.६१ मेट्रिक टन मसुरोको उन्नत बीउ, ४.९१ मेट्रिक टन तोरीको उन्नत बीउ, १ टन सिमीको बीउ र ५.३ मेट्रिक टन मुंगको उन्नत बीउ वितरण भएको।
- कृषि सामग्री कम्पनी लिमिटेड मार्फत २,४०,१६१.२७ मेट्रिक टन रासायनिक मल (युरिया - १,५३,९१७.५५ मेट्रिक टन, डि. ए. पी. - ८०,२४४.०७ मेट्रिक टन, पोटास - ५,९९९.६५ मेट्रिक टन) र कृषि चुन २६७.३२५ मेट्रिक टन कृषि चुन वितरण गरिएको,
- साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड मार्फत १,१८,४७२.६५ मेट्रिक टन रासायनिक मल (युरिया- ८७,९७६.५० मेट्रिक टन, डि. ए. पी.- २८,३१९.०० मेट्रिक टन, पोटास- २,१७७.१५ मेट्रिक टन) वितरण गरिएको।
- ९०७.२९ मेट्रिक टन श्रोत बीउ/बेर्ना (धान, मकै, गहुँ, अन्य खाद्यान्नः जौ, कोदो, फापर, आलु, दलहन, तेलहन, जुट, उखु, तरकारी, अदुवा, बेसार, ढैचा र घाँसको बीउ) उत्पादन गरिएको।
- कृषि अनुसन्धान केन्द्रद्वारा धानमा (चैते ५, बहुगुणी १, बहुगुणी २, हर्दिनाथ ३) , गहुँमा (मुनाल, च्याखुरा, खजुरा ड्युरम १ र खजुरा ड्युरम २) , मकैमा (पोषिलो मकै २, रामपुर ४ र मनकामना ७), हलेदोमा कपुरकोट हलेदो २) नयाँ जात (उन्मोचीत जात) उत्पादन गरिएको।
- आलु ग्रेडिङ्ग मेशिनको सुधार तथा परीक्षण, मकै लगाउने मेसिनको प्रमाणीकरण, हलुका हाते औजारहरुको विकास तथा सुधार कार्य भएको।
- कीटनाशक विषादि Chlorantraniliprol or Sniposad @0.25 प्रतिशत मात्रामा प्रयोग गर्नाले उखुमा लाग्ने गबारो व्यवस्थापन भएको।
- निमको पातको झोल ३० प्रतिशत प्रयोग गर्दा गहुँमा डढुवा रोग कम लाग्नुका साथै कुनै उपचार नगरेकोमा भन्दा २८ प्रतिशतले उत्पादन वृद्धि भएको।
- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ को कार्यान्वयनबाट ६ हजार ५ सय ३२ कृषकले रु. ८ अरब २४ करोड रकम उपयोग गरेका र नेपाल सरकारबाट रु. २८ करोड ८० लाख ब्याज अनुदान प्रदान गरिएको।
- देशभरका १४ जिल्लामा व्यावसायिक चिया खेती सर्वेक्षण गरिएको देशभर कुल १२ हजार हेक्टरमा चिया खेती गरिएको र करिव १० करोड किलो हरियो चियापत्ती उत्पादन भएको पाइएको।

- हिमाल, पहाड र तराईका गरी कुल २६ जिल्लामा स्याउ, केरा, आँप र सुन्तलाजस्ता प्रमुख ४ वटा स्थायी बालीहरू समेटेर उत्पादन लागत सर्वेक्षण गरिएको।

- **पशुपन्छी विकास:**
  - पशुपन्छी विकास कार्यक्रमका मुख्य सूचकहरुको प्रगति देहाय बमोजिम रहेको:

| नतिजा सूचक | एकाइ | वार्षिक लक्ष्य | वार्षिक प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| दूध उत्पादन | हजार मेट्रिक टन | २,२९६ | २,०८५ | ९१ |
| मासु उत्पादन | हजार मेट्रिक टन | ३७९ | ३४७ | ९२ |
| अण्डा उत्पादन | गोटा करोडमा | १४५ | १४७ | १०० |
| कृत्रिम गर्भाधान | संख्या हजारमा | ५०० | ५७१.७ | १०० |
| पशुपन्छी खोप उत्पादन | डोज हजारमा | ३५,५५० | ३५,९४६ | १०० |
| पशुपन्छी खोप सेवा | संख्या हजारमा | ३५,५५० | ३५,९४६ | १०० |

  - मुस्ताङको लोघ्याकर दामोदर कुण्ड गाउँपालिकामा २ सय ७० सङ्ख्यामा च्याङ्ग्राको श्रोत केन्द्र स्थापना तथा सञ्चालन भएको।
  - ३१.८ मेट्रिक टन घाँसको बीउ विभिन्न स्थानबाट खरिद गरी सहकारीहरु मार्फत कृषकहरुलाई वितरण गरिएको।
  - दूध उत्पादन तथा बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रममा ३ सय १७ प्रस्तावहरुमध्ये १ सय ९८ सहकारी संस्था छनौट भई प्रति लिटर दूध रु. १ का दरले रु. ७ करोड अनुदान किसानहरुले प्राप्त गरेका।
  - उन्नत गाई श्रोत केन्द्र स्थापना कार्यक्रम अन्तर्गत स्थापित ८ वटा गाई श्रोत केन्द्रमा रहेका झण्डै ८ हजार उन्नत गाईबाट वार्षिक ६ हजार उन्नत बाच्छा बाच्छी उत्पादन भई देशभित्र उन्नत गाईको मागलाई पूर्ति गर्न सहयोग पुगेको।
  - ३५ हजार ७४ हेक्टर जग्गामा विभिन्न जातका घाँस खेती गरिएको र १३ हजार ५ सय ७८ के. जी. घाँसको बीउ उत्पादन भएको।
  - ६ लाख ५० हजार डोज जमेको वीर्य उत्पादन भई ५ लाख ७१ हजार ७ सय ७१ पशु वस्तुहरुमा कृत्रिम गर्भाधान गरिएको।
  - चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ९, सुर्तनी, काठमाण्डौ जिल्ला तारकेश्वर नगरपालिका र ललितपुर जिल्ला गोदावरी नगरपालिकामा पन्छीमा देखापरेको वर्डफ्लु रोग नियन्त्रण कार्य सम्पन्न गरिएको।

> ✓ उन्नत गाई श्रोत केन्द्र स्थापना कार्यक्रम अन्तर्गत ८ हजार उन्नत गाईबाट वार्षिक ६ हजार उन्नत बाच्छाबाच्छी उत्पादन भएको,
>
> ✓ ६,५०,००० डोज जमेको वीर्य उत्पादन भई ५,७१,७७१ पशु वस्तुहरुमा कृत्रिम गर्भाधान गरिएको,
>
> ✓ उच्च मूल्य जाने वस्तुमा ६,७७२ हेक्टर क्षेत्रफल विस्तारबाट ५४,१७८ मेट्रिक टन उच्च मूल्य वाली उत्पादन भई प्रति घरपरिवार बार्षिक रु. ७८,६५४ थप आम्दानी वृद्धि भएको,
>
> ✓ २५९.८ हेक्टर थप क्षेत्रफल वृद्धिवाट मत्स्य उत्पादन ७७,००० मेट्रिक टनबाट ८६,००० मेट्रिक टन पुगेको,
>
> ✓ कृषि सामग्री कम्पनी लिमिटेड २,४०,१६१.२७ मेट्रिक टन रासायनिक मल (युरिया-१,५३,९१७.५५ मेट्रिक टन, डि. ए. पी. -८०,२४४.०७ मेट्रिक टन, पोटास - ५,९९९.६५ मेट्रिक टन) र २६७.३२५ मेट्रिक टन कृषि चुन वितरण गरिएको,
>
> ✓ साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड मार्फत १,१८,४७२.६५ मेट्रिक टन रासायनिक मल (युरिया -८७,९७६.५० मेट्रिक टन, डि. ए. पी. - २८,३१९.०० मेट्रिक टन, पोटास - २,१७७.१५ मेट्रिक टन) वितरण भएको।

- हिमाली आयोजना लागू भएका जिल्लाहरुमा ५ वटा सेवा केन्द्रका लागि प्रिफ्याव भवन निर्माण सम्पन्न भएको।

- **भूमि सुधारः**
  - भूमि प्रशासनको क्षेत्रमा नवीनतम अवधारणा “उद्देश्य अनुरूपको जग्गा प्रशासन” सम्बन्धी अध्ययन कार्य भइरहेको।
  - ८ वटा मालपोत कार्यालयमा जग्गा प्रशासन सम्बन्धी अनलाइन सेवा विस्तार गरी उक्त सेवा उपलब्ध हुने मालपोत कार्यालयको संख्या २७ पुऱ्याइएको।
  - सगरमाथा उचाइ मापन कार्य अन्तर्गत १६९.२८ किलोमिटर समतलन नापी सम्पन्न गरिएको, ४९ वटा भू-आकर्षण विन्दुहरुमा मेनुमेन्टशन् तथा Global Positioning System (GPS) सर्वेक्षण गरिएको, सिराहाको माडरदेखि ओखलढुंगाको खुर्मी सडक खण्डमा पर्ने ४९ वटा स्थायी बेन्च मार्क (PBM) तथा विशेष विन्दुहरुमा Global Navigation Satellite System (GNSS) सर्वेक्षण सम्पन्न गरिएको।
  - नापी कार्यालयको लागि Cadastral Application System (CAS) तयार गरिएको।
  - नेपाल-भारत सीमा क्षेत्रमा संयुक्त फिल्ड कार्य अन्तर्गत ४ सय ३१ वटा नयाँ स्तम्भ निर्माण, १ सय ५० वटा स्तम्भको सामान्य मर्मत, ४ वटा स्तम्भको विशेष मर्मत तथा १६ वटा स्तम्भमा रङ्गरोगन कार्य सम्पन्न गरिएको।
  - भूमि शब्दकोश परिमार्जन गरी प्रकाशन गरिएको।
  - भूमि सम्बन्धी मोबाइल एप निर्माण गरिएको।
  - अनलाइन प्रविधिमा आधारित प्रगति अनुगमन प्रणाली तयार गरिएको।
  - गुठी जग्गाको अभिलेख कम्प्युटर प्रविधिमा राख्ने र पूर्जाको नक्कल लगायत अभिलेख कम्प्युटरबाटै उपलब्ध गराउने कार्य शुरु भएको।

> ✓ भूमिको द्वैध स्वामित्व सम्बन्धी समस्या एक वर्षभित्र समाधान गर्ने गरी कार्य आरम्भ गरिएको,
> ✓ ८ वटा मालपोत कार्यालयमा जग्गा प्रशासन सम्बन्धी सेवा विस्तार गरी २७ वटा कार्यालयमा पुऱ्याइएको,
> ✓ नेपाल-भारत सीमा क्षेत्रमा संयुक्त फिल्ड कार्य गरी ४३१ वटा नयाँ सीमा-स्तम्भ निर्माण गरिएको।

## २.२.६. विकास सम्बन्धी नीति

**क. विकास सम्बन्धमा संविधानको धारा ५१ (च) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

२. विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

३. विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

४. वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

५. राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,

६. विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

७. एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

८. जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।

### ख. विकाससम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

- **योजना तर्जुमा एवम् अनुगमन**
  - आयोजनाको राष्ट्रिय प्राथमिकताक्रम निर्धारण सम्बन्धी आधार, २०७४ तयार गरी लागू गरिएको।
  - सन् २०१८ देखि पाँच वर्षका लागि "बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) - Multisector Nutrition Plan II" तर्जुमा भई नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
  - स्थानीय आवधिक योजना तर्जुमा दिग्दर्शनको अन्तिम मस्यौदा स्वीकृतिको चरणमा रहेको।
  - तीन आर्थिक वर्ष (२०७५/७६ देखि २०७७/७८ सम्म) को मध्यकालीन खर्च संरचना र आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम स्वीकृत गरिएको।
  - प्रधानमन्त्रीको अध्यक्षता चौमासिक रूपमा राष्ट्रिय विकास समस्या समाधान समितिको तीनवटा बैठक बसी विकास कार्यमा देखिएका विभिन्न समस्याहरुको समाधान गरिएको।

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा "बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण लगानी खाका" तयार गरिएको।
- दिगो विकासका लक्ष्यहरु (SDGs) लाई नेपालको योजनाबद्ध विकासको प्रयाससँगै पूर्णरूपमा कार्यान्वयनमा ल्याउन उक्त लक्ष्यहरुको विश्वव्यापी एवम् राष्ट्रिय सूचकहरु सहित राष्ट्रिय आधारभूत तथ्याङ्क समेटिएको नेपाल दिगो विकास लक्ष्यहरु (वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०) तयार गरी प्रकाशित गरिएको।
- नेपाल बहुआयामिक गरिबी प्रतिवेदन (Nepal Multidimensional Poverty Report, 2018) तयार गरिएको।
- राष्ट्रिय आर्थिक गणना, २०७५ सम्पन्न गरिएको।
- देहायका कार्यक्रम/आयोजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गरिएको :

> ✓ दिगो विकासको लक्ष्यहरु (SDGs) लाई योजनावद्ध विकासको प्रयाससँगै पूर्णरुपमा कार्यान्वयनमा ल्याउन राष्ट्रिय आधारभूत प्रतिवेदन विश्वव्यापी एवम् राष्ट्रिय सूचकहरुसहितको अनुगमन तथा मूल्याङ्कन खाका प्रकाशित गरिएको,
> ✓ स्थानीय आवधिक योजना तर्जुमा दिग्दर्शनको अन्तिम मस्यौदा तयार,
> ✓ "बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०)-Multisector Nutrition Plan II" स्वीकृत भएको,
> ✓ नेपाल बहुआयामिक गरिबी प्रतिवेदन (Nepal Multidimensional Poverty Report, २०१८) तयार गरिएको,
> ✓ राष्ट्रिय आर्थिक गणना, २०७५ सम्पन्न गरिएको।

- **कृषि मन्त्रालय अन्तर्गतका कार्यक्रमहरु :**
  - प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना,
  - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (झापा) ,
  - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, तरकारी जोन, चितवन,
  - सुपरजोन कार्यान्वयन एकाइ (धान) वनियानी झापा,
  - Custom Hiring Center (झापा) ,
  - गोरखा टी र इलामेली चिया उत्पादन संस्था, फिक्कल इलाम,
  - पूर्वाद्ध डेरी उद्योग,
  - व्यावसायिक कृषि तथा व्यापार आयोजना।
- नारायणघाट - मुग्लिङ्ग सडक आयोजना,
- मेलम्ची खानेपानी आयोजना,
- घरेलु तथा साना उद्योग विकास समिति (स्याङ्गजा)।
- देहायका कार्यक्रम/आयोजनाहरुको आन्तरिक मूल्याङ्कन गरिएको
  - पर्यटन पूर्वाधार विकास कार्यक्रम,
  - राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र।
- देहायका कार्यक्रम/आयोजनाहरुको तेस्रो पक्षबाट मूल्याङ्कन गरिएको
  - विद्यालय क्षेत्र विकास कार्यक्रम,
  - प्रारम्भिक बाल विकास कार्यक्रम,
  - गरिबी निवारण कोष,
  - कृषि तथा खाद्य सुरक्षा आयोजना,
  - पश्चिम नेपाल खानेपानी तथा सरसफाइ आयोजना।

- **सडक, पुल, रेलमार्ग एवम् भौतिक पूर्वाधार:**

| नयाँ सडक निर्माण | खण्डास्मित सडकको स्तरोन्नति | कालोपत्रे सडकको स्तरोन्नति | आवधिक मर्मत | पुल निर्माण |
|---|---|---|---|---|
| • ९७१ कि.मी. | • १,३१३ कि.मी. | • ९०४ कि.मी. | • ३३२ कि.मी. | • ८२ वटा |

  - **देहाय बमोजिमका सडक तथा पुल निर्माण भएको :**
    - नयाँ सडक निर्माण — ९ सय ७१ किलोमिटर,
    - खण्डास्मित सडकको स्तरोन्नति — १ हजार ३ सय १३ किलोमिटर,
    - कालोपत्रे सडकको स्तरोन्नति — ९ सय ४ किलोमिटर,
    - आवधिक मर्मत — ३ सय ३२ किलोमिटर,
    - पुल निर्माण - ८२ वटा,
    - मध्यपहाडी (पुष्पलाल) लोकमार्गको ६३ किलोमिटर कालोपत्रे, १ सय २५ किलोमिटर ग्राभेल, ५० किलोमिटर ट्र्याक निर्माण र ६ सय ९३ किलोमिटर सडक स्तरोन्नति कार्यका लागि ठेक्का व्यवस्थापन भई निर्माण कार्य भइरहेको,
    - हिल्सा-सिमिकोट सडक १०.५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको,
    - कोशी कोरिडोर ३६ किलोमिटर ट्र्याक र १५ किलोमिटर ग्राभेल सडक निर्माण भएको,
    - काठमाडौं उपत्यका सडक विस्तार आयोजनाबाट ३२ कि.मी. सडकको विस्तार सम्पन्न भएको,
    - हुलाकी राजमार्ग अन्तर्गत २८ किलोमिटर कालोपत्रे, १ सय ९५ किलोमिटर ग्राभेल र १० वटा पुल निर्माण कार्य सम्पन्न भएको। ५ सय ५४ किलोमिटर सडक स्तरोन्नति कार्य र १५ वटा पुल निर्माणको कार्य शुरु भएको। वीरगञ्ज ठोरी सडकको ६० किलोमिटर स्तरोन्नतिको कार्य शुरु भएको,
    - गल्छी-त्रिशुली-बेत्रावती-मैलुंग (४६ किलोमिटर) सडकलाई दुई लेनको स्तरमा स्तरोन्नति गर्ने कार्य भइरहेको,
    - बेनी-जोमसोम (७५ किलोमिटर) तथा जोमसोम-कोरला (१०० किलोमिटर) दुई लेनमा ग्राभेल स्तरमा स्तरोन्नति गर्ने कार्य अन्तर्गत सडक चौडा गर्ने कार्य, टेवा पर्खाल निर्माण कार्य भइरहेको,
    - बेलहिया-बुटवल सडकको ६ लेनमा सडक विस्तार कार्यक्रम अन्तरगत १५ किलोमिटर कालोपत्रे सम्पन्न भएको,
    - रानी-विराटनगर-इटहरी सडकको ६.५ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको,
    - वीरगंज-पथलैया सडक १.५ किलोमिटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको,
    - जटही-जनकपुर-ढल्केवर ३.८ किलोमिटर सडकको विस्तार कार्य सुचारु रहेको,
    - मोहनापुल-अत्तरिया खण्ड १४.२ किलोमिटर सडकको विस्तार कार्य सुचारु रहेको,
    - सगरमाथा लोकमार्ग अन्तर्गत गाईघाट-दिक्तेल सडक खण्डको १ सय १ किलोमिटर सडक स्तरोन्नति कार्य सुचारु रहेको,
    - सासेक रोड कनेक्टिभिटी प्रोजेक्ट मार्फत नदाहा-कोशीपुल-चतरा-रूपनगर सडक २१.४८ किलोमिटर, लेगुवाघाट-भोजपुर सडक खण्ड १७.७९ किलोमिटर, हलेसी-दिक्तेल सडक ३.३ किलोमिटर कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको,
    - धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली बजार-हेटौंडा सडकको ५६ किलोमिटर ग्राभेल कार्य सम्पन्न भएको,

- पूर्व पश्चिम लोकमार्गको नारायणघाट-बुटवल खण्डको १ सय १२ किलोमिटरलाई चार लेनको द्रूत मार्गका रूपमा निर्माणका लागि प्रारम्भिक कार्य शुरु भएको,
- नागढुङ्गा - नौबिसे सुरुङ्ग मार्ग निर्माण सम्बन्धमा परामर्शदाताबाट डिजाइन सम्पन्न भई ठेक्का आव्हान कार्य सम्पन्न भएको,
- चक्रपथ विस्तार आयोजना अन्तर्गत कोटेश्वर-कलंकी सडक १०.२० किलोमिटर मध्ये ९ किलोमिटर विस्तार सम्पन्न भएको,
- नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजना अन्तर्गत मुग्लिङ्ग-नारायणघाट खण्ड सडकको ३६ किलोमिटर मध्ये ३१.२ किलोमिटर सडकलाई डेडिकेटेड डवल लेनमा विस्तार गरिएको,
- मेची महाकाली विद्युतीय रेलमार्गको काँकडभिट्टा-बर्दिबास-सिमरा-बुटवल खण्ड (६३८ कि. मि.) को विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको,
- मेची महाकाली विद्युतीय रेलमार्गको बुटवल-गङ्गाचौकी खण्ड (४०९ किलोमिटर) को विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य ९० प्रतिशत सम्पन्न भएको,
- सिमरा-बर्दिबास रेलमार्ग अन्तर्गत बर्दिबास-लालबन्दी खण्डमा २५ किलोमिटर ट्र्याकबेड निर्माण कार्य सम्पन्न, २ सय २५ मी. लामो कालिन्जोर पुलको निर्माण कार्य सम्पन्न, १ सय ७५ मी. लामो फुलजोर पुलको ५० प्रतिशत निर्माण कार्य सम्पन्न, Road Under Bridge (RUB) १३ वटा निर्माण सम्पन्न, जनावर मार्ग ६८ वटा निर्माण सम्पन्न, बर्दिबास-निजगढ खण्डको थप ८ वटा पुलको ठेक्का सम्झौता भएको,
- काठमाडौं-वीरगञ्ज लिंक रेलमार्ग पूर्व सम्भाव्यता अध्ययन कार्यका लागि Preliminary Engineering-cum-Traffic Survey भइरहेको,
- केरुङ्ग-काठमाडौ रेलमार्गको पूर्व सम्भाव्यता अध्ययन कार्य भइरहेको,
- निजगढ-हेटौंडा-भरतपुर रेलमार्गको १ सय ३७ किलोमिटर सम्भाव्यता अध्ययन सम्पन्न भएको,
- बर्दिबास-सिमरा खण्डको लालबन्दी-बाग्मती क्षेत्रमा थप १८ किलोमिटर रेलमार्गका लागि मुआव्जा निर्धारण भएको,
- रेलमार्गका लागि बर्दिबास-लालबन्दी, जयनगर-बिजुलपूरा-बर्दिबास र विराटनगर-जोगबनी गरी २ सय २७ हेक्टर जग्गा अधिग्रहण गरिएको।

- **नेपाली सेनाबाट विभिन्न महत्त्वपूर्ण सडकहरुको निर्माण:**

| | |
|---|---|
| काठमाडौं तराई मधेश द्रुत मार्ग | • ५४ कि.मी. सडक निर्माण कार्य भइरहेको। |
| जाजरकोट - डोल्पा (दुनै) सडक | • ११४ कि.मी. ट्र्याक खोलिएको। |
| कालीगण्डकी करिडोर | • ७६.४ कि.मी. सडक निर्माण कार्य सम्पन्न भई उक्त सडकको चौडाइ १० मीटर फराकिलो गर्ने कार्य भइरहेको। |
| त्रिशुली - स्याफ्रुवेशी - रसुवागढी (मैलुङ खोला - स्याफ्रुवेशी) सडक | • १० कि.मी. सडक खण्डमा डबल लेनको निर्माण कार्य सम्पन्न गरी सडक विभागलाई १७ कि.मी. सडक हस्तान्तरण गरिएको। |
| कर्णाली करिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) | • १४५ कि. मी. सडकमध्ये यस आ. ब. मा ५७ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको। |
| गोरखा-आरुघाट-लार्के भन्ज्याङ्ग सडक | • ११८ कि. मी. सडकमध्ये हालसम्म १५ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतिको कार्य भइरहेको। |

- **काठमाण्डौं तराई/मधेस द्रुतमार्ग अन्तर्गत:**
  - ५४ किलोमिटर सडक खण्डमा सेना तथा विभिन्न निर्माण कम्पनीबाट कटिङ्ग, फिलिङ्ग तथा रोड स्ट्रक्चर निर्माण कार्य भइरहेको,
  - रुखहरू काट्ने काम ९६ प्रतिशत (१९,४९६ वटा) भन्दा बढी सम्पन्न भएको,
  - द्रुतमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न छनौट भएका ६ वटा फर्मबाट पेश भएको प्राविधिक तथा वित्तीय प्रस्ताव अध्ययन/विश्लेषण कार्य भइरहेको,
  - प्रस्तावित १० वटा क्याम्पमध्ये ८ वटाको निर्माण सम्पन्न भएको,
  - द्रुतमार्गका लागि हालसम्म १० हजार ४ सय ६६ रोपनी जग्गा अधिग्रहण गरिएको जुन कुल लक्ष्यका तुलनामा ९४ प्रतिशत रहेको।
- जाजरकोट - डोल्पा (दुनै) सडकको १ सय १४ किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भएको,
- कालीगण्डकी करिडोर सडकको ७६.४ किलोमिटर निर्माण कार्य सम्पन्न भई उक्त सडकको चौडाइ १० मिटर फराकिलो गर्ने कार्य भइरहेको,
- त्रिशुली-स्याफ्रुवेशी-रसुवागढी (मैलुङ्ग खोला-स्याफ्रुवेशी) सडकको १० किलोमिटर खण्डमा डबल लेनको कार्य समेत सम्पन्न गरी सडक विभागलाई १७ किलोमिटर सडक हस्तान्तरण गरिएको,
- कर्णाली करिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) सडकको १ सय ४५ किलोमिटर सडकमध्ये यस आर्थिक वर्षमा ५७ किलोमिटर सम्म ट्र्याक खोल्ने कार्य सम्पन्न भएको,
- गोरखा-आरुघाट-लार्के भञ्ज्याङ्ग सडकको कुल १ सय १८ किलोमिटर मध्ये हालसम्म १५ किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतिको कार्य भइरहेको।

- **स्थानीय पूर्वाधार:**


ग्रामीण सडक स्तरोन्नति/पुनर्स्थापना - ४३७.४ कि. मी.



आवधिक सडक मर्मत - ४४५.७५ कि. मी.


नियमित सडक मर्मत संभार - ७५०० कि. मी.


ग्रामीण सडक पुल निर्माण - ११९ वटा


झोलुङ्गे पुल निर्माण सम्पन्न - ४४२ वटा (४० वटा तुइन विस्थापन समेत)


साना सिंचाइ योजना सम्पन्न - ५६३ वटा

खानेपानी अ  सम्पन्न - ३५१ वटा

नयाँ ट्र्याक ४५८.२६ 

  - स्थानीय पूर्वाधार अन्तर्गत ४३७.४ किलोमिटर ग्रामीण सडक स्तरोन्नति/पुनर्स्थापना, ४४५.७५ किलोमिटर आवधिक सडक मर्मत, ७ सय ५ सय किलोमिटर नियमित सडक मर्मत, १ सय १९ वटा ग्रामीण सडक पुल निर्माण, ४० वटा तुइन विस्थापन समेत गर्ने गरी ४ सय ४२ वटा झोलुङ्गे पुल निर्माण, ५ सय ६३ वटा साना सिंचाइ योजना निर्माण, ३ सय ५१ वटा खानेपानी आयोजना निर्माण र ४५८.२६ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न गरिएको।
  - प्रत्येक प्रदेशको एक एक नगरपालिकाहरुका लागि एकीकृत फोहोरमैला केन्द्रको विस्तृत डिजाइन तयार भएको। रामपुर र व्यास नगरपालिकाहरुको फोहोरमैला व्यवस्थापन स्थलको वातावरणीय अध्ययन कार्य सम्पन्न भएको।
  - सिन्धुली, काभ्रेपलाञ्चोक र सुनसरी जिल्लाका सबै स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा भएको।
  - सडकपुल, सडक, ल्यान्डफिल साईट लगायत विभिन्न विषयका ३२ वटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरू स्वीकृत भएको।
  - जिल्ला समन्वय समितिलाई स्थानीय तहको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गरिएको।

- **शहरी विकास एवम् भवन निर्माण** :
  - ३ वटा सरकारी कार्यालय भवनहरू (उदयपुर र पर्साको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय पर्साको कार्यालय भवन)को निर्माण कार्य सम्पन्न भएको, विभिन्न जिल्लाहरूमा ८३ वटा सरकारी भवनहरू र १७ वटा सभाहलहरू निर्माण भइरहेको।
  - बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको सम्मेलन केन्द्रको प्रथम चरणको निर्माण कार्य भइरहेको र तेस्रो चरण अन्तर्गत प्रदर्शनी हलको निर्माणका लागि खरिद प्रकृया शुरु गरिएको।
  - स्वास्थ्य भवन निर्माण कार्यक्रम अन्तर्गत १ सय ३७ वटा भवनको निर्माण एवं ९ वटा बर्थिङ्ग सेन्टरको स्थापना कार्य सम्पन्न गरिएको।

✓ तराई मधेशका सदरमुकाममा रहेका नगरपालिकाहरुमा करिव ७० किलोमिटर सडक तथा १ सय २० किलोमिटर नाला, ७ वटा बसपार्क, ४ वटा हाट बजार, ३ वटा मनोरन्जन पार्क, ३ वटा ताल पोखरी सुन्दरता अभिवृद्धि गर्ने कार्य सम्पन्न भएको।

✓ १ सय ८५ वटा नगरपालिकाको एकीकृत शहरी विकस गुरूयोजना एवम् प्रत्येक नगरपालिकामा दुईवटा मुख्य पूर्वाधारको विस्तृत आयोजना प्रतिवेदन तयारी शुरु गरिएको।

✓ शहरी विकास आयोजना अन्तर्गत १६ वटा नगरपालिकाहरूमा ढल/सतही ढल ९९.२४५ कि.मी, सडक निर्माण/सुधार ५०.०४ कि.मी, खानेपानी प्रणाली सुधारर्फ २३७.०८ कि.मी पाइप विस्तार र ५ वटा ट्युबवेल निर्माण भएको।

✓ वाग्मती क्षेत्र भौतिक पूर्वाधारतर्फ ५२.७६ कि.मी. ढल, १५.७३ कि.मी. सडक, २४.७४ कि.मी तटबन्ध निर्माण सम्पन्न भएको।

✓ स्वास्थ्य भवन निर्माण कार्यक्रम अन्तर्गत १ सय ३७ वटा स्वास्थ्य भवनको निर्माण सम्पन्न भएको।

- १३ वटा स्मार्ट सिटीहरु (दुल्लु, अमरगढी, मिर्चैया, वालीङ्ग, धनकुटा, चन्द्रपुर, भरतपुर, निजगढ, काभ्रे भ्याली, लुम्बिनी, टिकापुर, पालुङ्गटार, तुलसीपुर) को गुरुयोजना तयार भइरहेको।
- काठमाण्डौ उपत्यका विकास प्राधिकरणद्वारा काठमाडौं उपत्यकाका विभिन्न भागमा २९.३ किलोमिटर सडक चौडा गर्ने, पर्खाल लगाउने, सार्ने तथा सुधार गर्ने कार्य सम्पन्न भएको।
- निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत काठमाडौ उपत्यकामा प्रस्तावित बाटो खोल्ने, पर्खाल सार्ने र लगाउने तथा ग्राभेल गर्ने कार्य ११ किलोमिटर सम्पन्न भएको। नख्खु कोरिडोर सुधार तथा निर्माण कार्य अन्तर्गत १  किलोमिटर तटबन्धन तथा सडक निर्माण सम्पन्न भएको।
- तराई मधेश र हुलाकी राजमार्गमा अवस्थित १५ वटा बस्तीलाई नयाँ शहरका रूपमा विकास गर्न परामर्शदाताबाट इन्सेप्सन रिपोर्ट प्राप्त भएको।
- हुलाकी लोक मार्ग फिदिम, वसन्तपुर, खुर्कोट, बैरेनी गल्छी, डुम्रे-भन्सार, बुर्तिवांग, चौरजहारी, राकम कर्णाली, साँफेवगर र पाटन गरी १० वटा नयाँ शहरको निर्माण कार्य भईरहेको। डुम्रे-भन्सार, फिदिम, वैरेनी गल्छी, खुर्कोट, साँफेबगर, पाटन नयाँ शहरहरुमा एकीकृत सरकारी भवनको निर्माण कार्य चालु रहेको। खुर्कोट एकीकृत जग्गा विकास आयोजनाको दोस्रो चरण सम्पन्न भएको।
- धनकुटा, काभ्रे, जुम्ला, कैलाली र प्यूठानमा ५ वटा जेष्ठ नागरिक भवन तथा बाग्लुङ्ग र बैतडीमा २ वटा इमर्जेन्सी सेल्टरको निर्माण कार्य भइरहेको।
- बर्दिया र सिराहामा २ वटा इमर्जेन्सी सेल्टर निर्माण कार्य सम्पन्न भएको।
- रोल्पा र जुम्ला जिल्लामा कर्मचारी आवास भवनको निर्माण कार्य सम्पन्न भएको र सोलुखुम्बु कर्मचारी आवास दोस्रो चरणको निर्माण कार्य भइरहेको।
- सघन शहरी विकास कार्यक्रम अन्तर्गत जनकपुर, रामग्राम, धनगढी, भद्रपुर, विराटनगर, राजविराज, सिराहा, जलेश्वर, गौर, कलैया, वीरगञ्ज, सिद्धार्थनगर, कपिलवस्तु, घोराही, नेपालगंज, गुलरिया, भीमदत्त, कावासोती, बर्दिया आदि २१ वटा तराई मधेशका सदरमुकामका नगरपालिकाहरुमा करिव ७० किलोमिटर सडक तथा १ सय २०  किलोमिटर नाला निर्माण कार्य सम्पन्न भएको।
- मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) (विराटनगर, वीरगन्ज, बुटवल, काभ्रे), एकीकृत शहरी विकास आयोजना (धरान, जनकपुर, नेपालगंज, सिद्धार्थनगर) र क्षेत्रीय शहरी विकास कार्यक्रम (नेपालगंज, विराटनगर, सिद्धार्थनगर, कैलाली, भीमदत्त) अन्तर्गत ढल/सतही ढल ९९.२४५ किलोमिटर, सडक/सडक सुधार ५०.०४ किलोमिटर कार्य सम्पन्न भएको, खानेपानी प्रणाली सुधार अन्तर्गत २३७.०८ कि.मी. पाइप  विस्तार र ५ वटा ट्यूव वेल निर्माण कार्य सम्पन्न भएको।
- विराटनगर चक्रपथ आयोजना अन्तर्गत कटहरीदेखि झोराहाटसम्मको खण्डमा सडक कालोपत्रे गर्ने कार्यको सव-वेसको निर्माण कार्य सम्पन्न भएको। साथै कटहरीदेखि हल्दीवारी भाथिगछ हुँदै सिंगीया खोलासम्मको खण्डमा ट्र्याक खोली सडक स्तरोन्नति गर्ने कार्यको सववेसको निर्माण कार्य भइरहेको।
- सार्वजनिक जग्गा संरक्षण (खुल्लाक्षेत्र) तथा विपद् व्यवस्थापन पार्क निर्माण कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यकामा ८३ वटा खुला क्षेत्र पहिचान गरी नारायण चौर, टोखा, चण्डेश्वरी, सपनतीर्थ, नाट्टेश्वर लगायतका १९ स्थानहरुमा खुलाक्षेत्र निर्माण सम्पन्न भएको र ५४ वटा स्थानहरुमा पार्क निर्माण कार्य भइरहेको।

- वाग्मती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजनामा ५२.७६ किलोमिटर ढल, १५.७३ किलोमिटर सडक, २४.७४ किलोमिटर नदी तटबन्ध निर्माण गरिएको।
- राष्ट्रिय सतर्कता केन्द्र भवन (बेस्मेन्ट सहित ४ तल्लाको भवन) को निर्माण कार्य सम्पन्न भएको।
- रक्षा मन्त्रालय भवन (बेस्मेन्ट सहित ६ तल्लाको भवन) निर्माणको दोस्रो तल्लासम्मको ढलाई कार्य सम्पन्न भएको।
- धोबीखोला कोरिडोर सुधार आयोजना अन्तर्गत बाग्मती दोभानदेखि राममन्दिरसम्मको क्षेत्रमा सडक कालोपत्रे ६.८७ किलोमिटर, ट्र्याक खोल्ने कार्य ३.२० किलोमिटर, नदी नियन्त्रण गर्ने कार्य ३.६५ किलोमिटर सम्पन्न भएको।
- कटहरियामा बसपार्क निर्माणको लागि जग्गा खरिद गरिएको। नयाँ शहर आयोजना भेरीगंगा र भिंग्रीको IDP बाट उल्लेख भएको आयोजनाहरुको लागत अनुमान स्वीकृत भई खरिद प्रक्रियामा रहेको। डुम्रे-भन्सार, फिदिम, वैरेनी गल्छी, खुर्कोट, साँफेबगर, पाटन नयाँ शहरहरुमा एकीकृत सरकारी भवनको निर्माण कार्य चालु रहेको। खुर्कोट ल्याण्ड पुलिङ्ग (एकीकृत जग्गा विकास) आयोजनाको दोस्रो चरण सम्पन्न भएको।

- **सूचना प्रविधिको विकास :**
  - राष्ट्रिय परिचयपत्र प्रणालीमा रहने नेपाली नागरिकका विवरणहरूलाई सुरक्षित रूपमा भण्डारण गर्नका लागि सरकारी एकीकृत डाटा केन्द्र (GIDC) मा प्रणाली स्थापना र राष्ट्रिय परिचयपत्र कार्ड प्रशोधन केन्द्र निर्माण भई सञ्चालनमा रहेको।
  - राष्ट्रिय परिचयपत्र प्रणालीका लागि आवश्यक पर्ने हार्डवेयर तथा सफ्टवेयरहरूको जडान कार्य सम्पन्न भएको।
  - नेपाल सरकार, मन्त्रिपरिषद्बाट राष्ट्रिय परिचयपत्र कार्डको डिजाइन, सुरक्षा चिन्ह स्वीकृत भएको।
  - पहिलो चरण अन्तर्गत पाँचथर जिल्लाका एक लाख दश हजार नेपाली नागरिक र सिंहदरबारभित्रका सात हजार राष्ट्रसेवक कर्मचारीहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गर्नका लागि १ लाख १७ हजार कार्डहरूको आपूर्ति गरी कार्ड प्रशोधन केन्द्रमा सुरक्षित भण्डारण गरिएको।
  - E Payment Gateway स्थापनाका लागि डाटाबेस प्रणाली स्थापना गरी सो प्रणालीको कस्टोमाइजेसन कार्य जारी राखिएको।
  - राजपत्रहरुलाई प्रकाशन भएको २४ घण्टाभित्र वेवसाईटमा राखी सार्वजनिक गर्ने गरिएको।
  - ७ सय ५३ वटै स्थानीय तह (नगर/गाउँपालिका) हरूका लागि वेवसाइट निर्माण गरिएको ।
  - स्थानीय तह सम्बन्धी विभिन्न जानकारीमूलक मोबाईल एप्स (Local Governance Apps) बनाइएको।
  - सबै स्थानीय तहहरूको आधारभूत जानकारी सहितको Interactive GIS नक्शा तयार गरी वेवसाइटमा राखिएको।
  - काठमाडौं उपत्यकाभित्र र उपत्यका बाहिरका १७ जिल्लामा गरी ४ हजार ५ सय ३ जनालाई र ७ वटा विद्यालयका १ हजार ४ विद्यार्थीहरुलाई सूचनाको हकसम्बन्धी अभिमुखीकरण तालिम दिइएको।

- **वैज्ञानिक अध्ययन अनुसन्धानः**
  - नेपाल कृषि अनुसन्धान परिषदबाट ३ वटा यान्त्रीकरण प्रविधि विकास तथा प्रविधि हस्तान्तरण भएको। साथै, अनुसन्धानबाट प्राप्त नतिजा कृषकहरुमा प्रसार गरिएको।

- १३ वटा विभिन्न बालीका जातहरु उन्मोचन गरिनुका साथै, अन्य १३ वटा जातहरु पञ्जीकरण भएको। ग्रामीण कुखुरा (एस्ट्रोलप र न्यु हेमसायर) को ४ वटा लाईन व्यवस्थापन गरिएको।
- कृषि तथा वन विज्ञान विश्वविद्यालयका १ सय ५७ जना कृषि स्नातक इन्टर्न करारमा लिई ब्लक, जोन तथा सुपरजोनहरुमा अध्ययन अनुसन्धानका लागि खटाइएको।
- दार्चुला र बैतडीका भैंसीहरुमा देखा पर्ने खरी रोग नियन्त्रणका लागि गरिएको अनुसन्धानबाट प्राप्त नतिजाका अधारमा विकसित प्रविधि उपयोग गर्दा भैंसीहरुको मृत्युदर कम भएको।
- सिल्भी पाश्चर कम्फ्रे घाँसको बहुआयामिक प्रयोग दूध उत्पादनको लागि युरिया मोलासेस ब्लकको प्रयोग आदि गरेर ८ वटा प्रविधि परीक्षण गरी सिफारिस गरिएको।
- वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासका लागि वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षणका लागि वनस्पति अध्ययन, अनुसन्धान तथा बजारीकरण कार्यक्रम मार्फत जडीबुटी तथा सुगन्धित तेलको सम्मिश्रणबाट हर्वल Face wash र Shampoo को तयारी विधि प्रतिपादन (Formulation) भएको छ भने विश्वविज्ञान जगतका लागि उन्यू प्रजातिका २ वटा नयाँ बिरुवाहरु (Athyrium kandelii Fraser- Jenk. र Bolbitis andreisii Fraser-Jenk. & Kandel) पत्ता लागेका छन्। राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरीमा सँरक्षित वनस्पतिका १ लाख ६५ हजार हर्वेरियम नमूनाहरु मध्ये आर्थिक वर्ष २०७४/७५ मा ५ हजार ९ सय ४७ वटा हर्वेरियम नमूनाको Digitization कार्य सम्पन्न भै २३ हजार ३ सय ८२ वटाको नमूना विद्युतीय अभिलेख सम्पन्न भएको।
- वैज्ञानिक खोज तथा अनुसन्धानमा संलग्न २० जना नवप्रतिभाहरुलाई अनुसन्धान वृत्ति उपलब्ध गराएको।

- **जनसाङ्खिक तथ्याङ्क विकासः**
  - मूल्य तथ्याङ्क वस्तु तथा सेवाको मूल्यमा कुनै निश्चित अवधिमा हुने परिवर्तन मापन गर्ने उद्देश्यले त्रैमासिकरूपमा आर्थिक वर्ष २०७४/७५ मा निम्नानुसारका त्रैमासिक सूचकांकहरू तयार गरिएको:
    - औद्योगिक उत्पादन सूचकांक (Index of Industrial Production),
    - औद्योगिक उत्पादकको मूल्य सूचकांक (Industrial Producers Price Index),
    - निर्माण सामग्रीको लागत मूल्य सूचकांक (Input Price Index of Construction Sector),
    - कृषि उत्पादकको मूल्य सूचकांक (Agriculture Producers Price Index)।
  - केन्द्रीय तथ्याङ्क बिभागबाट सरकारलाई आर्थिक तथा सामाजिक नीति निर्धारण गर्न आवश्यक तथ्याङ्कहरु, सामाजिक र जनसांख्यिक तथ्याङ्कको संकलन, प्रशोधन, प्रकाशन र वितरणमा सहयोग पुऱ्याइरहेको।
  - २०७५ साल वैशाख १ गते देखि ज्येष्ठ मसान्तसम्म राष्ट्रिय आर्थिक गणना, २०७५ सञ्चालन गरिएको र स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न भएको। सोको प्रारम्भिक नतिजा सार्वजनिक गरिसकिएको।
  - नेपाल श्रमशक्ति सर्वेक्षण सम्पन्न गरिएको। सर्वेक्षणबाट रोजगारी, बेरोजगारी, अर्धबेरोजगारी, बालश्रम, सम्भावित श्रमशक्ति, बाह्य श्रमशक्तिजस्ता तथ्याङ्कहरू प्राप्त भएको।
  - नेपाल बसाइसराइ सर्वेक्षण २०७४/७५ भईरहेको। सर्वेक्षणबाट आन्तरिक बसाइसराइ प्रवृत्ति पहिचान, वैदेशिक रोजगारीमा जानेहरूको संख्या अनुमान हुने र उनीहरुको कामको प्रकृति तथा विप्रेषण रकमको आकार र रकमको उपयोग बारे अध्ययन हुने।

- नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सुदृढीकरण गर्ने उद्देश्यले तर्जुमा गरिएको पञ्चवर्षीय राष्ट्रिय तथ्याङ्क विकास रणनीतिपत्रको मस्यौदा तयार भएको।
- आगामी राष्ट्रिय जनगणना-२०७८ को तयारीको सिलसिलामा राष्ट्रिय तथा जिल्लास्तरमा सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागबाट आर्थिक वर्ष २०७४/७५ मा निम्नानुसारका प्रतिवेदन प्रकाशन गरिएको:
  - Post Food Recovery Need Assessment, 2017,
  - Multidimensional Poverty Index Report 2018,
  - SDG: Status and Road Map 2016-2030,
  - Universalizing Clean Energy in Nepal – A Plan for Sustainable distributed Generation and Grid Access to All by 2022,
  - एकीकृत शहरी विकास मापदण्ड,
  - सार्वजनिक निजी साझेदारी स्रोत पुस्तिका,
  - जनगणना, कृषिगणना, औद्योगिक गणनाका स्थानीयस्तरसम्मका प्रतिवेदनहरू,
  - नेपालको तथ्याङ्कीय झलक,
  - चौमासिक तथ्याङ्क गतिविधि,
  - SAARC in Figure।

## २.२.७. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति

**क. प्राकृतिक साधन स्रोतको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धमा संविधानको धारा ५१ (छ) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. राष्ट्रिय हितअनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण, सम्बर्धन र वातावरण अनुकुल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

२. जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

३. नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

४. जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने,

५. जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने,

६. वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

७. प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

८. वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्वसूचित सहमतिजस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,
९. प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने।

**ख. प्राकृतिक स्रोतसम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू**

- देहाय बमोजिमका नीति, ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु नयाँ जारी भएका/परिमार्जन/संशोधन गरिएको:
    - वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ को दोस्रो संसोधन स्वीकृत भएको,
    - नेपाल राष्ट्रिय रेड रणनीति, २०७५ स्वीकृत भएको,
    - नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ स्वीकृत भएको,
    - सामुदायिक वन पत्रकारिता पुरस्कार घोषणा तथा वितरण कार्यविधि, २०७४ स्वीकृत भएको,
    - नेपालको विजयसाल संरक्षण कार्ययोजना (२०७५-२०७९) स्वीकृत भएको,
    - राष्ट्रिय वन नीतिको मस्यौदा तयारी भएको,
    - वन क्षेत्रमा वाह्य मिचाहा प्रजाति अवस्था र निराकरण रणनीति मस्यौदा तर्जुमा गरिएको।
    - वन नीति, २०७१, जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१, वन ऐन, २०४९, वन नियमावली, २०५१, वन क्षेत्रको रणनीति, २०७२, यार्सागुम्बा व्यवस्थापन (संकलन तथा ओसारपसार) निर्देशिका, २०७३, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन, २०७३ जस्ता ऐन र नीतिहरुको मार्गदर्शनको आधारमा संचालित जडीबुटी विकास कार्यक्रम, वनस्पति अध्ययन, अनुसन्धान तथा बजारीकरण कार्यक्रम मार्फत विभिन्न उपलब्धिहरु हासिल भएको।
- **वन तथा वातावरण संरक्षण** :




- वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थितिपत्र तथा सुधार कार्ययोजना कार्यान्वयनमा आएको।

- काठ, दाउरा र जडीबुटी लगायतका वन पैदावार बिक्री वितरण तथा संरक्षित क्षेत्रको पर्यापर्यटनबाट रु. २ अरब ४७ करोड १० लाख ५७ हजार ४८१ राजस्व संकलन भएको।
- विभिन्न जिल्लाका भूकम्प पीडितहरुलाई जिल्ला वन कार्यालय, टिम्बर कर्पोरेशन अफ नेपाल र सामुदायिक वनहरु मार्फत ७ लाख २ हजार ६ सय ७५ क्यू. फिट काठ सहुलियत दरमा उपलब्ध गराइएको।
- राष्ट्रिय प्राथमिकताप्राप्त ३७ वटा आयोजनाहरुलाई १ हजार ७ सय ९ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको।
- नेपालको वन लगानी योजना विश्व बैंकबाट स्वीकृत भएको।
- कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज स्वीकृत भई विश्व बैंकसँग कार्वन व्यापार सम्झौता गर्न आधार तयार भएको।
- रौतहट, बारा, दाङ, बाँके र कैलालीमा ३/३ वटा सामुदायिक वनमा नमूना दिगो वैज्ञानिक वन व्यवस्थापन योजना तयार भएको।
- तराई भू-परिधि क्षेत्रका १३ जिल्लाहरुको निजी वनको प्रोफाइल र दश वर्षे मार्गचित्र तयार भएको।
- २ सय १७ वटा सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिएको।

> ✓ भूकम्प पीडितहरुलाई जिल्ला वन कार्यालय, टिम्बर कर्पोरेशन अफ नेपाल र सामुदायिक वनहरु मार्फत ७,०२,६७५ क्यू. फिट काठ सहुलियत दरमा उपलव्ध गराइएको,
> ✓ २१७ वटा सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिएको,
> ✓ १,०८५ वटा सामुदायिक वन उपभोक्ता समूह र ४७१ वटा कबुलियति वन समूहको कार्ययोजना नवीकरण भएको,
> ✓ २४६ वटा कबुलियति वन समूहहरुको विधान तथा जिविकोपार्जन सुधार योजना तयार भएको,
> ✓ नेपालको ७५३ वटै स्थानीय तहको वन क्षेत्रको नक्शाङ्कन कार्य सम्पन्न भएको,
> ✓ चुरे क्षेत्रको वन नक्शाङ्कन कार्य सम्पन्न भएको,
> ✓ १ करोड ९२ लाख वटा विरुवा उत्पादन गरी जम्मा २,०२७ हेक्टर जमिनमा वृक्षारोपण गरिएको।

- १ हजार ८५ वटा सामुदायिक वन उपभोक्ता समूहहरुको कार्ययोजना नवीकरण भएको।
- २ सय ४६ वटा कबुलियति वन समूहहरुको विधान तथा जीविकोपार्जन सुधार योजना तयार भएको।
- ४ सय ७१ वटा कबुलियति वन समूहको विधान तथा कार्ययोजना नवीकरण भएको।
- लाङ्गटाङ्ग सल्लो, टटेलो, सतिसाल, विजयसाल, जंगली सिसौ लगायतका संकटापन्न तथा लोपोन्मुख रूख प्रजातिहरुको बीउ संकलन तथा प्रशोधन गरी NAST को जीन बैंकमा राख्ने कार्य प्रारम्भ भएको।
- विजयसाल तथा गुराँसको प्रजाति संरक्षण कार्ययोजना स्वीकृत भएको।
- पञ्चवर्षीय वन व्यवस्थापन योजनाः
  - मोरङ, डडेलधुरा, झापा, रामेछाप, सिन्धुपाल्चोक, दाङ, कालिकोट, रुकुम, लमजुङ, ताप्लेजुङ लगायत १९ वटा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजना स्वीकृत गरिएको,
  - ३९ जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजना कार्यसूची स्वीकृत भएको,
  - ३९ जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजनाको IEE TOR स्वीकृत भएको,
  - १९ जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजना IEE Report स्वीकृत भएको।
- ६ वटा साझेदारी वन व्यवस्थापन कार्ययोजनाका IEE Report स्वीकृत भएको।
- २ वटा संरक्षित वनको IEE Report स्वीकृत भएको।

- ○ विभिन्न ३२ वटा आयोजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) र ५ वटा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA) स्वीकृत गरिएको तथा अन्य ४३ वटा आयोजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गरिएको।
- ○ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ विपरीत वातावरणीय प्रभाव मूल्याङ्कन नगराई सञ्चालनमा रहेका विभिन्न ११ वटा आयोजना र उद्योगहरुलाई वातावरण संरक्षण ऐन अनुसार कारवाहीस्वरूप जरिवाना गरी वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रियामा ल्याइएको।
- ○ कोशीटप्पु वन्यजन्तु आरक्षबाट अर्ना गणना कार्य सम्पन्न भएको जस अनुसार अर्नाको संख्या ४४१ पुगेको छ भने बाघ पाइने संरक्षित क्षेत्रहरुमा राष्ट्रिय बाघ गणना २०१८ सम्पन्न भई बाघको संख्या २ सय ३५ पुगेको तथ्याङ्क सार्वजनिक भएको।
- ○ नेपाल सरकारको तर्फबाट चीन सरकारलाई उपहार स्वरूप एक जोडी गैंडा उपलब्ध गराइएको।
- ○ नेपालको ७ सय ५३ वटै स्थानीय तहको वन क्षेत्रको नक्शाङ्कन  कार्य सम्पन्न भएको।
- ○ चुरे क्षेत्रको वन नक्शाङ्कन कार्य सम्पन्न भएको।
- ○ तराई तथा चुरे क्षेत्रको वन स्रोत सर्वेक्षणको पुनः मापन कार्य सम्पन्न भएको।
- ○ १ करोड ९२ लाख बिरुवा उत्पादन गरी २ हजार २७ हेक्टर जमिनमा वृक्षरोपण गरिएको।

- **खानेपानीतर्फः**

**मेलम्ची खानेपानी आयोजनातर्फ**

- २.४९ कि.मी. सुरुङ्ग निर्माण सम्पन्न भएको।
- पानी प्रशोधन केन्द्र भाग-१ को निर्माण कार्य सम्पन्न भई ट्रान्समिसन तथा कमिसनिङ्ग कार्य समेत सम्पन्न भएको।

**अन्य**

- ४०४ आयोजनाहरु सम्पन्न भई ४,०२,२४५ जनसंख्या अधारभूत स्तरको सेवाबाट लाभान्वित।
- ३० वटा गुणस्तर सुधार, सह-लगानी र साना शहरी अयोजनाहरु सम्पन्न भई २,९२,२४७ जनसंख्या उच्च/मध्यमस्तरिय खानेपानी सेवाबाट लाभान्वित।
- यस आर्थिक वर्षमा थप १७ जिल्लाहरु र १ प्रदेश खुला दिसामुक्त क्षेत्र घोषणा।

- ○ २२ वटा गुणस्तर सुधार खानेपानी आयोजना सम्पन्न भई १ लाख १० हजार ९ सय ४६ जनसंख्या सुरक्षित खानेपानी सेवाबाट लाभान्वित,
- ○ २ सय ३० वटा उच्च प्रविधियुक्त केन्द्रीय खानेपानी आयोजना सम्पन्न भई ३३ हजार ४ सय ५५ जनसंख्या लाभान्वित,
- ○ ७ सय ५० वटा आयोजनाहरुको मर्मतसंभार भई सेवा सुचारु भएको,
- ○ ४ वटा सह-लगानी खानेपानी आयोजना सम्पन्न भई १ लाख १ हजार ७ सय १५ जनसंख्या लाभान्वित,
- ○ ४ वटा तेस्रो साना शहरी खानेपानी आयोजना सम्पन्न भई ७८ हजार ५ सय ८६ जनसंख्या लाभान्वित,

- यस आर्थिक वर्षमा थप १७ जिल्लाहरु र १ प्रदेश खुला दिसामुक्त क्षेत्र घोषणा भई हालसम्म ४ सय १४ गाउँपालिका, २ सय २३ नगरपालिका, ३ प्रदेश तथा ६० जिल्लाहरु खुला दिसामुक्त क्षेत्र घोषणा,
- मेलाम्ची खानेपानी आयोजनाको २.४९ किलोमिटर सुरुङ्ग निर्माण सम्पन्न भएको,
- मेलाम्ची खानेपानी आयोजनाको पानी प्रशोधन केन्द्र भाग - १ को निर्माण कार्य सम्पन्न भई ट्रान्समिसन तथा कमिशनिङ कार्य सम्पन्न भएको,
- काठमाण्डौं उपत्यका भित्र १२६.१३ किलोमिटर वितरण संजाल प्रणालीको पाइप लाइन विस्तार भएको र ९.५२५ किलोमिटर थोक वितरण प्रणालीको पाइप लाइन विस्तार भएको,
- नवौं समूहका २६ र दशौं समूहका १४८ आयोजनाहरू सम्पन्न भई ९८ हजार ७ सय ९० जनसंख्या खानेपानी तथा सरसफाइबाट लाभान्वित भएका,
- टिकनीमा १३ रोपनी तथा हरिसिद्धिमा १२ रोपनी गरी जम्मा २५ रोपनी जग्गामा पर्खाल लगाई जग्गा सुरक्षा गर्ने कार्य सम्पन्न भएको,
- १५ स्थानमा इनार, ढुँगेधारा, पोखरीजस्ता पुराना स्रोतहरु संरक्षण गरिएको,
- काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गतका १० वटै शाखामा कम्प्युटराइज्ड विलिङ्ग प्रणाली जडान गरी सेवा प्रवाहको थालनी गरिएको,
- काठमाण्डौं उपत्यकाभित्रका १८ वटा इनारहरुको मर्मत सुधार र विकास गरिएको,
- सुन्दरीजल पानी प्रशोधन तथा रिजर्भ्वायर प्रणालीको मर्मत सुधार गरिएको,
- फर्पिङ पम्पिङ् सिस्टमको वैकल्पिक संरचनाको विकास गरिएको,
- नेपाल खानेपानी संस्थान अन्तर्गत ८ वटा इनार निर्माण भई ८ एम. एल. डि. (Million Litre Per Day) थप पानी उत्पादन भएको र २७ किलोमिटर पाइपलाइन विस्तार भएको।

- **उर्जा विकासतर्फः**
  - जलविद्युत क्षेत्रमा २०७५ असारसम्म ३ सय ६० वटा (१८,१९५ मेगावाट) सर्भे अनुमतिपत्र वितरण गरिएको, १ सय ७९ वटा (४,९७४ मेगावाट) उत्पादन अनुमतिपत्र लिई निर्माणाधीन अवस्थामा रहेको, १ सय १० वटा प्रसारण लाइन सर्भे अनुमतिपत्र तथा ९८ वटा प्रसारण लाइन अनुमतिपत्र वितरण गरिएको,

- विद्युत् उत्पादन कम्पनी लिमिटेड तथा राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेडहरुको स्थापना गरी कार्य सञ्चालन गरिएको,
- बुढीगण्डकी जलाशययुक्त आयोजना (१,२०० मेगावाट) को निर्माणका लागि मुआब्जा निर्धारण तथा वितरणको कार्य भइरहेको,
- नलगाड जलाशययुक्त आयोजना (४१० मेगावाट) को अध्ययन तथा पूर्वाधार निर्माण कार्यका लागि विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनी खडा भई सो मार्फत कार्य भइरहेको,
- ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको आर्थिक वर्ष २०७४/७५ को अन्त्य सम्ममा ९४ प्रतिशत भौतिक कार्य सम्पन्न भएको,
- ३३ र ११ के. भी. का गरी कुल २ हजार ५ सय ४२ किलोमिटर वितरण लाइन तथा ६६ के. भि. भन्दा माथिका १ सय ९२ किलोमिटर प्रसारण लाइन निर्माण भएको,

> ✓ ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको ९४ प्रतिशत भौतिक कार्य सम्पन्न भएको,
> ✓ ३३ र ११ के. भी. का गरी कुल २,५४२ कि. मी. वितरण लाइन तथा ६६ के. भी. भन्दा माथिका १९२ कि. मी. प्रसारण लाइन निर्माण भएको,
> ✓ सञ्चालनमा आएका आयोजनाहरुबाट करिब १०१.६४ मेगावाट विद्युत राष्ट्रिय विद्युत प्रणालीमा थप भएको,
> ✓ प्रतिव्यक्ति विद्युत खपत १७२ किलोवाट घण्टाबाट १९८ किलोवाट घण्टा पुगेको,
> ✓ विद्युतमा पहुँचप्राप्त घरधुरी संख्या ४० लाख ५० हजार पुगेको।

- सञ्चालनमा आएका आयोजनाहरुबाट करिब १०१.६४ मेगावाट विद्युत राष्ट्रिय विद्युत प्रणालीमा थप भएको,
- प्रतिव्यक्ति विद्युत खपत १ सय ७२ किलोवाट घण्टाबाट १९८ किलोवाट घण्टा पुगेको,
- विद्युतमा पहुँच प्राप्त घरधुरी संख्या ४० लाख ५० हजार पुगेको,
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमका कार्यहरुः
  - वायु/सौर्य ऊर्जा मिश्रित प्रणाली मार्फत २५ कि.वा. विद्युतीकरण गरिएको,
  - भूकम्प प्रभावित ८ जिल्लामा सौर्य ऊर्जा प्रणाली वितरण गरिएको,
  - १ हजार धार्मिक संस्था, ११ वटा कृषि फार्ममा सौर्य ऊर्जा प्रणाली जडान गरिएको,
  - कक्षा ९ र १० मा अध्ययनरत १२ हजार ६ सय घरमा विपन्न, दलित, सीमान्तकृत विद्यार्थीका लागि साना घरेलु सौर्य विद्युत प्रणाली वितरण गरिएको,
  - विपन्न, दलित, सीमान्तकृत समुदायमा १ सय ८८ वटा कृषि सिंचाइका लागि सौर्य पम्प जडान गरिएको,
  - दलित, लोपोन्मुख आदिवासी, जनजाति लगायत लक्षित वर्गका लागि १ हजार ६ सय ३० वटा घरायसी वायोग्याँस जडान, २० हजार सौर्य विद्युत प्रणाली जडान र २२ हजार ९ सय ८५ वटा Portable Metallic चुलो वितरण गरिएको,
  - गाउँपालिका, पर्यटकीय स्थानहरु, धार्मिक धाम लगायतमा ६६ वटा सडक सौर्य बत्ती जडान गरिएको,
  - सार्वजनिक शिक्षण संस्था, गाउँपालिका भवनमा ३ सय ४१ वटा सौर्य ऊर्जा जडान गरिएको,


> ✓ वायु/सौर्य ऊर्जा मिश्रित प्रणाली मार्फत २५ कि.वा. विद्युतीकरण गरिएको,
> ✓ कक्षा ९ र १० मा अध्ययनरत १२,६०० घरमा विपन्न, दलित, सीमान्तकृत विद्यार्थीका लागि साना घरेलु सौर्य विद्युत प्रणाली वितरण गरिएको,
> ✓ ५६,३६७ सौर्य घरेलु विद्युत प्रणाली जडान गरिएको,
> ✓ १५,६२८ वटा घरायसी वायोग्याँस जडान गरिएको,
> ✓ ९० किलो वाट सौर्य मिनिग्रिड प्रणाली जडान गरिएको,
> ✓ ७८ वटा शहरी तथा व्यावसायिक वायोग्यास प्लान्ट जडान गरिएको।

- विशेष पर्यटकीय क्षेत्रहरुका होमस्टे, सामुदायिक सूचना केन्द्र लगायतमा ४ सय ९६ वटा सौर्य ऊर्जा प्रणाली जडान गरिएको,
- लघु तथा साना जलविद्युत आयोजना बाट १ हजार २ सय ४९ किलोवाट विद्युत उत्पादन गरिएको,
- ५६ हजार ३ सय ६७ सौर्य घरेलु विद्युत प्रणाली जडान गरिएको,
- ५१ वटा सौर्य खानेपानी तथा सिचाई पम्प जडान गरिएको,
- १४ हजार ८ सय २ वटा सुधारिएको फलामे चुलो जडान गरिएको,
- १५ हजार ६ सय २८ वटा घरायसी बायोग्याँस जडान गरिएको,
- २३ वटा संस्थागत तथा सामुदायिक बायोग्याँस प्लान्ट जडान गरिएको,
- भूकम्पबाट क्षति भएका २ सय ५९ किलोवाट लघु तथा साना जलविद्युत आयोजनाहरुको पुनर्निर्माण सम्बन्धी क्रियाकलाप सञ्चालन गरिएको,
- भूकम्पबाट क्षति भएका २ हजार १ सय ९० वटा बायोग्याँस प्लान्टहरुको पुनर्निर्माण सम्बन्धी क्रियाकलाप सञ्चालन र पुनर्स्थापित क्याम्पहरुमा फाइबर ग्लासमा आधारित सामुदायिक बायोग्याँस निर्माण गरिएको,
- ९० किलोवाट सौर्य मिनिग्रिड प्रणाली जडान गरिएको,
- ७८ वटा शहरी तथा व्यावसायिक बायोग्याँस प्लान्ट जडान गरिएको,
- ९६ वटा सौर्य ड्रायर तथा सौर्य कुकर जडान गरिएको।

- **सिंचाइ एवम् जलउत्पन्न प्रकोप नियन्त्रण:**
    - नेपालमा नै पहिलोपटक टनेल बोरिङ्ग मेशिन प्रविधिबाट छिटोछरितो रूपमा सुरुङ निर्माण गरी सिंचाइका साथै विद्युत उत्पादन गर्ने उद्देश्यले नेपाल सरकारको स्रोतबाट संचालित भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको जम्मा १२ किलोमिटर मध्ये ५.५५ किलोमिटर सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको।
    - रानीजमरा कुलरिया सिंचाइ आयोजना अन्तर्गत २ वटा डिस्चार्ज रेगुलेटर निर्माण गरिएको, यस आयोजनाको सिंचाइ क्षेत्र बचावट तथा संरक्षण कार्य अन्तर्गत ५ किलोमिटर तटबन्ध निर्माण गरिएको, सिंचाइ क्षेत्र बचावट तथा संरक्षण कार्यका लागि कर्णाली नदीमा २.१ किलोमिटर तटबन्ध निर्माण गरिएको, हालसम्म यस आयोजनाको इन्टेक निर्माण सम्पन्न भएको, मूल नहर ९५ प्रतिशत तथा संरचनाहरु ९० प्रतिशत सम्पन्न भएको, हाइड्रोपावर ४५ प्रतिशत सम्पन्न, फिडर नहर आधुनिकीकरण शत् प्रतिशत सम्पन्न भएको, सिंचित क्षेत्र बचावट ७५ प्रतिशत सम्पन्न भएको।
    - बबई सिंचाइ आयोजनामा पश्चिमी नहरको सानोश्री ताराताल, गुलरिया खण्डमा जग्गा अधिग्रहणका लागि मुआब्जा दररेट निर्धारण भई हालसम्म करिब ७० प्रतिशत मुआब्जा वितरण कार्य सम्पन्न भई निर्माण कार्य अगाडि बढेको, पूर्वी तथा पश्चिमी शाखा, प्रशाखाको ठेक्का-सम्झौता गरी विभिन्न प्याकेजको निर्माण कार्य अगाडि बढेको, सिंचित क्षेत्र संरक्षण तथा सिंचित क्षेत्रभित्रका पुल लगायतका क्रियाकलापको सर्वेक्षण, डिजाइन भएको, आयोजनाको हेडवर्क्स, मूल तथा शाखा नहर निर्माण भई हालसम्म २६ हजार हेक्टरमा सिंचाइ सुविधा पुगेको ।
    - सिक्टा सिंचाइ आयोजनाको हेडवर्क (गेटसहित) निर्माण सम्पन्न भएको, दायाँ मूल नहरको ९८ प्रतिशत निर्माण सम्पन्न भएको, पूर्वी मूल नहरको निर्माण कार्य शुरु भएको, सिधनिया शाखाको ८० प्रतिशत निर्माण सम्पन्न भएको तथा डुँडुवा शाखाको १० प्रतिशत निर्माण सम्पन्न भएको।
    - प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजनाको ३ किलोमिटर तटबन्ध निर्माण सम्पन्न भएको, इन्टेक निर्माणको ८५ प्रतिशत कार्य सम्पन्न भएको तथा मूल नहर ६ किलोमिटर सम्पन्न भई ५ किलोमिटर मा लाइनिङ् कार्य सम्पन्न भएको।
    - बागमती सिंचाइ आयोजनाबाट हालसम्म ३८ हजार ३ सय हेक्टर सिंचित क्षेत्र विकास कार्य सम्पन्न भएको, पूर्वी मूल नहर २४ किलोमिटर, शाखा नहर ५० किलोमिटर, प्रशाखा नहर ६७ किलोमिटर सम्पन्न भएको, पश्चिमी मूल नहर २८ किलोमिटर, शाखा नहर ६२ किलोमिटर, प्रशाखा नहर ६६.२२ किलोमिटर सम्पन्न भएको, पश्चिम मूल नहरमा सिल्ट इजेक्टर् निर्माण सम्पन्न भएको।
    - महाकाली सिंचाइ आयोजनाको तेस्रो चरण अन्तर्गत ०.४५ हेक्टर जग्गा खरिद/मुआब्जा वितरण कार्य, ३.३९ किलोमिटर मूल नहरमा माटोको कार्य, ६ वटा मूल नहरमा संरचना निर्माण कार्य तथा ३.७८ किलोमिटर नहर संरचना बचावट कार्य सम्पन्न भएको, हालसम्म महाकाली सिंचाइ आयोजनामा १२.७ किलोमिटर मूल नहर तथा सोसँग सम्बन्धित संरचनाहरुको निर्माण कार्य सम्पन्न भएको, भारतीय भूमिमा पर्ने मुहानतर्फको १.२ किलोमिटर मूल नहर निर्माणका लागि भारतीय पक्षले निर्माण कार्यका लागि ठेक्कापट्टा गरिसकेको।
    - समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजनाबाट व्यवस्थित सिंचाइ प्रणालीको पुनर्स्थापन अन्तर्गत १ हजार ५ सय ५० हेक्टर र कृषक व्यवस्थित सिंचाइ प्रणाली अन्तर्गत ३ हजार ९ सय ५२ हेक्टर गरी जम्मा ५ हजार ५ सय २ हेक्टर जमिनमा व्यवस्थित सिंचाइ सुविधा उपलब्ध भएको।

- मझौला सिंचाइ आयोजनाबाट ८७ वटा योजनाहरु (१७ वटा नयाँ तथा ७० वटा पुनर्स्थापना) सम्पन्न भई थप ७ हजार ५ सय २३ हेक्टर जमिनमा भरपर्दो सिंचाइ सुविधा पुगेको।
- सिंचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रमबाट ५१ वटा विभिन्न योजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन, पश्चिम गण्डक सिंचाइ प्रणाली (कमाण्ड एरिया विस्तार) सम्बन्धी अध्ययन तथा कालीगण्डकी - तिनाउ डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन कार्य भइरहेको।
- नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाबाट १ हजार २ सय ९८ हेक्टर थप जमिनमा सिंचाइ सुविधा उपलब्ध भएको। हालसम्म यस आयोजनाबाट ५ सय ३७ योजनाहरु सम्पन्न भई ६ हजार ९ सय ८८ हेक्टर जमिनमा नयाँ प्रविधिमा आधारित सिंचाइबाट सुविधा पुगेको।
- भूमिगत स्यालो तथा डिप ट्युबवेल सिंचाइ आयोजना अन्तर्गत २ सय ४ वटा मेशिन ड्रिल स्यालो ट्युबवेल निर्माण भई ५ सय १० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध भएको, डीप ट्युबवेलतर्फ २९ वटा नयाँ डीप ट्युबबेल निर्माण, ३३ वटा डीपट्युबबेल सिस्टमहरुमा पम्प घर निर्माण, पम्प जडान तथा विद्युतीकरणको कार्य गरिएको, २८ वटा डीप ट्युबबेलहरुमा वितरण प्रणालीको निर्माण कार्य सम्पन्न भएको, भूमिगत स्यालो तथा डिपट्युबेल सिंचाइ आयोजना अन्तर्गत डीप ट्युबवेल सिंचाइ प्रणालीहरुबाट जम्मा १ हजार १ सय हेक्टरमा थप सिंचाइ सुविधा पुगेको।
- समृद्ध तराई मधेश सिंचाइ विशेष कार्यक्रम अन्तर्गत मझौला सिंचाइ प्रणालीबाट २ हजार ८ सय ७० हेक्टरमा पुनर्स्थापनाको काम सम्पन्न भएको, विभिन्न जिल्लामा संचालित १७ वटा योजनाबाट ९ सय ७ हेक्टर क्षेत्रमा सिंचाइका पूर्वाधार निर्माण कार्य अगाडि बढाइएको, भूमिगत सिंचाइतर्फ ३ सय ८८ वटा पावर ड्रिल स्यालो ट्यूबवेलबाट ९ सय ७० हेक्टरमा र डीप ट्यूबवेलतर्फ ९९ वटा नयाँ डीप ट्युबबेल निर्माण, ८२ वटा डीप ट्युबबेल सिस्टमहरुमा पम्प घर निर्माण, पम्प जडान तथा विद्युतीकरणको कार्य गरिएको, २१ वटा डीप ट्युबबेलहरुमा वितरण प्रणालीको निर्माण कार्य सम्पन्न भई ८ सय ४० हेक्टरमा थप सिंचाइ सुविधा उपलब्ध भएको, नयाँ प्रविधि अन्तर्गत ८५ हेक्टरमा थप सिंचाइ सुविधा उपलब्ध भएको।
- कर्णाली अञ्चल सिंचाइ विकास कार्यक्रमबाट २ सय ८२ हेक्टर थप सिंचित क्षेत्र विस्तार भएको, कृषक व्यवस्थित सिंचाइ प्रणालीको सुधारबाट ८ सय ९५ हेक्टर जमिनमा व्यवस्थित सिंचाइ सुविधा उपलब्ध भएको र सेती महाकाली सिंचाइ विकास कार्यक्रमबाट ७० हेक्टर थप सिंचित क्षेत्र विस्तार भएको।
- जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि देशको विभिन्न नदीहरुमा कुल ९८.३१ किलोमिटर तटबन्ध निर्माण भई बाढी तथा डुवान व्यवस्थापन कार्य गरिएको, आर्थिक वर्ष २०७४/७५ सम्ममा विभिन्न नदीहरुमा जम्मा ९८६.८८ किलोमिटर तटबन्ध निर्माण गरिएको।
- जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रमबाट ३९.५७ किलोमिटर तटबन्ध निर्माण भएको, खाँडो नदी नियन्त्रण आयोजनाबाट ६.० किलोमिटर तटबन्ध निर्माण, नारायणी नदी नियन्त्रण आयोजनाबाट ०.९१ किलोमिटर तटबन्ध निर्माण, कर्णाली नदी नियन्त्रण आयोजना अन्तर्गत ३ किलोमिटर तटबन्ध निर्माण गरिएको, पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम अन्तर्गत २६ वटा नदीहरुमा जम्मा ४.२६ किलोमिटर तटबन्ध निर्माण गरिएको।

- नदी नियन्त्रण योजनाहरुमा (कमला, वाग्मती, लालबकैया नदी) ०.७८ किलोमिटर तटबन्ध निर्माण सम्पन्न भएको, ०.५१ किलोमिटर रिभेटमेन्ट तथा १९ वटा स्पर/स्टड निर्माण भएको।
- बस्ती/टार बजारको संरक्षण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत ४.७९ किलोमिटर तटबन्ध निर्माण तथा २४ वटा स्पर/स्टड निर्माण भएको।
- सतह सिंचाइबाट ३ हजार ६ सय ३२ हेक्टर, भूमिगत सिंचाइबाट ३४ हजार ७ सय ३९ हेक्टर तथा नयाँ प्रविधिमा आधारित सिंचाइबाट १ हजार २ सय ९८ हेक्टर गरी कुल ३९ हजार ६ सय ६९ हेक्टर सिंचित क्षेत्र थप भई कुल १४ लाख ७३ हजार २६ हेक्टर जमिनमा सिंचाइका लागि पूर्वाधार निर्माण भई व्यवस्थित सिंचाइ सेवा उपलब्ध भएको।




- **भूकम्पपछिको पुनःनिर्माणः**
  - **निजी आवास पुनर्निर्माणतर्फको प्रगति स्थितिः**

| विवरण | | आर्थिक वर्ष २०७३/७४ सम्म | आर्थिक वर्ष २०७४/७५ सम्म | वृद्धि संख्या |
|---|---|---|---|---|
| जम्मा लाभग्राही | | ७,४७,४८४ | ८,०७,४८६ | ६०,००२ |
| सर्वेक्षणबाट पहिचान भएका | | ७,२४,८९५ | ७,२६,७३८ | १,८४३ |
| गुनासो सम्बोधनबाट पहिचान भएका | | २२,५८९ | ८०,७४८ | ५८,१५९ |
| अनुदान सम्झौता | | ६,२९,६१३ | ७,२२,०१९ | ९२,४०६ |
| प्रथम किस्ता भुक्तानी | | ५,९७,५७७ | ७,१३,८९३ | १,१६,३१६ |
| निर्माण कार्य शुरु भएका घर संख्या | | ९६,७२२ | ५,१४,४४६ | ४,१७,७२४ |
| दोस्रो किस्ता | माग | ७८,३८० | ४,८६,९३७ | ४,०८,५५७ |
| | प्रमाणीकरण | ६५,९८१ | ४,७५,९७० | ४,०९,९८९ |
| | भुक्तानी | ५५,०५५ | ४,६४,३९१ | ४,०९,३३६ |
| तेस्रो किस्ता | माग | ७,०३१ | २,५६,८४० | २,४९,८०९ |
| | प्रमाणीकरण | ४,४७४ | २,४५,०९८ | २,४०,६२४ |
| | भुक्तानी | २,७३४ | २,२१,७७६ | २,१९,०४२ |
| निर्माण सम्पन्न घर संख्या | | ४४,९२७ | २,४९,०९३ | २,०४,१६६ |
| निर्माणाधीन घर संख्या | | ५१,७९५ | २,६५,३५३ | २,१३,५५८ |

| | | | | |
|---|---|---|---|---|
| प्रवलीकरण | लाभग्राही | | ५२,०५४ | ५२,०५४ |
| | सम्झौता | | ८,८३३ | ८,८३३ |
| | भुक्तानी | | ७,४३१ | ७,४३१ |
| रु. २ लाख अनुदान लिई सुरक्षित स्थानमा जग्गा व्यवस्थापन गरिसकेका लाभग्रहीहरुको | | | १,१९९ | १,१९९ |

- विस्तृत घरधुरी सर्वेक्षणबाट २०७५ आषाढ मसान्तसम्म ७ लाख २६ हजार ७ सय ३८ जना घरपरिवारहरु र गुनासो फर्छ्यौंटबाट ८० हजार ७ सय ४८ गरी जम्मा ८ लाख ७ हजार ४ सय ८६ घरधुरीहरु तीन लाख रुपैयाँ निजी आवास अनुदान प्राप्त गर्ने सूचीमा परेका, २०७५ आषाढ मसान्तसम्म ७ लाख २२ हजार १९ लाभग्राही घरधनीहरुसँग निजी आवास अनुदान सम्झौता गरी ७ लाख १३ हजार ८ सय ९३ जना घरधनीहरुको बैंक खातामा पहिलो किस्ता बापतको रु. ५० हजार जम्मा गरिएको।
- २०७५ आषाढ मसान्तसम्ममा ४ लाख ६४ हजार ३ सय ९१ जना घरधनीहरुलाई दोस्रो किस्ता बापतको रु. १ लाख ५० हजार बैंक खाता मार्फत वितरण गरिएको, २ लाख २१ हजार ७ सय ७६ जना घरधनीहरुलाई तेस्रो किस्ता बापतको रु. १ लाख बैक खाता मार्फत वितरण गरिएको।
- २०७४ असार मसान्तसम्म ९६ हजार ७ सय २२ जना लाभग्राहीहरुले आफ्नो निजी आवास पुनर्निर्माणको कार्य अघि बढाएकोमा २०७५ असार मसान्तसम्म यो संख्या ५ लाख १४ हजार ४ सय ४६ पुगेको।
- आर्थिक वर्ष २०७४/७५ को अन्तसम्म ५२ हजार ५४ जना प्रवलीकरण लाभग्राही पहिचान भएकोमा ८ हजार ८ सय ३३ जनासँग सम्झौता गरी ७ हजार ४ सय ३१ जना प्रवलीकरण लाभग्राहीलाई पहिलो किस्ता बापतको रु. ५० हजार रकम वितरण गरिएको।
- आर्थिक वर्ष २०७३/७४ मा भूकम्प अति प्रभावित १४ जिल्लाबाट २ लाख ७ हजार ८ सय ६१ गुनासोहरु दर्ता भई प्राधिकरणमा प्राप्त भएकोमा ती गुनासोहरु रुजु गरी १ लाख ८० हजार २९ वटा गुनासाहरु फछ्यौंट गरिएको, सो कार्यबाट थप २२ हजार ५ सय ८९ जना पुनर्निर्माण लाभग्राहीको सूचीमा परेका छन् भने बाँकी गुनासो सम्बोधनका लागि पुनः जाँच तथा पुनःसर्वेक्षणको कार्य सम्पन्न गरिएको।
- २०७४ श्रावण देखि २०७४ कार्तिक २१ गतेसम्म भूकम्प अति प्रभावित १४ जिल्लामा ३ सय ३२ जना ईन्जिनियरहरु परिचालन गरी पुनः जाँच तथा पुनःसर्वेक्षण गरी १ लाख २९ हजार ४ सय ८ जनाको विवरण संकलन गरिएको।
- संकलित गुनासाहरुमध्ये आर्थिक वर्ष २०७४/७५ मा ९१ हजार ९ सय १८ वटा गुनासोहरुको नतिजा प्रकाशन गरिएको जसमध्ये ३९ हजार ७ सय ८१ वटा गुनासोकर्ता पूर्ण लाभग्राहीमा परेका छन् भने २७ हजार ६३ प्रवलीकरण लाभग्राहीमा परेका।
- जोखिमपूर्ण बस्ती स्थानान्तरणका लागि थप ४ सय १३ वटा बस्तीहरुको भौगर्भिक अध्ययन सम्पन्न गरिएको र आफैं अन्यत्र स्थानान्तरण हुन चाहेमा जग्गा खरिदका लागि थप रु. २ लाख अनुदान दिने व्यवस्था गरिएको।

**निजी आवास बाहेक अन्य क्षेत्रको पुनर्निर्माणतर्फको प्रगति स्थिति:**

**सरकारी भवनहरुको पुनर्निर्माण**

- **पुनर्निर्माण गर्नुपर्ने जम्मा : ४८३**
- आ.ब. २०७३/७४ सम्म सम्पन्न : १८२
- आ.ब. २०७४/७५ मा सम्पन्न : ६६

**विद्यालय भवनहरुको पुनर्निर्माण**

- **पुनर्निर्माण गर्नुपर्ने जम्मा : ७,५५३**
- आ.ब. ०७३/७४ सम्म सम्पन्न : २४५६
- आ.ब. ०७४/७५ मा सम्पन्न : १३६०

**स्वास्थ्य संस्था भवनहरुको पुनर्निर्माण**

- **पुनर्निर्माण गर्नुपर्ने जम्मा : १,१९७**
- आ.ब. २०७३/७४ सम्म सम्पन्न : ३७९
- आ.ब. ०७४/७५ मा सम्पन्न : २६४

**पुरातात्त्विक सम्पदाहरुको पुनर्निर्माण**

- **पुनर्निर्माण गर्नुपर्ने जम्मा : ७५३**
- आ.व. २०७३/७४ सम्म सम्पन्न : ५६
- आ.व. २०७४/७५ मा सम्पन्न : १२९

**सुरक्षा निकायका भवनहरुको पुनर्निर्माण**

- **पुनर्निर्माण गर्नुपर्ने जम्मा : ३८३**
- आ.ब. २०७३/७४ सम्म सम्पन्न : १८
- आ.ब. ०७४/७५ मा सम्पन्न : ७५

- विश्व सम्पदा सूचीमा रहेका ४३ वटा र विश्वसम्पदा सूचीबाहिर रहेका १ सय ४२ वटा गरी जम्मा १ सय ८५ वटा पुरातात्त्विक सम्पदाहरुको पुनर्निर्माण सम्पन्न भएको।
- ३ सय ९ वटा पुरातात्त्विक सम्पदाहरुको पुनर्निर्माण कार्य जारी रहेको।
- थप १ हजार ३ सय ६० विद्यालय भवनहरुको पुनर्निर्माण कार्य सम्पन्न भई हालसम्म ३ हजार ८ सय १६ विद्यालयहरुको पुनर्निर्माण कार्य सम्पन्न भएको, १ हजार ८ सय ८० वटा विद्यालयहरुको पुनर्निर्माण कार्य जारी रहेको, ४ सय ८९ विद्यालय पुनर्निर्माणको लागि छनौट कार्य सम्पन्न भएको।
- पूर्ण क्षति भएका सरकारी भवनमध्ये १६ वटाको पुनर्निर्माण कार्य सम्पन्न गरिएको, १ सय २६ भवनहरुको पुनर्निर्माण कार्य जारी रहेको, तत्काल सेवा पुऱ्याउनुपर्ने सरकारी कार्यालयका २ सय ७ वटा ट्रान्जिसनल भवनहरुको पुनर्निर्माण सम्पन्न गरिएको।
- सुरक्षा निकायतर्फका ९३ वटा भवनहरुको पुनर्निर्माण सम्पन्न भएको, १ सय १२ वटा भवनहरुको पुनर्निर्माण भइरहेको।
- आंशिक क्षति भएका सरकारी भवनहरुमध्ये २ सय ३२ वटाको मर्मत तथा प्रवलीकरण कार्य सम्पन्न गरिएको, १९ वटाको मर्मत तथा प्रवलीकरण कार्य जारी रहेको।
- क्षति भएका १ हजार १ सय ९७ स्वास्थ्य संस्थामध्ये हालसम्म ३ सय १२ वटा स्वास्थ्य संस्थाहरुको प्रिफ्याब भवन निर्माण र ३ सय ३१ वटाको प्रवलीकरण/मर्मत संभार गरी जम्मा ६ सय ४३ वटा स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण कार्य सम्पन्न गरिएको।
- दोलखा-सिंगटी सडक ३३.४९ किलोमिटर, धादिङ-गोरखा सडक ४२.१७ किलोमिटर र पाँचखाल-मेलम्ची सडक २२.९७ किलोमिटरको पुनर्निर्माणको कार्य अन्तर्गत दोलखा-सिंगटी

सडकको ३० प्रतिशत, धादिङ-गोरखा सडकको २० प्रतिशत र पाँचखाल-मेलम्ची सडकको ७ प्रतिशत काम सम्पन्न भएको।

- भूकम्पबाट क्षति पुगेका खानेपानी तथा सरसफाइ आयोजनाहरुतर्फ ७ सय ९१ वटाको पुनर्निर्माण सम्पन्न भइसकेको र ६ सय ७० वटा आयोजनाहरुको पुनर्निर्माण कार्य भइरहेको।
- सशस्त्र प्रहरी बल अन्तर्गत चितवनको कुरिनटारमा विपद् व्यवस्थापन शिक्षालयको स्थापना भई विपद् व्यवस्थापन तालिम सम्पन्न भएको।
- नेपाली सेनाले वातावरण संरक्षण र प्राकृतिक सम्पदाको सम्बर्द्धन गर्न राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास कार्यक्रम अन्तर्गत मोरङ, सुनसरी, सप्तरी, सिराहा, सर्लाही, धनुषा, रौतहट, रूपन्देही, बर्दिया र कैलाली गरी १० वटा जिल्लामा तालहरुको पुनर्निर्माण, संरक्षण तथा सम्बर्द्धन गर्ने कार्य सम्पन्न गरेको र चुरे भावर प्रदेशमा वृक्षरोपण गरेको।
- नेपाली सेनाले विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्दै जाने क्रममा हरेक प्रदेशमा ३० जनाको संख्यामा उच्चस्तरको तालिम प्राप्त जनशक्ति र आवश्यक उपकरणसहित तैनाथ गर्नुका साथै, विपद्का समयमा खोज तथा उद्धार कार्यका लागि आवश्यक Collapsed Structure Search and Rescue (CSSR) लगायतका Equipments हरु वार्षिक रूपमा खरिद गरी र विभिन्न मित्रराष्ट्रहरुबाट प्राप्त उपकरणहरु प्राथमिकताका आधारमा वितरण गर्ने कार्य सम्पन्न गरेको।
- नेपाली सेनाले ३ सय ४८ स्थानमा भएको आगलागी नियन्त्रण कार्यमा फौज परिचालन गरेको र ६ लाख २१ हजार १ सय ३२ विभिन्न जातका बिरुवाहरु वृक्षरोपण गरेको।
- विगतका भूकम्पहरुबाट पाठ सिक्दै समयानुकूल रूपमा राष्ट्रिय भवन संहितालाई परिमार्जन र परिष्कृत गर्न राष्ट्रिय भवन संहिता (Nepal National Building Code, NBC) का २३ वटा खण्डहरु मध्ये NBC 105 र NBC 205 परिमार्जन भइरहेको।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन कार्यान्वयनमा ल्याइएको।
- नेपाल डिजास्टर रिपोर्ट, २०१७ प्रकाशित गरी सर्वसाधरणलाई जानकारी गराइएको।
- मनसुन आपतकालीन योजना २०७५ तयार गरी सञ्चालनमा रहेको।
- ४९ जिल्ला, ५ क्षेत्रीय, १ राष्ट्रियस्तरको आपत्कालीन केन्द्र स्थापना भई सञ्चालनमा रहेका।
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४ अनुसार मृतक परिवार, आवास तथा खाद्यान्न, आवास विस्थापन, विशेष परिस्थितिको राहत र उपचार खर्च लगायतका आर्थिक सहयोगका लागि रु. ५ करोड ८० लाख २३ हजार ५ सय ५४ वितरण गरिएको।
- १४ जिल्ला (रोल्पा, प्यूठान, दोलखा, सिन्धुली, बाँके, सुर्खेत, बझाङ, गोरखा, तनहुँ, सप्तरी, सिराहा, महोत्तरी, रसुवा र धादिङ) मा महिला बालबालिका सेवा केन्द्र भवन निर्माण गरी सेवा केन्द्र सञ्चालन गरिएको।

### २.२.८. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति

**क. नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा संविधानको धारा ५१ (ज) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

५. नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,

६. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने,

७. नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने,

८. स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

९. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्ने,

१०. नेपालको क्षमता र आवश्यकताका आधारमा जनसङ्ख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

११. अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने,

१२. कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटोअनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

१३. आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,

१४. यातायात सुविधामा नागरिकहरूको सरल सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरणअनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने,


१५. नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।

**ख. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू**

- देहाय बमोजिमका नीति, ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु नयाँ जारी भएका एवम् मस्यौदा तयार गरिएकोः
  - सुरक्षित विद्यालय नीति, २०७५,

- विद्यालय अनुदान निर्देशिका, २०७४,
- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४/७५,
- Revised-Contingency-Plan-For-Education-Cluster-Of-Nepal-2018,
- गुनासो सुनुवाई कार्यविधि, २०७४,
- राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका प्रथम संशोधन, २०७५,
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४,
- शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरु, २०७४,
- बिद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४,
- विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४,
- विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४,
- नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४,
- बिद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४,
- शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४,
- Teacher Rationalization and Redeployment Plan 2016/017-2023/2024,
- जनस्वास्थ्य ऐनको मस्यौदा तयार गरिएको।
- प्रजनन् स्वास्थ्य विधेयक तयार गरिएको।
- राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन पारित भएको।
- स्वास्थ्य बीमा नियमावलीको मस्यौदा तयार भई स्वीकृतिको प्रकृयामा रहेको र ३३ जिल्लामा स्वास्थ्य बीमा लागू भएको।
- प्रविणता प्रमाणपत्र मिडवाइफ्रि पाठ्यक्रम र स्कूलमा स्कूल नर्स राख्नका लागि कार्यविधि तयार गरिएको।
- कुष्ठरोग निवारण राष्ट्रिय रणनीति २०१६— २०२० तयार गरिएको।
- पोखरा र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नियमावलीहरु पारित भएका।
- सरकारी अस्पतालहरुको वर्गीकरण अनुसार प्रदान गरिने सेवाको न्यूनतम मापदण्डको मस्यौदा तयार भएको।
- सूर्तिजन्य पदार्थको अबैध व्यापार अन्त्य गर्ने प्रोटोकल (Protocal to Eliminate Illicit Trade in Tobacco Product) को मस्यौदा तयार गरिएको।
- आवास सम्बन्धी अधिकारको विधेयकको मस्यौदा तयार पारिएको।
- यातायात क्षेत्रको व्यवस्थापनका लागि ३ वटा निर्देशिका संशोधन र ७ वटा नयाँ निर्देशिकाहरु लागु गरिएको।
- संघीयताको सन्दर्भमा अनुगमन मूल्याङ्कन निर्देशिका (M&E in Federal Context) तयार गरिएको।


- **शिक्षा तर्फः**




- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण भएको।
- प्राविधिक शिक्षा तथा तालिम क्षेत्रको विस्तारका लागि ९७ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम विस्तार गरिएको।
- वि. पी. कोइराला मेमोरियल अव्जरभेटरी विकास समितिबाट भौतिकशास्त्र संग्रहालय र 3D थिएटर निर्माण सम्पन्न भएको।
- प्रारम्भिक बालस्याहार तथा शिक्षाका लागि एशिया प्रशान्त क्षेत्रीय नीति मञ्च तथा प्रारम्भिक बाल विकासका लागि एशिया प्रशान्त क्षेत्रीय सञ्जालको अन्तर्राष्ट्रिय सम्मेलन २०१८ को जुन ५-७ सम्म काठमाडौंमा सम्पन्न भएको।
- विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन भई विद्यालयबाहिर रहेका विद्यालय उमेर समूह (५-१२ वर्ष) का २ लाख ५३ हजार ५ सय ५६ बालबालिकाहरु भर्ना भएका।
- अस्थायी शिक्षकहरुलाई १२ हजार ७ सय ३९ स्थायी पदमा लैजाने प्रक्रियाका लागि तहगत तथा विषयगत परीक्षा सञ्चालन गरिएको।
- कक्षा १ देखि १० सम्मका सबै बालबालिकाहरुले तोकिएको समयभित्रै पाठ्यपुस्तक प्राप्त गरेका।
- आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दरमा अघिल्लो वर्षको तुलनामा ०.३० प्रतिशतले वृद्धि भई ९७.२० प्रतिशत पुगेको।
- कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरुको संख्या १.६० प्रतिशतले वृद्धि भई ६६.३ प्रतिशत कायम भएको।
- आधारभूत तह (कक्षा १-८) मा अध्यापन गराउने महिला शिक्षकहरुको उपलब्धता ०.५० प्रतिशतले वृद्धि भई ४१.२ प्रतिशत पुगेको।
- व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो) बाट २७ हजार ३ सय जनालाई प्रत्यक्ष रोजगारी सिर्जना भएको। सीप विकास परियोजनाबाट ५० हजार जनाले व्यावसायिक सीप तथा तालिम प्राप्त गरेका।
- पानी तथा सरसफाई सुविधा सहितका २ हजार १ सय ३३ वटा शौचालय निर्माण भई बालिकाहरुको विद्यालयमा निरन्तरता सुनिश्चित गरिएको।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्माण भएका बाहेक ८ हजार ५ सय थप कक्षा कोठा निर्माण भएका।
- ३ हजार विद्यालयहरुमा प्रत्येक क्षेत्रमा १ हजार वटाका दरले क्रमश कम्प्युटर ल्याव, पुस्तकालय र विज्ञान ल्यावको स्थापना भएको।

- **स्वास्थ्य तर्फः**




- National Health Account 2012-2015/16 प्रकाशन गरिएको।
- Nepal Health Facility Survey 2015 को थप चार क्षेत्रमा विस्तृत विश्लेषण प्रतिवेदन तयार भएको।
- रक्तअल्पता, आयोडिनको कमीको अवस्था, पुड्कोपन, सुकेनास आदि पोषणसँग सम्बन्धित सर्वेक्षण (Micro Nutrient Status Survey) को प्रतिवेदन तयार गरिएको।
- संघीयताको सन्दर्भमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय तहबाटै अनलाइन प्रतिवेदन गर्ने कार्यका लागि मन्त्रालयको वेवसाइटमा अडियो, भिडियोसहित निर्देशिकाको व्यवस्था गरिएको।
- औषधी फोहरजन्य पदार्थ विसर्जन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरिएको।
- स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको।
- विपद् व्यवस्थापनका लागि गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य आकस्मिक सञ्चालन केन्द्र स्थापना गरिएको।
- शहिद गंगालाल हृदय केन्द्रसंगको समन्वयमा नेपालगञ्ज र जनकपुरमा मुटुरोग सम्बन्धी विशेषज्ञ सेवा विस्तारको प्रकृया शुरु गरिएको।
- देशभरिका ५ लाख ६ हजार ७ सय ६४ जना एक वर्षमुनिका बच्चाहरूलाई पूर्ण खोप प्रदान गरिएको, ३ लाख ४८ हजार ६ सय ६९ जना महिलाहरूलाई स्वास्थ्य संस्थामा निःशुल्क प्रसुति सेवा प्रदान गरिएको र ३० हजार १ सय ६६ जना क्षयरोगीका बिरामीहरूलाई प्रत्यक्ष निगरानीमा निःशुल्क उपचार प्रदान गरिएको।
- अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र १६ अस्पतालमा थप गरी ४५ वटा पुऱ्याइएको, सामाजिक सुरक्षा एकाइ १६ अस्पतालमा थप गरी ३२ वटा पुऱ्याइएको र जेरियाट्रिक वार्ड ८ वटा स्थापना गरिएको।

- परिवार नियोजनको अस्थायी साधनको प्रयोगतर्फ पिल्स चक्की खानेको संख्या १ लाख २१ हजार ८ सय ९ जना, डिपो प्रयोग गर्नेको संख्या २ लाख ३८ हजार २ सय ४ जना, आई. यू. सी. डि. लगाउनेको संख्या २७ हजार १ सय ४५ जना, इम्प्लान्ट प्रयोग गर्नेको संख्या ८८ हजार १ सय ७१ जना, स्थायी बन्ध्याकरण गर्नेको संख्या २४ हजार ८ सय ७१ जना रहेको र परिवार नियोजनको अस्थायी साधन नियमितरूपमा प्रयोगकर्ता व्यक्तिको संख्या २६ लाख ५३ हजार ५ सय ३१ जना रहेका।
- Neonatal Intensive Care Unit (NICU) ७ वटा र Special Neonatal Care Unit (SNCU) १३ वटा अस्पतालमा स्थापना गरिएको।
- ५६ वटा जिल्ला पूर्ण खोप जिल्लाका रूपमा घोषणा भएका, Fractional Injectable Polio Vaccine (FIPV) शुरूवात गर्न आवश्यक तयारी पूरा गरिएको, पूर्ण खोप पाउने ५ वर्षमुनिका बालबालिका संख्या ३ लाख ९५ हजार ५ सय २३, भिटामिन ए पाउने ६ - ५९ महिनाका बालबालिका संख्या ३८ लाख ८१ हजार ८ सय ३५ र Possible Severe Bacterial Infection (PSBI) भएका २ महिनामुनिका बालबालिकाको संख्या ५ हजार १ सय २५ रहेको।
- रोगहरुको महामारी पहिचानका लागि निगरानी प्रणाली Early Warning and Reporting System (EWARS) ८३ केन्द्रमा विस्तार गरिएको तथा ईलाम र कैलालीमा नसर्ने रोगहरूको उपचार तथा नियन्त्रणका लागि प्याकेज शुरू गरिएको।
- अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम अन्तर्गत रसुवागढी, काँकडभित्ता, रानी, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, पशुपतिनगर र गड्डाचौकी भन्सारमा हेल्थ डेस्क स्थापना गरिएको।
- २ वटा केन्द्रीय स्टोर, २ वटा क्षेत्रीय मेडिकल स्टोर, ५ नं प्रदेशमा १२ वटा र ६ नं प्रदेशमा १० वटा गरी २२ जिल्ला, बर्दियाका १५ र सुर्खेतमा १५ स्वास्थ्य संस्थामा Electronic Logistic Management Information System (ELMIS) सञ्चालन गरिएको।
- ७९ वटा सूचीकृत अस्पतालहरूबाट ८ प्रकारका असाध्य रोग लागेका २१ हजार ८ सय १६ जना विपन्न नागरिकहरूलाई औषधि उपचारबापत रु. २ अरब ११ करोड ५६ लाख रकम अनुदान उपलब्ध गराइएको।
- स्वास्थ्य संस्था नभएका २ हजार ३ सय १२ वडाहरुको विस्तृत विवरण तयार गरिएको, ७ वटा वृद्धाश्रममा स्वास्थ्य शिविर सञ्चालन गरिएको, ३४ वटा थपसहित ४ सय शहरी स्वास्थ्य केन्द्र

> ✓ देशभरिका ५,०६,७६४ जना एक वर्षमुनिका बच्चाहरूलाई पूर्ण खोप प्रदान गरिएको, ३,४८,६६९ जना महिलाहरूलाई निःशुल्क प्रसुति सेवा प्रदान गरिएको र ३०,१६६ जना क्षयरोगीलाई निःशुल्क उपचार प्रदान गरिएको,
> ✓ अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र १६ अस्पतालमा थप गरी ४५ वटा पुऱ्याइएको, सामाजिक सुरक्षा एकाइ १६ अस्पतालमा थप गरी ३२ वटा पुऱ्याइएको र जेरियाट्रिक वार्ड ८ वटा स्थापना गरिएको,
> ✓ परिवार नियोजनको अस्थायी साधन पिल्स चक्की खानेको संख्या १,२१,८०९ जना, डिपो प्रयोग गर्नेको संख्या २,३८,२०४ जना, आई.यू.सी.डि. २७,१४५ जना, इम्प्लान्ट ८८,१७१ जनाले प्रयोग गरेको, २४,८७१ जना रहेको र परिवार नियोजनको अस्थायी साधन नियमितरुपमा प्रयोगकर्ता व्यक्तिको संख्या २६,५३,५३१ जना रहेका।

> ✓ ७९ वटा सूचिकृत अस्पतालहरूबाट ८ प्रकारका रोगहरूका २१,८१६ जना विपन्न नागरिकहरूलाई औषधि उपचार रकम रु. २ अरब ११ करोड ५६ लाख भुक्तानी दिइएको,
> ✓ स्वास्थ्य संस्था नभएका २,३१२ वडाहरुको विस्तृत विवरण तयार गरिएको, ३४ वटा थपसहित ४०० वटा शहरी स्वास्थ्य केन्द्र र ५० वटा थप सहित ४५० वटा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा रहेका।
> ✓ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) मा १५ नयाँ मेशिन थप गरी २४ सै घण्टा डायलोसिस सेवा शुरु गरिएको।
> ✓ स्वास्थ्य विमा नियमावलीको मस्यौदा तयार र ३३ जिल्लामा स्वास्थ्य वीमा लागु भएको।

सञ्चालनमा रहेका। ५० वटा थपसहित ४ सय ५० वटा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनमा रहेका।

- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पतालसमेत) मा विभिन्न विभागमा अत्याधुनिक मेसिनहरू जडान गरी उपचार शुरू गरिएको, १५ वटा नयाँ मेशिन थप गरी २४ सै घण्टा डायलोसिस सेवा उपलब्ध गराइएको।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्नातक तह मिडवाइफेरी र एकवर्षे एनेस्थेसिया असिस्टेन्ट कार्यक्रम सञ्चालन गरिएको, BPH, MBBS, MDGP, MD in obs/gynae, Ortho, Anesthesia कार्यक्रमका पाठ्यक्रम विकास गरिएको र ४० हजार जना बिरामीले बहिरंग सेवा प्राप्त गरेका।
- कान्ति वाल अस्पतालमा हाईड्रोसिल, कालाज्वर तथा नवजात शिशुहरूको निःशुल्क सेवा शुरू गरिएको।

> ✓ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रवाट १,३५,४१३ जना मुटुका बिरामीहरुलाई बहिरंग सेवा, १,८५६ जना बिरामीहरुको बिभिन्न खाले मुटुको शल्यक्रिया, १,७९७ जनाको क्याथल्याब मार्फत एन्जीयोप्लाष्टि, ४,५०० जनाको एन्जीयोग्राफी, ६१५ को पेशमेकर लगायतका सेवा उपलब्ध गराइएको।

- **शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रतर्फ :**
  - १ लाख ३५ हजार ४ सय १३ जना मुटुका बिरामीहरुलाई बहिरंग सेवा, १ हजार ८ सय ५६ जना बिरामीहरुलाई बिभिन्न खाले मुटुको शल्यक्रिया, १ हजार ७ सय ९७ जनालाई क्याथल्याब मार्फत एन्जीयोप्लाष्टि, ४ हजार ५ सय जनालाई एन्जीयोग्राफी, ६ सय १५ जनालाई पेशमेकर लगायतका सेवा उपलब्ध गराइएको,
  - १५ वर्षमुनिका ८ सय ६९ जना बिरामीहरुको बिभिन्न खाले मुटुको शल्यक्रिया गरिएको,
  - ७५ वर्ष भन्दा माथिका ५ सय ४४ जना बिरामीहरुको बिभिन्न खाले मुटुको उपचार गरिएको,
  - ४ सय ९ जना बिरामीहरुको Percutaneous Trans-Mitral Commissurotomy (PTMC) पद्धतिद्वारा मुटुको सांगुरिएको भल्भ खोलिएको,
  - ४ सय ५० जना वाथज्वरो बिरामीहरुको निःशुल्क भल्भ तथा शल्यक्रियाको उपचार गरिएको,
  - विपन्न नागरिकहरुका लागि रु. २१ करोड ६३ लाख ३० हजार ६ सय ४३ रकम खर्च गरी २ हजार २ सय ६१ जनाको उपचार गरिएको,
  - देशका बिभिन्न १३ स्थानमा मुटुरोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी जम्मा ६ हजार २ सय ८३ जना बिरामीको स्वास्थ्य परीक्षण गरिएको जसमध्ये इसीजी गर्ने बिरामी २ हजार ६ सय ३४ तथा इको गर्ने बिरामीको सख्या २ हजार ६ सय ५७ रहेको।
- मनमोहन कार्डियोथोरासिक भास्कूलर तथा ट्रान्सप्लान्ट सेन्टरमा नयाँ क्याथ ल्याब उपकरण जडान गरिएको, भवन निर्माण कार्य सुचारु रहेको, उपचार राहत कार्यक्रम अन्तर्गत विनियोजित बजेट अनुसार शतप्रतिशत सेवा प्रदान गरिएको, विपन्न सेवा अन्तर्गत आषाढ मसान्तसम्म ८ सय ३७ जना बिरामीहरुको उपचार गरिएको।
- स्वास्थ्य सेवा भित्र पर्ने आधारभूत स्वास्थ्य सेवाका लागि प्याकेज तयार गरी अन्तिम रूप दिइएको।
- सिंहदरबारभित्रका कर्मचारीहरुको स्वास्थ्य परीक्षण गर्न हेल्थ डेस्क शुरु गरिएको।
- समुदायमा हुने मृत्युको कारण पत्ता लगाउन समुदायमा भएका मृत्युको मौखिक परीक्षण ३ जिल्लामा परीक्षण (Piloting ) को रूपमा शुरू भएको।

- कैलाली, कपिलबस्तु, रूपन्देही, नवलपरासीमा र कन्चनपुरमा २ सय ८० जना र अछाम, सर्लाही र महोत्तरी जिल्लामा खोज पडताल कार्यबाट २० जना कुष्ठरोगको नयाँ बिरामी पत्ता लागेको, धनुषामा १ सय ३२ र दोलखामा ७२ जनालाई खोजपड्ताल (Screening) गरी अपांगता पहिचान गरिएको।
- एण्टि माईक्रोवियल रेजिस्टेण्टको राष्ट्रिय कार्ययोजना तयार गरिएको, १० स्थानमा ब्याक्टेरिओलोजि स्थापनाका लागि समान खरिद गरिएको, ३ अन्चल अस्पताल र १ क्षेत्रीय अस्पतालका लागि ४ वटा अटोमेटिक वायोकेमिस्ट एनालाईजर मेसिन र प्रा.स्वा.के. तथा जिल्ला अस्पतालहरूका लागि ५० वटा सेमि मेसिन अटोमेटिक वायोकेमिस्ट एनालाईजर मेसिन खरिद गरिएको।
- ४ हजार १ सय ३१ सरकारी स्वास्थ्य संस्थाबाट नियमित रूपमा स्वास्थ्य सेवा प्रदान गरेको।
- **नेपाली सेनाबाट संचालित स्वास्थ्यसेवा:**
  - काठमाण्डौंको महांकालस्थित त्री-चन्द्र सैनिक अस्पतालको निर्माण कार्य सम्पन्न भई डेण्टल, फार्मेसी सुविधा तथा अवलोकन कक्ष सञ्चालनमा आएको,
  - नेपालगन्ज, इटहरी र पोखरामा क्षेत्रीय सैनिक अस्पताल सञ्चालन गर्ने योजना अनुसार नेपालगन्जमा सम्पूर्ण तयारी पूरा भएको र इटहरी एवम् पोखरामा भौतिक पूर्वाधार निर्माण कार्य तीव्र गतिमा भइरहेको,
  - १ सय १५ स्थानमा निःशुल्क स्वास्थ्य सेवा सञ्चालन गरी १ लाख ५६ हजार ३ सय ४६ जनालाई सेवा प्रदान गरिएको,
  - १८ वटा ब्यारेकको उपचार केन्द्रबाट सर्पदंश उपचार सेवा प्रदान गरी ६ हजार १ सय ८९ जनालाई सेवा पुऱ्याइएको।

- **व्यवस्थित बसोवास:**
  - जनता आवास कार्यक्रमलाई २७ जिल्लाबाट विस्तार गरी ७४ जिल्लामा पुऱ्याइएको। क्रमागत एवम् नयाँ गरी ८ हजार ३ सय १३ आवास एकाइको निर्माण सम्पन्न भएको।
- **यातायात व्यवस्था :**
  - सार्वजनिक यातायात सेवा प्रदायकलाई कम्पनीको रूपमा पञ्जीकृत गरी सडक इजाजत-पत्र प्रदान गरिएको।
  - काठमाडौं उपत्यकामा मास ट्रान्सपोर्ट सञ्चालन गर्ने गरी सिनामंगल-नयाँ बसपार्कको रुटमा सञ्चालन भएका ६६ वटा माइक्रो बस, टेम्पो, मिनिबसलाई अन्य रुटमा स्थानान्तरण गरी सो रुटमा ठूला बसहरु सञ्चालन गर्न दिगो यातायात सेवा प्रा. लि. सँग सम्झौता भई सञ्चालन शुरु भएको।
  - उपत्यकामा विद्यमान २ सयभन्दा बढी सार्वजनिक रुटहरुलाई ६६ वटा कायम गरी नयाँ रुट इजाजत वितरण शुरु गरिएको।
  - सवारी साधनको प्रदुषण परीक्षण गर्नका लागि प्रदुषण परीक्षण मेशिन खरिद गरी यातायात व्यवस्था कार्यालयहरु र यातायात व्यवस्था सेवा कार्यालयहरुमा पठाई नियमित रूपमा प्रदुषण परीक्षण भइरहेको।
  - यातायात व्यवस्था विभाग परिसरमा स्मार्ट कार्ड प्रिन्टका लागि पर्सनलाइज्ड सेन्टरको निर्माण र कम्प्युटर ल्याबका लागि प्रिफ्याब भवन निर्माण गरिएको।
  - यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरुबाट सवारी चालक अनुमतिपत्रको निवेदन, नयाँ जारी, नवीकरण तथा प्रतिलिपी सम्बन्धी सम्पूर्ण अभिलेखहरु कम्प्युटराइज गरी पेपरलेस बनाइएको।

- यातायात सेवालाई पञ्जीकरण गर्ने कार्य यातायात व्यवस्था विभागबाट भईरहेकोमा पञ्जीकृत सेवालाई सरल र सहज बनाउन यातायात व्यवस्था कार्यालयहरु तथा सेवा कार्यालयहरुबाट उक्त कार्य गर्ने व्यवस्था मिलाइएको।
- धादिङको गजुरीस्थित घाटवेंशीमा एक्सल लोड कन्ट्रोल स्टेशन स्थापना गरी अधिक भारवहन भएका सवारी साधनहरु सञ्चालनमा रोक लगाइएको।

- **खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताः**
  - माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न ४ वटा माटो परीक्षण मोबाइल प्रयोगशाला भ्यान खरिद गरी उपयोगमा ल्याइएको।
  - जलवायू अनुकूल खेती प्रणालीलाई व्यवस्थित गर्न "कृषि मौसम सल्लाह सेवा बुलेटिन" तयार गरी कृषकहरुमा वितरण भैरहेको र सोसम्बन्धी जानकारी वेव साइट www.namis.gov.np र "हाम्रो कृषि" एपमा समाविष्ट गरी सरोकारवालाहरुसम्म पुऱ्याइएको।
  - धानको सुख्खा सिरिजका जातहरुः सुख्खा १ देखी सुख्खा ६ सम्मका र डुवान सहने जात ३ वटा सूचीकृत भई कृषकस्तरमा पुऱ्याइएको।
  - खाद्यदाना/दाना उद्योग, होटेल रेष्टुरेन्ट, राजमार्गका होटलको नियमित अनुगमन निरीक्षण ४ हजार २ सय ३८ पटक, बजार अनुगमन तथा नमूना संकलन २ हजार ८ सय १३ वटा, खाद्य नमूना विश्लेषण १२ हजार ५ सय ९१ पटक, खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणीकरण ४५ हजार ६७ पटक र खाद्य मेला सञ्चालन ६ पटक, दशौं राष्ट्रिय खाद्य स्वच्छता दिवस तथा दोस्रो महिनाव्यापी खाद्य स्वच्छता दिवस सम्पन्न गरिएको।
  - ५ वटा प्रदेशका ६ वटा कृषि थोक बजारस्थलमा RBPR प्रयोगशाला स्थापना गराई खाद्य स्वच्छता तथा गुण नियन्त्रणमा योगदान पुऱ्याइएको।
  - आर्थिक वर्ष २०७५/७६ बाट सञ्चालन हुनेगरी कर्णाली प्रदेशका १० जिल्लामा उच्च मूल्य कृषि वस्तुको मूल्य श्रृखलामा आधारित कृषि क्षेत्र विकास कार्यक्रम स्वीकृत भएको।
  - मध्य तथा सुदूरपश्चिमाञ्चलका पहाडी १९ जिल्लाहरुमा कृषि तथा खाद्य सुरक्षा आयोजना मार्फत बाली उत्पादन, ग्रामीण कुखुरा तथा बाख्रापालन कृषक पाठशाला, मुख्य खाद्यान्न बाली र पोषणयुक्त बालीको प्रविधि प्रदर्शनी, गाँउस्तर नमूना बगैंचा स्थापना, बाख्रा उत्पादकत्व सुधार कार्यक्रम, ऋस वोका वितरण, बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी खाद्यान्न तथा पशुजन्य उत्पादन आपूर्तिको व्यवस्था गरिएको।
  - हिमाली आयोजना मार्फत उच्च हिमाली जिल्लाहरुमध्ये मुस्ताङ्गमा सार्वजनिक निजी साझेदारीमा स्थापित च्याङ्ग्रा फार्मका लागि न्युक्लियस हर्ड स्थापना गर्न तिव्वतियन प्रजातिका २७० च्याङ्ग्रा खरिद गरिएको। हिमाली क्षेत्रमा पशुजन्य उत्पादन प्रशोधनमा संलग्न कृषक व्यवसायीलाई तालिम प्रदान गरिएको।
  - कर्णाली अञ्चलका ५ जिल्लामा कर्णाली अञ्चल कृषि विकास आयोजना सञ्चालन भएकोमा हाल यस आयोजना अन्तर्गत प्रदर्शन, उन्नत बीउ किट वितरण, फलफूल बगैंचा स्थापना, नमूना बगैंचा स्थापना/व्यवस्थापन, बीजवृद्धि, कृषि सामग्री वितरण र सेवा केन्द्र/जिल्ला/क्षेत्रीय/घुम्ती तालिम जस्ता कार्यक्रमका लागि स्थानीय तहहरुमा बजेट व्यवस्था गरिएको।
  - साल्ट ट्रेडिङ्ग कर्पोरेशन अन्तर्गत कण्ठरोग नियन्त्रण आयोजनाले हुम्लाको हिल्सामा नुनमा आयोडिन मिश्रण गर्न आयोडाइजेशन प्लान्ट स्थापना गरेको।

- नेपाल खाद्य संस्थान अन्तर्गत खाद्यान्न ढुवानी कार्यक्रमले राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा ९ हजार ४ सय ९४ मेट्रिक टन खाद्यान्न मौज्दात राखेको। नेपाल सरकारको प्रतिबद्धता अनुसार सार्क खाद्य बैंकमा ८ हजार मेट्रिक टन खाद्यान्न मौज्दात राखेको।

### २.२.९. श्रम तथा रोजगार सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (झ) ले श्रम तथा रोजगार सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,
२. मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,
३. बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,
४. श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,
५. वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,
६. वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने।

**ख. श्रम तथा रोजगार सम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू**

- देहाय बमोजिमका नियमावली एवम् निर्देशिकाहरु तर्जुमा गरिएको:
  - निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनहरुको कोष सञ्चालन निर्देशिका तयारी तथा प्रकाशन गरिएको,
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनका लागि नियमावली मस्यौदा तयार गरिएको,
  - श्रम नियमावली, २०७५ को मस्यौदा तयार गरिएको,
  - वैदेशिक रोजगारमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५ तर्जुमा गरिएको,
  - वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँच निर्देशिका, २०७५ तर्जुमा गरिएको।

२०७५ श्रावण १ गतेबाट लागु हुने गरी श्रमिक हकको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको।

२७८ जना बालश्रममा रहेका बालबालिकाहरूलाई उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको।

७,६६४ जनालाई आधारभूत तालिम र ११८ जना महिलालाई आवासिय तालिम प्रदान गरिएको।

११,१५९ जनालाई वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी (विशेष सीप विकास) तालिम प्रदान गरिएको।

२,१२९ उजुरी दर्ता भएकोमा १,०२३ फरफारक भएको ।

वैदेशिक रोजगारमा ठगी सम्बन्धी परेका उजुरीमध्ये २३४ मुद्दा दायर भई रु. १ अरब ५२ करोड क्षेतिपूर्ति दावी गरिएको जसमध्ये रु. २० करोड बिगो भराइएको।

१४,९२७ वेरोजगार दर्ता भएकोमा ७३८ जनालाई रोजगारीका लागि र १,३७४ जनालाई तालिमका लागि सिफारिस गरिएको।

- १,४९४ उद्योग प्रतिष्ठान र ४४४ वटा बोइलर निरीक्षण।
- २८९ वटा श्रम विवाद समाधान।
- १,०५० वटा बालश्रम निरीक्षण इभेन्ट।
- ७५ वटा बालश्रम उद्धार।
- ५९ वटा बालश्रम पुनः स्थापना/ पुनर्मिलन।
- ५१ वटा औद्योगिक दुर्घटनामा कारवाही।

- नेपाली कामदारका लागि नेपालका विदेशस्थित नियोगबाट मागपत्र प्रमाणीकरण हुने व्यवस्था मिलाइएको।
- बहुसीपयुक्त तालिम केन्द्र स्थापनाका साथै वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुका लागि पुनःस्थापना केन्द्र स्थापना गरिएको।
- विदेशमा मृत्यु भएका नेपालीहरुको शव बुझ्ने व्यवस्थाका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शव बुझ्ने छुट्टै कक्षको रूपमा "वैदेशिक रोजगार सहायता कक्ष" र वैदेशिक रोजगार सूचना केन्द्रको स्थापना गरिएको।
- कोमामा रहेका श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउन तथा सरकारी स्वास्थ्य संस्थाबाट समेत वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको।
- Employment Permit System (EPS) प्रणाली अन्तर्गतको परीक्षा केन्द्र काठमाडौंमा मात्र रहेकोमा त्यस्तो परीक्षा पोखरामा पनि हुने व्यवस्था गरिएको।
- वैदेशिक रोजगार सम्बन्धी २ हजार १ सय २९ उजुरी प्राप्त भएकोमा १ हजार २३ उजुरीहरु फरफारक भएको। १ सय ९७ म्यानपावर कम्पनी खारेज गरिएको।
- वैदेशिक रोजगारीका क्रममा ठगी गरेको वा ठगीमा परेको भन्दै आएका उजुरीमध्ये २ सय ३४ वटा मुद्दा दायर भएका, रु. १ अरब ५२ करोड क्षतिपूर्ति दाबी गरिएको र रु. २० करोड बिगो भराइएको।
- सहज तथा सुलभ सेवा प्रदान गर्न र वैदेशिक रोजगारीमा देखिएको ठगी न्यूनीकरण गर्न एकीकृत वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली शुरुवात गरेको। यस प्रणालीमा वैदेशिक रोजगारको केन्द्रीय

प्रणालीमा अध्यागमन विभाग, राहदानी विभाग, कन्सुलर सेवा विभाग, कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार विभाग, बैंक र बीमा कम्पनीका सर्भरहरूलाई अन्तरआबद्ध गरिएको।

- वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना तथा सेवामा नागरिकको सहज पहुँच बनाउन मोबाइल एप निर्माण गरी सञ्चालनमा ल्याइएको। मोबाइल एप प्ले स्टोरमा श्रम स्वीकृति नवीकरणको फाराम भर्न सकिने प्रावधान राखिएको।
- बालश्रम निरीक्षण तथा अनुगमन कार्यक्रम ५८ वटा ईभेन्टमा गरिएको र २४ वटा कारखाना निरीक्षण गरिएको।
- बालश्रम अन्त्य गर्न महाङ्काल, बौद्ध, गुह्येश्वरी र कीर्तिपुरमा चार वटा दिवा सेवा शिशु स्याहार केन्द्र सञ्चालन भइरहेको।
- बालश्रम निवारणका लागि १० वर्षे बालश्रम गुरु योजना (२०७५-२०८४) कार्यान्वयन गरिएको।
- २ सय ७८ जना बालश्रममा रहेका बालबालिकाहरूलाई उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको।
- १ हजार ६ सय ८ जना विदेशीलाई श्रम स्वीकृति प्रदान गर्नुका साथै ९ सय ६२ जना विदेशीको श्रम स्वीकृति नवीकरण गरिएको।
- १ ट्रेड युनियन महासंघ दर्ता, १ ट्रेड युनियन महासंघ नवीकरण, १६ ट्रेड युनियन संघ दर्ता र ३० वटा ट्रेड युनियन संघ नवीकरण गरिएको।
- नेपालले अनुमोदन गरेका सामाजिक सौदावाजी सम्बन्धी महासन्धि (Convention C98) र न्यूनतम पारिश्रमिक सम्बन्धी महासन्धि (Convention C131) अनुमोदनको प्रतिवेदन अन्तर्राष्ट्रिय श्रम संगठनमा पठाइएको।
- कार्यस्थलमा आपतकालीन अवस्थाको सृजना भएमा त्यसबाट सुरक्षित रहन आवश्यक पर्ने सीप सिकाउन Emergency Response Team (ERT) र Fire Evacuation Plan (FEP) को तालिम प्रदान गरिएको।
- सामाजिक सुरक्षाका विभिन्न योजनाहरुमध्ये पहिलो चरणमा ४ वटा (मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना र बेरोजगार सहायता योजना) को कार्यविधि तर्जुमा भइरहेको।
- सामाजिक सुरक्षा योजनाहरु सञ्चालन गर्नका लागि सामाजिक सुरक्षा कोषमा Social Security Information Management System (SSIMS) नामको अनलाइन सफ्टेवयर निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको।
- वैदेशिक रोजगारमा जाने कामदारको हितमा बीमा रकम वृद्धि गरी रु. १० लाख पुऱ्याइएको साथै नेपाल सरकारबाट रु. ७ लाख आर्थिक सुविधा वृद्धि गरिएको।
- वैदेशिक रोजगारी सम्बन्धी गुनासो सुनुवाइ गर्नका लागि विभागमा छुट्टै टोल-फ्रि कक्ष स्थापना गरी कामदारका गुनासो व्यवस्थापन गरिएको।
- ३७ वटा कम्पनीको अनुगमन गरिएको र नियम विपरीत कार्य गर्ने विभिन्न कम्पनीहरुबाट रु. ३७ लाख जरिवाना असुल भएको।
- श्रम कार्यालयमा टोकन सिस्टम लागु गरिएको।

- ✓ वैदेशिक रोजगारमा जाने कामदारको बीमा रकम वृद्धि गरी रु. १० लाख पुऱ्याइएको साथै नेपाल सरकारबाट रु. ७ लाख आर्थिक सुविधा वृद्धि गरिएको,
- ✓ ७६१ मृतक कामदारका परिवारलाई रु. ४५,६४,२४,०३० सहायता रकम वितरण गरिएको,
- ✓ ३६१ जना अङ्गभङ्ग भएका कामदारलाई रु. ६,५१,१७,६५० सहायता रकम वितरण गरिएको,
- ✓ ५१ जनालाई स्वास्थ्योपचार खर्चबापत रु. २४,९५,००० आर्थिक सहायता रकम वितरण गरिएको,
- ✓ ६६ जना विदेशमा अलपत्र परेका कामदारको उद्धार गरिएको,
- ✓ १३८ जना विदेशमा अलपत्र परेका शव झिकाइएको।

- रोजगार सूचना केन्द्रमा १४ हजार ९ सय २७ वेरोजगार दर्ता भएकोमा ७ सय ३८ जनालाई रोजगारीका लागि र १ हजार ३ सय ७४ जनालाई तालिमका लागि सिफारिस गरिएको।
- वैदेशिक रोजगार सम्बन्धी २ हजार १ सय २९ उजुरी दर्ता भएकोमा १ हजार २३ फरफारक भएको।
- वैदेशिक रोजगारीमा ठगी परेको भन्दै आएका उजुरीमध्ये २ सय ३४ मुद्दा दायर भई रु.१ अरब ५२ करोड क्षतिपूर्ति दावी गरिएको।
- व्यावसायिक तथा सीप विकास तालिम केन्द्रबाट ७ हजार ६ सय ६४ जनालाई आधारभूत तालिम, १ सय १८ जना महिलालाई आवासीय तालिम र ११ हजार १ सय ५९ जनालाई वैदेशिक एवम् युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम प्रदान गरिएको।
- वैदेशिक रोजगार न्यायाधीकरणबाट ३ सय २५ थान मुद्दा फछ्र्यौट भएको।
- **वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट निम्न कार्यहरु भएकोः**
    - ७ सय ६१ मृतक कामदारका परिवारलाई रु. ४५ करोड ६४ लाख २४ हजार ३० सहायता रकम वितरण गरिएको,
    - ३ सय ६१ जना अङ्गभङ्ग भएका कामदार तथा अशक्तता निर्धारण गरी दिइने रु. ६ करोड ५१ लाख १७ हजार ६ सय ५० सहायता रकम वितरण गरिएको,
    - ६६ जना विदेशमा अलपत्र परेका कामदारको उद्धार गरिएको,
    - १ सय ३८ जना विदेशमा अलपत्र परेका शव झिकाइएको,
    - ६ सय ८८ जना कामदारको शव सम्वन्धित जिल्लामा पुऱ्याउने कार्य भएको,
    - वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई वैदेशिक रोजगारमूलक एक महिने आवासीय सीप विकास तालिम प्रदान गरिएको,
    - कामदारका परिवारलाई वितरण गरिने स्वास्थ्योपचार खर्च बापत ५१ जनालाई रु. २४ लाख ९५ हजार आर्थिक सहायता रकम उपलब्ध गराइएको।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका कार्यक्रमबाट १५ लाख ३१ हजार १९ श्रमदिन कुल रोजगारी सृजना गरिएको।
- राहदानी विभागले NS/ISO 9001:2015 प्रमाण-पत्र प्राप्त गरेको।
- राहदानी विभागले प्रदान गर्दै आएको सेवालाई सरल, सहज, चुस्त, दुरुस्त र अनुमानयोग्य बनाउन राहदानी जारी प्रक्रियाका बारेमा सूचनामूलक सन्देश प्रवाह गर्न विभागले नेपाल पासपोर्ट नामक मोबाइल एप्लिकेशन प्रयोगमा ल्याएको। यसैगरी विभागले सुन्न मिल्ने नागरिक वडापत्र प्रयोगमा ल्याएको।
- राहदानी वितरणका लागि डिजिटल वितरण प्रणाली लागु गरिएको, साथै जिल्ला प्रशासन कार्यालय/सङ्कलन केन्द्रहरुमा विभागबाट व्यवस्थित रूपमा राहदानी पठाउने अभिप्रायले विभागमा डिजिटल चलानी प्रणाली लागु गरिएको।
- यन्त्रवाचक राहदानी जारी गर्न शुरु गरेदेखिका आवेदकले पेश गरेका कागजातहरु डिजिटल आर्काइभिङ्गमा व्यवस्थित गर्ने कार्य सुचारु गरिएको।
- राहदानी विभागबाट ५ लाख ३१ हजार ६ सय ३३ वटा राहदानी जारी गरिएको।
- मलेसियामा अलपत्र परेका ८३ जना नेपालीहरूलाई नेपाल फिर्ता ल्याइएको। कुवेतमा समस्यामा परेका २ सय ६६ जना नेपाली घरेलु महिला कामदारहरूलाई नेपाल फिर्ता ल्याइएको।
- गैरकानूनी अवस्थामा रहेका र अन्य कारणबाट कुवेत सरकारद्वारा नेपाल फिर्ता पठाउने अवस्थामा रहेका १ हजार ८ सय ७७ जना नेपाली कामदारहरूलाई नेपाल फर्कन सहजीकरण गरिएको।

- ओमानमा कार्यरत १ सय ५ जना नेपाली कामदारहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको।
- कन्सुलर सेवा विभागमा Automation System (online service), Digital Display Board तथा टोकन प्रणालीको थालनी गरी आधा घन्टाभित्र सेवा प्रदान गर्ने गरिएको साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम प्रयोगमा ल्याइएको।
- राहदानी विभागले निर्माण गरेको "पासपोर्ट" नामक लघु चलचित्र सार्वजनिक गरी वैदेशिक रोजगारका लागि विदेश जान चाहने सबैको जानकारीका लागि विभागको आधिकारिक वेवसाईट, युट्युब लगायतका अन्य सामाजिक मिडियाहरु मार्फत प्रचार-प्रसार गरिएको।

## २.२.१०. सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

२. जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

३. प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

४. बालबच्चाको पालनपोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

५. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

६. मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

७. राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

८. आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने,

९. अल्पसङ्ख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र साँस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

१०. मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

११. उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

१२. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

१३. स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

१४. सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र

व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ संस्थाहरूलाई संलग्न गराउने।

## ख. सामाजिक न्याय र समावेशीकरणका नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

- देहाय बमोजिमका ऐन, कार्यविधि र निर्देशिकाहरु नयाँ जारी भएका एवम् परिमार्जन गरिएका:
  - राष्ट्रिय दलित आयोग ऐन, २०७४
  - राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
  - आदिवासी जनजाति आयोग ऐन, २०७४
  - मधेशी आयोग ऐन, २०७४
  - थारु आयोग ऐन, २०७४
  - मुस्लिम आयोग ऐन, २०७४
  - जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली, २०७४,
  - राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ को दोस्रो संशोधन भएको,
  - खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८ परिमार्जन गरिएको,
  - राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७२ को दोस्रो संशोधन गरिएको,
  - खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२ संशोधन गरिएको,

**महिलातर्फ**
- हिंसा पीडितहरुको दीर्घकालीन पुनर्स्थापनाका लागि ४० जनालाई सेवा पुऱ्याइएको, २१ जना लैङ्गिक हिंसा पीडित/प्रभावितहरुलाई आश्रय दिइएको र दीर्घकालीन मंगला सहाना पुनर्स्थापना केन्द्रबाट १० जनालाई पुनर्स्थापना गराइएको।
- ७८५ जना मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुलाई आवासीय सेवासहित कानूनी सहायता, मनोसामाजिक परामर्श र स्वास्थ्य सेवा उपलब्ध गराइएको।
- १४ जिल्लाका १,२७५ महिलाहरुलाई स्वरोजगार तथा उद्यमशीलता विकास सम्बन्धी तालिम दिइएको।

**बालबालिकातर्फ**
- हराएका र बेवारिसे अवस्थामा फेलापरेका साथै जोखिममा रहेका बालक ९५९ र बालिका १,१२२ जनाको खोजी, उद्धार, पारिवारिक पुनर्मिलन गराइएको।

**अपाङ्गतर्फ**
- विभिन्न प्रकारका अपाङ्गता भएका २,१९४ व्यक्तिहरुलाई आवश्यक हुने सहायक सामग्री वितरण गरिएको।

**ज्येष्ठ नागरिकतर्फ**
- ज्येष्ठ नागरिकहरुको हेरचाहका निम्ति विभिन्न संघ संस्थाहरुलाई चालु अनुदान उपलब्ध गराई ४९ जिल्लामा ८७ वटा दिवासेवा केन्द्र सञ्चालन गरिएको।
- नयाँ पुस्तामा ज्येष्ठ नागरिकहरुप्रति सम्मान गर्ने भावनाको विकास गर्न ७५ जिल्लाका २२५ वटा विद्यालयमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन भएको।

- **महिलातर्फः**
  - हिंसा पीडितहरुको दीर्घकालीन पुनर्स्थापनाका लागि काठमाण्डौमा संचालित मंगला सहाना पुनर्स्थापना केन्द्रमा ४० जनालाई सेवा उपलब्ध गराइएको, २१ जना लैङ्गिक हिंसा पीडित/प्रभावितहरुले आश्रय

लिईरहेका, दीर्घकालीन मंगला सहाना पुनर्स्थापना केन्द्रबाट १० जनालाई पारिवारिक पुनर्स्थापना गराइएको,

- लैङ्गिक हिंसा निवारण कोषबाट हालसम्म ३७ जनालाई रु. ३५ लाख ५० हजार रकम क्षतिपूर्ति उपलब्ध गराइएको,
- १० वटा पुनर्स्थापना केन्द्र मार्फत ७ सय ८५ जना मानब बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुलाई आवासीय सेवासहित कानूनी सहायता, मनोसामाजिक परामर्श र स्वास्थ्य सेवा उपलब्ध गराइएको,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१ को मध्यावधि मूल्याङ्कन सम्बन्धी प्रतिवेदन प्रकाशन गरिएको,
- राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत मानव विकास सूचकांकमा पछाडि परेका १४ जिल्ला (भोजपुर, सुनसरी, वारा, रौतहट, दोलखा, सिन्धुली, तनहुँ, लम्जुङ, रोल्पा, दाङ, दैलेख, मुगु, अछाम, दार्चुला) का १ हजार २ सय ७५ महिलाहरुलाई स्वरोजगार तथा उद्यमशीलता विकास सम्बन्धी तालिम दिइएको,
- १० जिल्ला (सिरहा, सप्तरी, महोत्तरी, रौतहट, काठमाण्डौ, ललितपुर, कैलाली, अछाम, डोटी, वैतडी) का १३ स्थानमा ६ सय १ जना स्थानीय तहका जनप्रतिनिधिहरुलाई लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- कोलम्बो प्लानका २७ देशका लैंगिक सम्पर्क व्यक्तिहरुको ३ दिने क्षेत्रीय सम्मेलन नेपालमा आयोजना गरिएको,
- ११ जिल्लामा प्रथा, परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन भएको,
- १० जिल्लामा विद्यालय तहमा महिला अधिकार सम्बन्धी सचेतनामूलक, ७ जिल्लामा महिला अधिकार विषयक सार्वजनिक सुनुवाइ र ४ जिल्लामा सञ्चार माध्यमसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको।

- **बालबालिकातर्फः**
  - सिंहदरबार परिसरभित्र सञ्चालित दिवा शिशु स्याहार केन्द्रमा ८५ जना शिशुहरु राखी सेवा उपलब्ध गराइएको,
  - ७७ वटै जिल्लामा बालबालिकामाथि हुने हिंसा विरुद्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको,
  - भक्तपुरको सानोठिमी, कास्की र मोरङमा सञ्चालन भइरहेका बाल सुधार गृहमा हाल २ सय ८८ जना रहेका छन् भने नेपालगञ्जमा बालसुधार गृह सञ्चालनका क्रममा रहेको,
  - हराएका र बेवारिसे अवस्थामा फेलापरेका साथै जोखिममा रहेका बालक ९ सय ५९ र बालिका १ हजार १ सय २२ गरी २ हजार ८१ जना बालबालिकाहरुको खोजी, उद्धार, पारिवारिक पुनर्मिलन गराइएको,
  - काठमाडौं उपत्यकाका सडकमा सडक जीवन बिताइरहेका बालक १ सय १ र बालिका २० गरी १ सय २१ जना सडक बालबालिकाको उद्धार गरी सम्पर्क गृहमा राखी संरक्षण तथा व्यवस्थापन गरिएको।

- **अपाङ्गतातर्फः**
  - "क" वर्गका बेसहारा विपन्न एवम् अपाङ्गता भएका ३८ जना (नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र जोरपाटी काठमाडौंमा ३५ जना र नेपाल राष्ट्रिय समाज कल्याण संघ कञ्चनपुरमा ३ जना) व्यक्तिहरुलाई पुनर्स्थापना गर्ने कार्यलाई निरन्तरता दिइएको र थप १३ जनालाई पुनर्स्थापना सेवा प्रदान गर्न छनौट गर्ने प्रक्रियामा रहेको,
  - विभिन्न प्रकारका अपाङ्गता भएका २ हजार १ सय ९४ व्यक्तिहरुलाई आवश्यक हुने सहायक सामग्री वितरण गरिएको,
  - अपाङ्गता भएका व्यक्तिका क्रियाशील संस्थाहरु मार्फत रु. १ करोड ६८ लाख ७५ हजारको सहयोगमा समुदायमा आधारित पुनःस्थापना कार्यक्रम सञ्चालन भएको |
- **ज्येष्ठ नागरिकतर्फः**
  - ६५ वटा वृद्धाश्रममा रहेका १ हजार ३ सय ५७ जेष्ठ नागरिकहरुको संरक्षण गरिएको,
  - ज्येष्ठ नागरिक सम्बन्धित १ सय २२ वटा संघसंस्थाहरु मार्फत ज्येष्ठ नागरिक आश्रम निर्माणमा रु. ६ करोड ७६ लाख र सञ्चालनका लागि रु. ४ करोड ६५ लाख आर्थिक सहयोग उपलब्ध गराइएको,
  - ज्येष्ठ नागरिकहरुको हेरचाहका निम्ति विभिन्न संघ संस्थाहरुलाई चालु अनुदान उपलब्ध गराई ४९ जिल्लामा ८७ वटा दिवासेवा केन्द्र सञ्चालन गरिएको,
  - नयाँ पुस्तामा ज्येष्ठ नागरिकहरुप्रति सम्मान गर्ने भावनाको विकास गर्न ७५ जिल्लाका २ सय २५ वटा विद्यालयमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको।
- **समाजकल्याणतर्फ :**
  - ३५ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था को मध्यावधि र ७१ वटाको अन्तिम मूल्यांकन भएको,
  - राष्ट्रिय गैरसरकारी संस्थाले समाजकल्याण परिषद्वाट २ हजार १ सय ३५ वटा नयां आबद्धता, १ हजार ६३ वटा संस्थाले नवीकरण गरी २०७५ आषाढ मसान्त सम्मको कुल आबद्धता संख्या ४८ हजार २ सय ७३ संख्या पुगेको,
  - ७ सय २३ वटा राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत १ हजार १ सय ८१ वटा परियोजना सञ्चालन गरी कुल रु. २० अरब १ करोड ४२ लाख ७३ हजार बजेट परिचालन भएको र अन्तराष्ट्रिय गैर सरकारी संस्थाले ७१ वटा कार्यक्रममा सम्झौता गरी रु. १८ अरब ५१ करोड ३० लाख ९२ हजार बजेट परिचालन भएको।
- **राष्ट्रिय महिला आयोगबाट सम्पन्न भएका कार्यहरु :**
  - आयोगमा घरेलु हिंसा र महिला हिंसा सम्बन्धी देहाय अनुसारका उजुरी प्राप्त भएका र त्यसमा कारवाही गरिएको।
    - घरेलु हिंसा –७६६,
    - महिला हिंसा –७२,
    - मनोसामाजिक परामर्श–१६६।
  - निम्नानुसार अन्य निकायहरुमा सिफारिश गरिएको:
    - कानूनी सहायता –२१५,
    - सेल्टर (साथी) –४०,
    - बालगृह –७,

- प्रहरी, मालपोत, स्थानीय निकाय, अध्यागमन – १३४.

- **युवा तथा खेलकुदतर्फः**

९ जिल्लाका ५६२ जनालाई विपद् व्यवस्थापन तथा स्काउटको आधारभूत तालिम प्रदान गरिएको।

७ प्रदेशका २१ जिल्लाका ६७२ जना स्काउटलाई तालिम तथा प्रोत्साहन स्वरूप पोसाक र औजार वितरण गरिएको।

अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा स्वर्ण र रजत पदक प्राप्त गर्ने ३५ खेलका ४०४ जना खेलाडीहरुलाई नगद पुरस्कार प्रदान गरिएको।

शैक्षिक प्रमाणपत्रका आधारमा ४७ जना बेरोजगार युवालाई प्रतिव्यक्ति रू. २ लाखका दरले उद्यम सञ्चालनका लागि ऋण सहयोग प्रदान गरिएको।

विभिन्न खेलका २५ जना खेलाडीलाई उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराइएको।

१७ खेलका ३३५ जना खेलाडी र ६७ जना प्रशिक्षकहरुलाई राष्ट्रिय टिममा समावेश गरी प्रशिक्षण प्रदान गरिएको।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट ८,३२७ जना महिला र ८,७१२ जना पुरूष गरी जम्मा १७,०३९ जना स्वरोजगार भएका।

- **राष्ट्रिय युवा परिचालनः**
  - युवा अनुभव आदानप्रदान कार्यक्रम (बाह्य) अन्तर्गत ३८ जना भारतीय युवाले नेपालको भ्रमण गरेका,
  - १० जना युवालाई रू. १ लाखका दरले नगद पुरस्कार र प्रंशसा-पत्र सहित राष्ट्रिय युवा प्रतिभा सम्मान पुरस्कारद्वारा सम्मान गरिएको,
  - युवाका सवालसँग सम्बन्धित ५२ वटा रेडियो श्रृंखला तयार पारी रेडियो नेपालबाट प्रसारण भएको,
  - युवा सीप तथा उद्यमशीलता कार्यक्रम अन्तर्गत ६५ जिल्लामा ९ सय ५४ जनालाई तालिम तथा सहायता सामग्री वितरण गरिएको,
  - शैक्षिक प्रमाणपत्रका आधारमा ४७ जना बेरोजगार युवालाई प्रतिव्यक्ति रू. २ लाखका दरले उद्यम सञ्चालनका लागि ऋण सहयोग प्रदान गरिएको,
  - राष्ट्रपति महिला उद्यम कार्यक्रम अन्तर्गत तराईका ११ जिल्लाका १८ वटा महिला उद्यम समूहलाई प्रति समूह रु. २० हजारका दरले उद्यमशीलता विकासका लागि आर्थिक सहयोग उपलब्ध गराइएको,
  - उद्यमशीलता तथा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम अन्तर्गत ३ सय ९ जना उद्यमीहरूलाई तालिम प्रदान गरिएको,
  - अपाङ्ग कोषसँग सम्झौता गरी २ सय ८५ जना विशेष क्षमता भएका व्यक्तिका लागि सहयोग सामग्री वितरण गरिएको।
- **खेलकुद विकासः**
  - ७७ जिल्ला, ७ प्रदेश र केन्द्रमा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको,

- ८ जना खेलाडी, २ जना प्रशिक्षक तथा एक खेल संस्थालाई रू. १ लाखका दरले नगद पुरस्कार र प्रंशसा-पत्रसहित खेलकुदको राष्ट्रिय प्रतिभा पुरस्कारद्वारा सम्मानित गरिएको,
- प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा ४७ जिल्ला र ६ देशका विदेशी स्काउटहरूको सहभागितामा नेपाल स्काउटद्वारा नुवाकोटको ककनीमा तेस्रो राष्ट्रिय ज्याम्बोरी सम्पन्न गरिएको,
- ९ वटा जिल्लाका ५ सय ६२ जनालाई विपद् व्यवस्थापन तथा स्काउटको आधारभूत तालिम प्रदान गरिएको,
- ७ प्रदेशका २१ वटा जिल्लाका ६ सय ७२ जना स्काउटलाई तालिम तथा प्रोत्साहनस्वरूप पोशाक र औजार वितरण गरिएको,
- क्रिकेट लगायतका अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने २१ जना खेलाडीलाई नगद पुरस्कारसहित सम्मान गरिएको,
- ६ जना खेलकुद प्रशिक्षकलाई एक वर्षे डिप्लोमा कोर्ष अध्ययनका लागि र ३३ जना खेलाडी तथा स्वयंसेवकहरूलाई ६ हप्ते सर्टिफिकेशन कोर्ष अध्ययनका लागि भारतको पटियाला पठाइएको,
- २०७४ माघ २ गतेदेखि २०७५ बैशाख २० गतेसम्म १७ खेलका ३ सय ३५ जना खेलाडी र ६७ जना प्रशिक्षकहरुलाई राष्ट्रिय टिममा समावेश गरी प्रशिक्षण प्रदान गरिएको,
- विभिन्न खेलका २५ जना खेलाडीलाई उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराइएको,
- बक्सिङ, भलिबल, फुटबल, क्रिकेट लगायतका विभिन्न २९ खेलका राष्ट्रिय प्रतियोगिताहरू आयोजना गरिएको,
- सातदोबाटोमा तेक्वान्दो एकेडेमी निर्माण, हिटिङ्ग प्लेट सहितको स्विमिङ्गपुल निर्माण तथा च्यासल रगंशाला निर्माणको कार्य भइरहेको,
- दशरथ रंगशालाको साधारण प्यारािफटतर्फको छाना राख्ने कार्य सम्पन्न भई अन्य निर्माण कार्य चालु रहेको,
- विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा स्वर्ण र रजत पदक प्राप्त गर्ने ३५ खेलका ४ हजार ४ जना खेलाडीहरुलाई प्रोत्साहन स्वरूप नगद पुरस्कार प्रदान गरिएको।

- **युवा स्वरोजगार एवम् सामाजिक सुरक्षाः**
  - ८ हजार ३ सय २७ जना महिला र ८ हजार ७ सय १२ जना पुरूष गरी जम्मा १७ हजार ३९ जना स्वरोजगार भएका,
  - ६६ जिल्लाका ४ सय ६२ वटा सहकारी संस्थाका ९ सय ५७ जना अध्यक्ष र व्यवस्थापकलाई "कोषको नीति, उद्देश्य, कर्जा लगानी प्रकृया, व्याजदर, बीमा, तालिम, व्याज अनुदान" आदि विषयमा जानकारीमूलक अनुशिक्षण तालिम प्रदान गरिएको,
  - २४ लाख ९८ हजार ५ सय ३२ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण एवम् ११ लाख १२ हजार ५७ जना ज्येष्ठ (७० वर्ष माथिका) नागरिकलाई उपचार खर्च वितरण गरिएको,
  - देशभरका १ सय ३७ नगरपालिका, २ सय ८५ गाउँपालिकाका वडाहरूबाट बैकिङ प्रणाली मार्फत लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाइएको,
  - १ हजार ५ सय परिवार मुक्त कमैया र ४ हजार परिवार मुक्त हलिया पुनर्स्थापन कार्य सम्पन्न गरी हालसम्म २७ हजार २ सय ३६ परिवार मुक्त कमैया र ७ हजार २ सय २८ परिवार मुक्त हलियाको पुनर्स्थापना गरिएको।

## २.२.११. न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (ट) ले न्याय र दण्ड व्यवस्था सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

२. सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थताजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

३. राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने।

**ख. न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू:**

- देहाय बमोजिमका नियमावली एवम् निर्देशिकाहरु जारी गरिएका:
  - सरकारी वकील सम्बन्धी नियमावली,
  - गुनासो व्यवस्था निर्देशिका, २०७४,
  - अपराध अनुसन्धान नियमावली, २०७४,
  - मुद्दा फिर्ता र माफी सम्बन्धी निर्देशिका।
- सरकारी वकील कार्यालयबाट प्रदान गरिने सेवाको प्रभावकारीता अभिवृद्धिका लागि, सेवाको सूचना सम्प्रेषण गर्न समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गरिएको।
- महान्यायाधिवक्ताको कार्यालयबाट भएका अनुसन्धान प्रतिवेदन र प्रकाशनहरूलाई वेवसाइट मार्फत अद्यावधिक गरिएको।
- उपत्यकाका सबै सरकारी वकील कार्यालयमा CCTV जडान गरी अनुगमन गर्न प्रारम्भ गरिएको।
- मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर लागु गरिएको। पेशी व्यवस्थापन र जिन्सी व्यवस्थापन सम्बन्धी अभिलेख व्यवस्थित गर्न नयाँ सफ्टवेयर तयार भएको।
- प्रत्येक प्रदेशका एक सरकारी वकील कार्यालयलाई नमूना सरकारी वकील कार्यालय घोषणा गरी कार्य सञ्चालन र सेवा प्रवाहलाई प्रभावकारी बनाइएको।
- इ—एटर्नीको अवधारणा कार्यान्वयनका लागि कार्य प्रारम्भ भएको।
- कारागार र हिरासतमा रहेका थुनुवा तथा कैदीहरूको मानव उचित व्यवहार भए नभएको सम्बन्धमा ३३ वटा जिल्लाका ४० हिरासत तथा २९ कारागारहरू अनुगमन गरी एकीकृत प्रतिवेदन तयार गरी सरोकारबाला निकायमा कार्यान्वयनका लागि पठाइएको।
- सरकारी वकील दिग्दर्शनको पुनरावलोकन, स्वच्छ सुनुवाइका आधारभूत सिद्धान्तहरु, संविधान तथा कानूनी व्यवस्थाहरु समेतको स्रोत-पुस्तिका तयार गरी सबै सरकारी वकीलहरुलाई वितरण गरिएको।
- निम्न विषयहरुमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गरिएको:
  - बाल न्याय सम्बन्धी स्वच्छ सुनुवाईको अवधारणाको कार्यान्वयन अवस्था सम्बन्धी,
  - कर तथा राजस्व सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र दृष्टिकोण सम्बन्धी,
  - सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण सम्बन्धी कानून, प्रक्रिया र न्यायिक दृष्टिकोण सम्बन्धी,

- मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा अन्य संशोधित कानूनहरुमा भएको परिवर्तनले मुद्दा व्यवस्थापन प्रणाली (CMS) सफ्टवेयरमा पार्ने प्रभाव सम्बन्धी।

- बयान गराउँदा शंकितका अधिकारका बारेमा जानकारी दिई बयान गराउने कार्यको पूर्णरूपमा पालना गर्ने विषयमा परिपत्र जारी भई सो बमोजिमको कार्य प्रारम्भ मातहत निकायबाट भएको।
- मुलुकी अपराध संहिता समेतका नयाँ संहिता कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमा अभियोजन सहायता कक्षको स्थापना गरिएको।
- पीडित तथा साक्षीहरुको संरक्षण गर्ने उद्देश्यले ५८ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा छुट्टै पीडित मैत्री कक्षको व्यवस्था गरिएको।
- सरकारी वकीलले बहस गर्ने विषयसँग सम्बन्धित कर्तव्य ज्यान, जबरजस्ती करणी, मानव बेचबिखन, चोरी, लागू औषध, बहुविवाह, ठगी लगायतका १५ विषयसँग सम्बन्धित विषयगत नजिर संकलन गरी प्रकाशन गरिएको।
- सरकारी वकीलहरूको अध्ययन, अनुभव र रुचि समेतका आधारमा विषयगत विशिष्टीकरणका लागि मापदण्ड तयार गरी ७ वटा विषयमा पाठ्यक्रमहरू तयार गरिएको।
- सरकारवादी फौजदारी मुद्दाको प्रभावकारी प्रतिरक्षा गर्ने सम्बन्धमा अभ्यस्त पार्न २० वटा प्रशिक्षण कार्यक्रम मार्फत ६ सय ९६ जनालाई प्रशिक्षण दिइएको।
- सरकारवादी फौजदारी मुद्दामा संलग्न रहने पीडित महिला, तथा बालबालिकाहरूको हक हित संरक्षण गर्न र न्यायमा सहज पहुँच कायम गर्नका लागि छुट्टै महिला तथा बालबालिका एकाइको स्थापना गरिएको।
- महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरिएको। अपराधको प्रवृत्ति सम्बन्धी आधार तयार गर्न विभिन्न १५ वटा विषयमा अध्ययन भई प्रतिवेदन प्रकाशित भएको।

> ✓ नयाँ मुलुकी अपराध संहिता कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमा अभियोजन सहायता कक्षको स्थापना गरिएको,
> ✓ ५८ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा छुट्टै पीडित मैत्री कक्षको व्यवस्था गरिएको,
> ✓ सरकारवादी फौजदारी मुद्दामा संलग्न रहने पीडित महिला, तथा बालबालिकाहरूको हक हित संरक्षण गर्न र न्यायमा सहज पहुँच कायम गर्नका लागि छुट्टै महिला तथा बालबालिका इकाइको स्थापना गरिएको,
> ✓ महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरिएको।

- **राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पन्न भएका कार्यहरुः**
  - सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, अनियमितता सम्बन्धी केन्द्रमा प्राप्त ८ सय ८६ वटा उजुरीहरु छानविन गरी फछ्यौंट गरिएको,
  - १३ जिल्लाका १ हजार ३ सय जना सेवाग्राहीसँग सरकारी कार्यालयले प्रवाह गर्ने सेवाको स्तर सम्बन्धी सेवाग्राही सर्वेक्षण कार्य सम्पन्न भएको,
  - विभिन्न ५५ जिल्लाका जम्मा १ हजार १ सय ४० कार्यालयका कर्मचारीहरुले कार्यालय समय पालना गरे/नगरेको, तोकिएको पोशाक लगाए/नलगाएको सम्बन्धमा अनुगमन गर्दा अनुपस्थित हुने एवम् पोशाक नलगाउने कर्मचारीहरुलाई सम्बन्धित सेवा समूह सम्बन्धी कानून बमोजिम कारवाही गरी सोको जानकारी दिन ३ सय ६२ कार्यालयलाई निर्देशन दिइएको,
  - ५५ जिल्लाका १ हजार १ सय ७ कार्यालयमा नागरिक वडापत्र अनुगमन गरिएको।

- **राष्ट्रिय सतर्कता केन्द्रबाट देहायका आयोजनाको प्राविधिक परीक्षण गरिएको:**
    - सामुदायिक सिंचाइतर्फका ५ वटा आयोजनाहरु,
    - Strengthening National Rural Transport Program (SNRTP) तर्फका ४० वटा आयोजनाहरु,
    - Strategic Road Network (SRN) Bridge तर्फका १० वटा आयोजनाहरु,
    - राष्ट्रिय गौरवका १९ वटा आयोजनाहरु,
    - अन्य विकासतर्फ १८ वटा आयोजनाहरु,
    - समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्रतर्फका ६ वटा आयोजनाहरु।


**राष्ट्रिय सतर्कता केन्द्रबाट देहायका आयोजनाको प्राविधिक परीक्षण गरिएको:**

- ✓ सामुदायिक सिंचाइतर्फका ५ वटा आयोजनाहरु,
- ✓ Strengthening National Rural Transport Program (SNRTP) तर्फका ४० वटा आयोजनाहरु,
- ✓ Strategic Road Network (SRN) Bridge तर्फका १० वटा आयोजनाहरु,
- ✓ राष्ट्रिय गौरवका १९ वटा आयोजनाहरु,
- ✓ अन्य विकासतर्फ १८ वटा आयोजनाहरु,
- ✓ समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्रतर्फका ६ वटा आयोजनाहरु।


- आर्थिक वर्ष २०७३/७४ मा प्राविधिक परीक्षण गरिएका १ सय ६ वटा आयोजनाहरुलाई त्रुटी सच्याउन लेखी पठाइएको,
- १६ औं ब्याचको प्राविधिक परीक्षक तालिम २३ जनालाई प्रदान गरिएको,
- आर्थिक वर्ष २०७३/७४ मा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका सार्वजनिक पद धारण गरेका कुल ४ लाख ४९ हजार १ सय ४० पदाधिकारी/कर्मचारीहरुमध्ये ४ लाख ३० हजार ६ जना (९६ प्रतिशत) पदाधिकारीहरुले सम्पत्ति विवरण बुझाएको, ८ सय ३४ जना पदाधिकारीहरुले म्याद नाघेपछि सम्पत्ति विवरण बुझाएको र १९ हजार १ सय ३४ जनाले सम्पत्ति विवरण नबुझाएको।
- **केन्द्रबाट देहायका निकाय र विषयमा विस्तृत अध्ययन गरिएको:**
    - नेपाल विद्युत प्राधिकरणको विद्युतको घरायसी मिटर जडान सम्बन्धी विषय,
    - युवा तथा स्वरोजगार कोषको तालिम संस्था छनौट/कर्जा प्रवाह लगायतको विषय,
    - जग्गाको कित्ताकाट सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्णय कार्यान्वयन सम्बन्धी विषय,
    - त्रि. वि. वि. विज्ञान संकायतर्फको केन्द्रीय क्याम्पस, पुल्चोक ईञ्जिनियरिङ कलेज र त्रिचन्द्र कलेजको विज्ञान संकायतर्फको र अमृत साइन्स कलेजको शिक्षक दरबन्दी लगायतको विषय,
    - भूमिसुधार कार्यालय, भक्तपुरमा मोठजग्गा छुट्याउन मोही तथा तल्सिङहरुले दिएको निवेदनको कार्यान्वयन सम्बन्धी विषय,
    - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालको जनशक्ति पदपूर्ति एवम् खरिद प्रकृया सम्बन्धी विषय।
- **केन्द्रबाट देहाय बमोजिम सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका:**
    - १३ जिल्लामा "भ्रष्टाचार नियन्त्रण : हाम्रो साझा दायित्व" विषयक गोष्ठी सम्पन्न भएको,
    - २९ वटा सामुदायिक विद्यालयमा भ्रष्टाचार विरुद्धको सचेतना कार्यक्रम सम्पन्न भएको।
    - सार्वजनिक खरिद अनुगमन कार्यालयबाट देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका:
    - खरिद सम्बन्धी ८ वटा दस्तावेज निर्माण भइसकेका र अन्य १५ वटा दस्तावेज निर्माणको चरणमा रहेका,
- सार्वजनिक खरिद ऐन तथा नियमावली सम्बन्धी कागजात र निर्देशनका सम्बन्धमा विभिन्न कार्यालयहरुलाई आर्थिक वर्ष २०७४/७५ मा १०७ संख्यामा राय परामर्श प्रदान गरिएको,

- सम्झौता बमोजिम काम नगर्ने ५२ वटा फर्मलाई कालो सूचीमा राखिएको,
- कार्यालयको ५ वर्षे रणनीतिक योजना (Procurement Strategic Plan) निर्माण भएको,
- विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका जारी गरिएको,
- बोलपत्रदाता वा खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि केन्द्र र जिल्लामा गरी आधारभूत तालिम १० र e-GP सम्बन्धी तालिम ३२ गरी कुल ४२ वटा तालिम कार्यक्रमबाट क्रमशः ४ सय र १ हजार २ सय जना कर्मचारीहरु प्रशिक्षित गरिएको,
- १० जिल्लाका २५ वटा सार्वजनिक निकायहरूमा सार्वजनिक खरिद सम्बन्धी अनुगमन कार्य सम्पन्न गरिएको,
- e-GP सेवा जुनसुकै बेलामा पनि सञ्चालनका लागि कार्यालयमा सहायता कक्षका साथै प्राविधिक सेवा उपलब्ध गराइँदै आएको र विभिन्न १ हजार ३ सय २५ प्रयोगकर्ताहरुलाई यस किसिमको सेवा प्रदान गरिएको।

## २.२.१२. पर्यटन सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (ठ) ले पर्यटन सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. नेपालका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने।

### ख. पर्यटन सम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

- देहाय बमोजिमका नियमावली एवम् निर्देशिकाहरु संशोधन गरिएकोः
  - पर्वतारोहण नियमावली र ट्राभल ट्रेकिङ्ग नियमावलीलाई समसामयिक बनाउन संशोधन गरिएको,
  - नेपाल नागरिक उड्डयन नियमावली, २०५८ मा तेस्रो संशोधन गरिएको,
  - नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको कार्यसञ्चालन तथा तालिम निर्देशिका, २०६४ मा पहिलो संशोधन गरिएको,
  - कर्मचारी कल्याण कोष निर्देशिका, २०६८ मा संशोधन गरिएको,
  - नेपाल वायुसेवा निगम, आर्थिक विनियमावली, २०६४ मा संशोधन गरिएको।

नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन सचिवालय गठन गरी कार्यमा तीव्रता दिइएको।



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यमा तीव्रता दिइएको। फलस्वरूप आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्म यसको भौतिक प्रगति ४५% पुगेको।



पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तोकिएको समय (सन् २०२१) भन्दा अघि नै सम्पन्न गर्ने गरी काममा तीव्रता दिइएको। फलस्वरूप आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्म यसको भौतिक प्रगति १५% पुगेको।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हालको Air Traffic Congestion को समस्या न्यूनीकरण गर्न मिति २०७५/०२/०७ देखि बिहान ६ बजेदेखि अर्को दिन बिहान ३ बजेसम्म विमानस्थललाई दैनिक २१ घण्टा सञ्चालनमा ल्याइएको।

विगतमा नेपाललाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले हवाइ सुरक्षा सूची (Air Safety List) मा सूचिकृत गरेकोमा हवाइ सुरक्षा स्तर वृद्धि भएकाले सो सूचीबाट नेपाललाई हटाएको।



नेपालका विश्व सम्पदा सूचीमा सूचिकृत साँस्कृतिक तथा पुरातात्विक सम्पदाहरुलाई संभावित खतराको सूचीबाट हटाइएको।

- नेपाल भ्रमण वर्ष २०२० को तयारीका लागि अवधारणापत्र तयारी, लोगो स्वीकृत गर्नुका साथै नेपाल पर्यटन बोर्डमा सचिवालय गठन भएको।
- प्यासिफिक एशिया ट्राभल एशोसियसन (पाटा) को डेस्टिनेशन/गभर्मेन्ट कमिटिको अध्यक्षमा नेपाल निर्वाचित भएको।

- २५६२ औं बुद्ध जयन्ती एवम् लुम्बिनी दिवसका अवसरमा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हालको हवाइ ट्राफिक कन्जेक्सनको समस्या न्यूनीकरण गर्न मिति २०७५/०२/०७ देखि बिहान ६ बजेदेखि अर्को दिन बिहान ३ बजेसम्म विमानस्थललाई दैनिक २१ घण्टा सञ्चालनमा ल्याइएको।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यमा तीव्रता दिई आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा भौतिक प्रगति ४५ प्रतिशत पुऱ्याइएको।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तोकिएको समय (सन् २०२१) भन्दा अघि नै सम्पन्न गर्ने गरी काममा तीव्रता दिई आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा भौतिक प्रगति १५ प्रतिशत पुऱ्याइएको।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन स्वीकृत भएको।
- विगतमा नेपाललाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले हवाइ सुरक्षा सूचि (Air Safety List) मा सूचिकृत गरेकोमा हवाइ सुरक्षा स्तर वृद्धि भएकाले सो सूचिबाट नेपाललाई हटाएको।
- धनगढी विमानस्थलमा Instrument Flight Rules (IFR) लागु गरी रात्रीकालीन उडान, अवतरण र चन्द्रगढी विमानस्थलमा भिजिबिलिटी कम भएको अवस्थामा समेत उडान अवतरण गर्न सक्ने गरी स्तरोन्नति गरिएको। विगत लामो समयदेखि सञ्चालनमा नआएको राजविराज विमानस्थलमा जेट साईजको विमान उडान अवतरण गर्न सक्ने गरी स्तरोन्नति सहित सञ्चालनमा ल्याइएको।
- नेपाललाई ICAO Council President Certificate प्राप्त भएको।
- नेपाल-भारत पर्यटन प्रवर्द्धन सम्बन्धी संयुक्त कार्य समूहको बैठकमा दुवै देशले संयुक्त रूपमा रामायण सर्किट, बुद्धिष्ट सर्किट र साहसिक पर्यटन प्रर्वद्धन तथा बजारीकरण गर्ने सहमति भएको।
- थप ९० किलोमिटर पर्यटकीय पदयात्रा मार्ग निर्माण सम्पन्न भएको।
- नेपाल-जापान दुईपक्षीय हवाई सेवा सम्झौता पुनरावलोकन भएको।
- सन् २०१८ को जुन २४ देखि ४ जुलाईसम्म बहराइनमा आयोजना गरिएको सम्मेलनवाट नेपालका विश्व सम्पदा सूचीमा सूचिकृत साँस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरुलाई संभावित खतराको सूचीबाट हटाइएको।

## २.२.१३. अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति

**क. नेपालको संविधानको धारा ५१ (ड) ले अन्तर्राष्ट्रिय सम्बन्धका सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छ।**

१. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरी हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने।

२. विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने।

### ख. अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

- प्रदेश तथा स्थानीय तहले परराष्ट्र तथा कूटनीतिक मामिलामा अवलम्बन गर्नुपर्ने कार्यविधि, २०७४ तर्जुमा भएको।
- परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८ को पहिलो सशोधन भएको।
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन कूटनीतिक आचारसंहिता, संशोधनको प्रक्रियामा रहेका।

**<u>आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न भएका उच्चस्तरीय भ्रमणहरू</u>**



सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीबाट २७-३० कार्तिक, २०७४ मा संयुक्त अरब इमिरेट्सको औपचारिक भ्रमण सम्पन्न भएको।



प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट २०७४ चैत्र २३-२५ मा भारतको राजकीय र २०७५ असार ५-१० मा चीनको औपचारिक भ्रमण सम्पन्न भएको।



तत्कालीन प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट ७-११ भाद्र, २०७४ मा भारतको राजकीय र ९-१२ असोज, २०७४ मा ओमानको औपचारिक भ्रमण सम्पन्न भएको तथा ७ असोज, २०७४ मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन भएको।



भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीबाट २०७५ वैशाख २८-२९ मा नेपालको राजकीय भ्रमण सम्पन्न भएको।



पाकिस्तानका प्रधानमन्त्री श्री साहिद खाकान अब्बासीबाट २०७४ फाल्गुण २१-२२ मा नेपालको औपचारिक भ्रमण सम्पन्न भएको।

- सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीबाट २७-३० कार्तिक, २०७४ मा संयुक्त अरब इमिरेट्सको औपचारिक भ्रमण सम्पन्न भएको।
- प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीबाट २३-२५ चैत्र, २०७४ मा भारतको र ५-१० असार, २०७५ मा चीनको राजकीय भ्रमण सम्पन्न भएको।
- तत्कालीन प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट ७-११ भाद्र, २०७४ मा भारतको राजकीय भ्रमण र ९-१२ असोज, २०७४ मा ओमानको औपचारिक भ्रमण सम्पन्न भएको तथा ७ असोज, २०७४ मा संयुक्त राष्ट्र संघको महासभालाई सम्बोधन भएको।
- भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीबाट २८-२९ बैशाख, २०७५ मा नेपालको राजकीय भ्रमण सम्पन्न भएको।
- पाकिस्तानका प्रधानमन्त्री श्री साहिद खाकान अब्बासीबाट २१-२२ फाल्गुण, २०७४ मा नेपालको भ्रमण सम्पन्न भएको।
- स्पेनको म्याड्रिडमा नेपाली राजदूतावास स्थापना भएको।
- थप १७ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध कायम गरी हालसम्म नेपालको कूटनीतिक सम्बन्ध भएका मुलुकको संख्या १ सय ६१ पुगेको।
- नेपालसँग अष्ट्रेलिया, बुल्गेरिया र मोरक्कोका परराष्ट्र मन्त्रालयहरुबीच द्विपक्षीय संयन्त्र स्थापना गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको।
- अक्टोबर २०१७ मा न्यूयोर्कमा भएको निर्वाचनमा नेपाल सन् २०१८-२०२० सम्मको अवधिका लागि मानव अधिकार परिषद्को सदस्यमा एशिया प्रशान्त क्षेत्र समूहबाट निर्वाचित भएको।
- २० सेप्टेम्वर २०१७ मा नेपालले आणविक शस्त्र निषेध सन्धिमा हस्ताक्षर गरेको।
- नेपाल International Think Tank (ITT) for Landlocked Developing Countries (LLDC) स्थापना गर्ने Multilateral Agreement for the Establishment of an International Think Tank for Landlocked Developing Countries विषयक बहुपक्षीय सम्झौताको पक्ष राष्ट्र भएको।

> ✓ थप १७ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध कायम गरी मुलुकको संख्या १६१ पुगेको,
> ✓ नेपाल सन् २०१८-२०२० सम्मको लागि मानव अधिकार परिषद्को सदस्यमा एशिया प्रशान्त क्षेत्र समूहबाट निर्वाचित भएको,
> ✓ नेपालले २० सेप्टेम्वर २०१७ मा आणविक शस्त्र निषेध सन्धिमा हस्ताक्षर गरेको,
> ✓ नेपाल संयुक्त राष्ट्र संघीय मञ्चहरुमध्ये सन् २०१८ का लागि The Committee on Conferences को अध्यक्षमा, सन् २०१९ देखि २०२१ सम्मका लागि The United Nations Entity for Gender Equality and Empowerment of Women (UN-Women) को कार्यकारी बोर्डको सदस्यमा तथा सन् २०१९ देखि २०२२ सम्मका लागि The Commission on Science and Technology for Development (CSTD) को सदस्यमा निर्वाचित भएको,
> ✓ नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनको संचालक बोर्डको सदस्यमा सन् २०१७-२०२० को अवधिका लागि निर्वाचित भएको।

- नेपाल संयुक्त राष्ट्र संघीय मञ्चहरुमध्ये सन् २०१८ का लागि The Committee on Conferences को अध्यक्षमा, सन् २०१९ देखि २०२१ सम्मका लागि The United Nations Entity for Gender Equality and Empowerment of Women (UN-Women) को कार्यकारी बोर्डको सदस्यमा तथा सन् २०१९ देखि २०२२ सम्मका लागि The Commission on Science and Technology for Development (CSTD) को सदस्यमा निर्वाचित भएको।
- नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनको संचालक बोर्डको सदस्यमा सन् २०१७-२०२० को अवधिका लागि निर्वाचित भएको।

## २.३ राज्यको दायित्व र यसको कार्यान्वयन अवस्था

नेपालको संविधानको धारा ५२ ले "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरुको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ" भन्ने व्यवस्था गरेको छ।

संविधानको भाग ४ को धारा ५०, ५१ र ५२ मा व्यवस्था भएबमोजिम राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वहरू एक अर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन्। यस प्रतिवेदनमा उल्लिखित प्रगतिले सकारात्मक संकेत देखाएको छ। थप प्रभावकारी शासकीय प्रबन्ध सहितको गुणस्तरीय सेवा प्रवाह र विश्वसनीय उत्तरदायी वातावरण मार्फत सुशासनको गुणात्मक अभिवृद्धि गर्नु पर्नेछ। यस मार्फत समृद्ध नेपाल र सुखी नेपालीको महाअभियानलाई सफल पार्न संविधानले मार्गनिर्देश गरे बमोजिमको राज्यका नीतिहरुको अझ प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु पर्ने देखिएको छ।

नेपाल सरकारले राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्न आवश्यक कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै, नागरिकका मौलिक हक र अधिकारलाई संरक्षणका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरूको पालना र पृष्ठपोषण गर्न संविधानद्वारा निर्दिष्ट मौलिक हक र मानव अधिकारसँग सम्बन्धित व्यवस्थाहरूलाई आत्मसात् गरी तदनुरूप आवश्यक कानुनी व्यवस्थाको साथै यससँग सम्बन्धित नीतिहरूको कार्यान्वयन गर्दै आएको छ।

# परिच्छेद-३

# सरकारी वित्त व्यवस्था

नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ मा माथि परिच्छेद - २ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्ने तथा समग्रमा राज्य सञ्चालनका लागि नेपाल सरकारले उठाएको राजस्व र अन्य आयको विवरण तथा नेपाल सरकारबाट निकायगत रूपमा गरिएको खर्च विवरण यस परिच्छेदमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## ३.१ राजस्व र अन्य आयको स्थिति

आर्थिक वर्ष २०७४/७५

नेपाल सरकारको आय व्ययको संक्षिप्त झलक

| आर्थिक वर्ष ०७४/७५ को राजस्वको लक्ष्य तथा असुली विवरण | | | | |
|---|---|---|---|---|
| | | | | **रु. हजारमा** |
| **सि.नं.** | **शीर्षक** | **लक्ष्य** | **असुली** | **असुली प्रतिशत** |
| १ | भन्सार महसुल | १३,७३,२७,१८६ | १३,७७,८५,२९० | १००.३३ |
| | पैठारी | १२,०४,५६,८९५.७ | १२,१६,१०,०१४ | १००.९६ |
| | निकासी | १२,९७,२४३.१७२ | १,०२,६४५ | ७.९१ |
| | पूर्वाधार कर | ९६,५१,५८२.६८८ | १,०९,१८,६४५ | ११३.१३ |
| | भन्सारको अन्य आय | ७९९,४९२.४८७३ | ४,२१,४९५ | ५२.७२ |
| | कृषि सुधार शुल्क | ५१,२१,९७१.९३५ | ४७,३२,४९१ | ९२.४० |
| २ | मूल्य अभिवृद्धि कर | २१,५९,६८,७९४ | २०,६७,९३,८८४ | ९५.७५ |
| | उत्पादन | ७३८५३९६४.६२ | ७,६१,४९,२४३ | १०३.११ |
| | पैठारी | १४,२१,१४,८२९.४ | १३,०६,४४,६४१ | ९१.९३ |
| ३ | अन्तःशुल्क | १०,२८,८१,३०१ | १०,२५,७९,०५२ | ९९.७१ |
| | आन्तरिक उत्पादन | ५,६६,००,२७८.०८ | ६,०५,०७,१९९ | १०६.९० |
| | पैठारी | ४,६२,८१,०२२.६५ | ४,२०,७१,८५२ | ९०.९१ |
| ४ | स्वास्थ्य सेवा शुल्क | १२,७०,४०४ | ११,४८,८७१ | ९०.४३ |
| ५ | शिक्षा सेवा शुल्क | ९,९१,५३५ | ९,१२,५४५ | ९२.०३ |
| ६ | आयकर | १६,७१,९७,५६२ | १५,९९,००,५४८ | ९५.६४ |

| | | | | |
|---|---|---|---|---|
| | आयकर | १४,९७,१६,९९२.५ | १४,०३,६५,८९६ | ९३.७५ |
| | घरजग्गा बहालकर | ४९,१९,८७४.१५५ | ४५,५९,२१५ | ९२.६७ |
| | ब्याज कर | १,२५,६०,६९५.५७ | १,४९,७५,४३७ | ११९.२२ |
| ७ | रजिष्ट्रेशन दस्तुर | १,८४,११,३१९.१२ | १,९३,२२,०२४ | १०४.९५ |
| ८ | सवारी साधन कर | ९८,८७,०२०.९२६ | १,०६,७१,९०० | १०७.९४ |
| ९ | अन्य कर | १,२२,६९,४३६.१९ | २,०३,७७,२२८ | १६६.०८ |
| | जम्मा कर राजस्व | ६६,६२,०४,५५८ | ६५,९४,९१,३४१ | ९८.९९ |
| १० | जम्मा गैर कर राजस्व | ६,३८,५१,०१२ | ७,२७,४३,०२५ | ११३.९३ |
| | कुल जम्मा | ७३,००,५५,५७० | ७३,२२,३४,३६७ | १००.३० |

* गैरकर राजस्वतर्फ बेरूजु र नगद मौज्दात वापतको रकम रु. ५,५२,०२,९८ हजार समावेश रहेको छ।

## आर्थिक वर्ष २०७४/७५ मा वैदेशिक सहायताको प्रतिबद्धता र खर्चको अवस्था

| विवरण | प्रतिबद्धता (रु.) | खर्च (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| ऋण | १ खरब १७ अरब ९ करोड ४० लाख | ८९ अरब ६० करोड ४२ लाख | ७६.५२% |
| अनुदान | १ खरब १६ अरब ६० करोड ९७ लाख | ३९ अरब ३१ करोड ८७ लाख | ३३.७१% |
| जम्मा | २ खरब ३३ अरब ७० करोड ३७ लाख | १ खरब २८ अरब ९२ करोड २९ लाख | ५५.१६% |

# आर्थिक वर्ष २०७४/७५ को मन्त्रालय/निकायगत चालु, पूँजीगत र वित्तीय व्यवस्थाको विनियोजन र खर्चको विवरण

रु. लाखमा

| संकेत | मन्त्रालय | विनियोजन | | | | खर्च | | | | बजेटको तुलनामा खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| १०१ | राष्ट्रपति | १,२६७ | ३१७ | - | १,५८४ | १,३४९ | २०९ | - | १,५५७ | १०६.४ | ६५.९ | ० | ९८.३ |
| १०२ | उपराष्ट्रपति | ३८१ | ५४ | - | ४३५ | ३५६ | ४३ | - | ४०० | ९३.५ | ८०.७ | ० | ९२.० |
| २०२ | व्यवस्थापिका - संसद | १६,९३६ | ५०१ | - | १७,४३७ | ९,४४७ | ९६७ | - | १०,४१४ | ५५.८ | १९३.१ | ० | ५९.७ |
| २०४ | अदालत | ४२,५१७ | ९,७०० | - | ५२,२१७ | ३६,४५९ | १०,०३८ | - | ४६,४९७ | ८५.८ | १०३.५ | ० | ८९.० |
| २०६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ८,६२७ | ३,१०० | - | ११,७२७ | ६,२२८ | २,२१८ | - | ८,४४६ | ७२.२ | ७१.५ | ० | ७२.० |
| २०८ | महालेखा परीक्षकको कार्यालय | ४,०२० | २,१८२ | - | ६,२०२ | ३,८२२ | २,२७९ | - | ६,१०१ | ९५.१ | १०४.४ | ० | ९८.४ |
| २१० | लोक सेवा आयोग | ६,१६२ | ६७६ | - | ६,८३७ | ६,८७१ | ५३६ | - | ७,४०७ | १११.५ | ७९.२ | ० | १०८.३ |
| २१२ | निर्वाचन आयोग | ५,९४७ | १,१४५ | - | ७,०९१ | ८५,३६८ | ४,२०८ | - | ८९,५७६ | १,४३५.६ | ३६७.६ | ० | १,२६३.२ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २,००८ | ३८ | - | २,०४७ | १,६६२ | १७२ | - | १,८३४ | ८२.७ | ४४९.२ | ० | ८९.६ |
| २१६ | महान्यायाधिवक्ताको कार्यालय | ६,९१० | २,५०२ | - | ९,४१३ | ६,९४२ | २,७३४ | - | ९,६७६ | १००.५ | १०९.३ | ० | १०२.८ |
| २१८ | न्याय परिषद् | ६६४ | ९१ | - | ७५५ | ५७९ | ५४ | - | ६३३ | ८७.२ | ५९.९ | ० | ८३.९ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | २५५ | १०० | - | ३५५ | १२९ | ७०८ | - | ८३७ | ५०.४ | ७०८.१ | ० | २३५.६ |
| २२२ | राष्ट्रिय महिला आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २२४ | राष्ट्रिय दलित आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २२६ | राष्ट्रिय समावेशी आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २२८ | आदिवासी जनजाति आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |

| संकेत | मन्त्रालय | विनियोजन | | | | खर्च | | | | बजेटको तुलनामा खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| २३० | मधेशी आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २३२ | थारू आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २३४ | मुस्लिम आयोग | २५५ | १०० | - | ३५५ | - | - | - | - | - | - | ० | - |
| २५० | प्रदेश प्रमुखहरु | ४५४ | ३५० | - | ८०४ | ६१७ | ६९६ | - | १,३१३ | १३५.९ | १९८.८ | ० | १६३.३ |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७७२,७९३ | ७२३,४२८ | - | १,४९६,२२१ | ९६३,८५७ | २३८,५१५ | - | १,२०२,३७२ | १२४.७ | ३३.० | ० | ८०.४ |
| ३०५ | अर्थ मन्त्रालय | १००,१६५ | १९,७८५ | - | ११९,९५१ | ५४,९५४ | १०,४७० | - | ६५,४२३ | ५४.९ | ५२.९ | ० | ५४.५ |
| ३०६ | आपूर्ति मन्त्रालय | ९,२४१ | ७०९ | - | ९,९४९ | ९,३१५ | ३१८ | - | ९,६३३ | १००.८ | ४४.८ | ० | ९६.८ |
| ३०७ | उद्योग मन्त्रालय | ३८,१९७ | ४३,५८३ | - | ८१,७८० | २१,१५४ | २१,२४८ | - | ४२,४०२ | ५५.४ | ४८.८ | ० | ५१.८ |
| ३०८ | उर्जा  मन्त्रालय | १७,९७५ | १२८,५३९ | ४६,४८० | १९२,९९४ | ८,८०० | २०५,८६५ | ४४,७८० | २५९,४४५ | ४९.० | १६०.२ | ९६.३ | १३४.४ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,११२ | ६८ | - | २,१८० | १,४७६ | ८३ | - | १,५६० | ६९.९ | १२२.४ | ० | ७१.६ |
| ३१२ | कृषि विकास मन्त्रालय | २०४,६३९ | ३७,९८१ | - | २४२,६१९ | १६३,१०९ | २९,६०९ | - | १९२,७१८ | ७९.७ | ७८.० | ० | ७९.४ |
| ३१३ | खानेपानी तथा सरसफाइ मन्त्रालय | १६,७०३ | २१०,३३७ | - | २२७,०४१ | १२,८७२ | १८६,६२० | - | १९९,४९२ | ७७.१ | ८८.७ | ० | ८७.९ |
| ३१४ | गृह मन्त्रालय | ४७६,८०९ | ७४,११६ | - | ५५०,९२५ | ५५१,५५१ | ४७,९८३ | - | ५९९,५३३ | ११५.७ | ६४.७ | ० | १०८.८ |
| ३२५ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३८,७०३ | १२,२३१ | - | ५०,९३४ | २६,४२० | ८,८३९ | - | ३५,२५९ | ६८.३ | ७२.३ | ० | ६९.२ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ३५,५०५ | २७,५५५ | - | ६३,०६० | ३१,४५७ | १५,२१० | - | ४६,६६७ | ८८.६ | ५५.२ | ० | ७४.० |
| ३२७ | पशुपन्छी विकास मन्त्रालय | ४३,८७१ | १७,४७६ | - | ६१,३४७ | ३४,२९५ | १२,६९४ | - | ४६,९८८ | ७८.२ | ७२.६ | ० | ७६.६ |
| ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | १०३,२०४ | ५०,२४० | - | १५३,४४४ | ८४,५८३ | ३८,२८२ | - | १२२,८६५ | ८२.० | ७६.२ | ० | ८०.१ |

| संकेत | मन्त्रालय | विनियोजन | | | | खर्च | | | | बजेटको तुलनामा खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| ३३० | वाणिज्य मन्त्रालय | ६,९०८ | १०,९४० | - | १७,८४७ | ३,४८५ | ३,३६४ | - | ६,८४८ | ५०.४ | ३०.७ | ० | ३८.४ |
| ३३१ | जनसंख्या तथा वातावरण मन्त्रालय | ५९,३२८ | १७,१५० | - | ७६,४७८ | ३७,३०३ | ७,०३९ | - | ४४,३४२ | ६२.९ | ४१.० | ० | ५८.० |
| ३३२ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४,४९९ | ७,६२१ | - | १२,१२० | ३,५६१ | ७,८६३ | - | ११,४२५ | ७९.२ | १०३.२ | ० | ९४.३ |
| ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ५५,०६८ | ११,९१८ | - | ६६,९८६ | ४४,१०८ | ९,१०२ | - | ५३,२१० | ८०.१ | ७६.४ | ० | ७९.४ |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७०,५०६ | ८९५,०६७ | - | ९६५,५७३ | ६५,९३३ | ९६०,१२१ | - | १,०२६,०५४ | ९३.५ | १०७.३ | ० | १०६.३ |
| ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २०,२३३ | २,०५१ | - | २२,२८४ | १३,१८३ | १,२०७ | - | १४,३८९ | ६५.२ | ५८.८ | ० | ६४.६ |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २२,३९६ | २८ | - | २२,४२४ | २१,४१८ | १४६ | - | २१,५६४ | ९५.६ | ५१६.९ | ० | ९६.२ |
| ३४५ | रक्षा मन्त्रालय | ३९९,२१८ | ५१,६४४ | - | ४५०,८६१ | ३८६,२८७ | ९५,७२६ | - | ४८२,०१२ | ९६.८ | १८५.४ | ० | १०६.९ |
| ३४७ | शहरी विकास मन्त्रालय | ८५,६६६ | २१९,१६४ | - | ३०४,८३० | ६९,९८१ | २०८,२८९ | - | २७८,२७० | ८१.७ | ९५.० | ० | ९१.३ |
| ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ९,५५० | ७,७७६ | - | १७,३२६ | १४,७५० | ६,०९१ | - | २०,८४१ | १५४.४ | ७८.३ | ० | १२०.३ |
| ३५० | शिक्षा मन्त्रालय | ६५७,१६५ | ४,०८० | - | ६६१,२४४ | ४५७,६३९ | २,४३८ | - | ४६०,०७७ | ६९.६ | ५९.८ | ० | ६९.६ |
| ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५,९८२ | ७०७ | - | १६,६८९ | ७,१९३ | ४०० | - | ७,५९३ | ४५.० | ५६.६ | ० | ४५.५ |
| ३५६ | सामान्य प्रशासन मन्त्रालय | १०,६०६ | ४११ | - | ११,०१६ | ९,६६३ | ३०१ | - | ९,९६४ | ९१.१ | ७३.३ | ० | ९०.४ |
| ३५७ | सिंचाइ मन्त्रालय | १८,५५२ | २५५,५०७ | - | २७४,०५८ | १५,५४२ | ३२८,७५५ | - | ३४४,२९७ | ८३.८ | १२८.७ | ० | १२५.६ |
| ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ४३,८३५ | ५,९२९ | - | ४९,७६४ | ४२,६१५ | २,६११ | - | ४५,२२६ | ९७.२ | ४४.० | ० | ९०.९ |

| संकेत | मन्त्रालय | विनियोजन | | | | खर्च | | | | बजेटको तुलनामा खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ५२७,६८२ | २९०,८५७ | - | ८१८,५३९ | ४२५,१५४ | १६४,२९४ | - | ५८९,४४८ | ८०.६ | ५६.५ | ० | ७२.० |
| ३७० | स्वास्थ्य मन्त्रालय | २५८,८१३ | ५८,९९८ | - | ३१७,८११ | २०६,८७६ | ६६,८२७ | - | २७३,७०३ | ७९.९ | ११३.३ | ० | ८६.१ |
| ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ९,४७१ | १,९५१ | - | ११,४२२ | ८,०४३ | १,६२६ | - | ९,६६८ | ८४.९ | ८३.३ | ० | ८४.६ |
| ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | १२,३२३ | ७३० | - | १३,०५४ | ९,९२१ | ३४३ | - | १०,२६४ | ८०.५ | ४७.० | ० | ७८.६ |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | - | - | ८३०,३९० | ८३०,३९० | - | - | ५६८,९७० | ५६८,९७० | ० | ० | ६८.५ | ६८.५ |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २६२,४४६ | - | २००,४७९ | ४६२,९२४ | १२३,८६९ | - | ३७०,८४६ | ४९४,७१५ | ४७.२ | ० | १८५.० | १०६.९ |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३९,८०५ | - | २९०,३९८ | ३३०,२०३ | ३३,१५४ | - | १५९,३९४ | १९२,५४८ | ८३.३ | ० | ५४.९ | ५८.३ |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ५,७४९ | - | ३५,१२७ | ४०,८७६ | ५,४५० | - | २६,४९८ | ३१,९४८ | ९४.८ | ० | ७५.४ | ७८.२ |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ६०८,३३० | - | - | ६०८,३३० | ४२०,०४८ | - | - | ४२०,०४८ | ६९.० | ० | ० | ६९.० |
| ६०२ | अर्थ मन्त्रालय- विविध | ५५१,३५४ | १४१,७३० | - | ६९३,०८४ | ८,७९३ | - | - | ८,७९३ | १.६ | - | ० | १.३ |
| ७०१ | प्रदेश | ७१,४३५ | - | - | ७१,४३५ | ७१,४५५ | - | - | ७१,४५५ | १००.० | ० | ० | १००.० |
| ८०१ | स्थानीय तह | २,२५०,५४६ | - | - | २,२५०,५४६ | २,३४०,१०२ | - | - | २,३४०,१०२ | १०४.० | ० | ० | १०४.० |
| | जम्मा | ८,०३५,३१५ | ३,३५१,७६० | १,४०२,८७४ | १२,७८९,९४९ | ६,९६९,१९६ | २,७०७,१३७ | १,१७०,४८८ | १०,८४६,८२० | ८६.७ | ८०.८ | ८३.४ | ८४.८ |

# परिच्छेद- ४

# उपसंहार

नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका क्रममा आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारबाट भए गरेका कार्यहरुबाट हासिल भएका प्रगति एवम् सुधारका उपलब्धिहरुलाई यस प्रतिवेदनले समेटेको छ । बिगत लामो समयदेखिको राजनीतिक संक्रमणकालको अन्त्य भई स्थिर सरकारको गठन भएको छ । विद्यमान सरकारको ध्यान मुलुकको समृद्धि र विकासमा केन्द्रित भएको छ । सरकारले अङ्गीकार गरेका वार्षिक विकास योजना तथा बजेट अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि उपलब्ध स्रोतसाधनहरुको समानुपातिक बाँडफाँड गरी सन्तुलित राष्ट्रिय विकासको अभियानमा सरकार निरन्तर लागि परेको छ।

प्रतिवेदन अवधिमा संविधान कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा निर्वाचन सम्पन्न गर्ने महत्वपूर्ण अभिभारा सम्पन्न भएको छ । सङ्घीयताको भावना र मर्म अनुरुपको सरकारका नीति, कानून, संरचना एवम् कार्यविधिहरुको निर्माण संशोधन तथा परिमार्जन गर्ने कार्यलाई तीव्रता दिइएको छ । यसै अवधिमा उच्च आर्थिक वृद्धि दर हासिल हुनुका साथै शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रमा अपेक्षित सुधारहरु भएका छन् । शासकीय सुधारका क्षेत्रमा अनुभूतियोग्य कदमहरु चाली देशले विकासको गति लिएको छ।

आर्थिक वर्ष २०७४/७५ मा सरकारले नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका क्रममा सामना गर्नुपरेका बाधा, व्यवधान तथा व्यवहारिक कठिनाइहरुलाई पाठका रुपमा ग्रहण गरी सोही क्रममा देखिएका चुनौतिहरुलाई अवसरका रुपमा लिई आगामी दिनमा नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा थप प्रभावकारिता अभिवृद्धि गर्दै जाने र उपलब्ध सीमित स्रोत साधनको महत्तम उपयोग गरी समृद्ध नेपाल र सुखी नेपालीको महाअभियानलाई व्यवहारमै साकार पार्न सरकार अझ प्रतिबद्ध भई अगाडि बढ्नेछ ।

# अनुसूची

**मन्त्रिपरिषद् बैठकः**

- प्रस्ताव दर्ता : १,४४०
- मन्त्रिपरिषद् बैठक : ६५
- मन्त्रिपरिषद् निर्णय : १,४७६

**मन्त्रिपरिषद् समिति बैठक विवरण :**

- मन्त्रिपरिषद् विधेयक समिति : बैठक संख्याः ९, निर्णय संख्या : २८
- मन्त्रिपरिषद् सामाजिक समिति : बैठक संख्याः ७, निर्णय संख्या : १०
- मन्त्रिपरिषद् प्रशासन समिति : बैठक संख्याः ५, निर्णय संख्या : २५
- मन्त्रिपरिषद् आर्थिक पूर्वाधार समिति : बैठक संख्याः २, निर्णय संख्या : ३

**मन्त्रिपरिषद्का विभिन्न समितिबाट निर्णय भएका मुख्यमुख्य विषयहरु :**

✓ ऐन : १
✓ नियमावलीहरू : १०
✓ मापदण्ड : १
✓ निर्देशिका : १

**ऐन**

- राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकलाई व्यवस्थापिका संसद्समक्ष पेश गर्न स्वीकृति दिने।

**नियमावलीहरू**

- दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ स्वीकृत गर्ने।
- विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ स्वीकृत गर्ने।
- निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (सातौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने।
- निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने।
- खोप नियमावली, २०७४ स्वीकृत गर्ने,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (छैठौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने।
- पर्वतारोहण सम्बन्धी (पाँचौ संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने।
- सैनिक प्राड सेवा नियमावली, २०७४ स्वीकृत गर्ने।
- सैनिक हवाइ सेवा नियमावली, २०७४ स्वीकृत गर्ने।
- सैनिक विविध सेवा नियमावली, २०७४ स्वीकृत गर्ने।

**मापदण्ड :**

- सार्वजनिक संस्थान र सरकारी स्वामित्वमा भएका समिति, बोर्ड, कम्पनी तथा संस्थानहरुको नाममा रहेको घर/जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गर्ने।

**निर्देशिका :**

- विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने।